

फ्रेडरिक एंगेल्स

# विषय–सूची


| विषय | | पृष्ठ |
|---|---|---|
| नेपाली संस्करण को भूमिका (१९७४) | ... | ६ |
| १८७२ को जर्मन संस्करण को भूमिका | ... | १५ |
| १८८२ को रूसी भाषा को संस्करण को भूमिका | ... | १८ |
| १८८३ को जर्मन संस्करण को भूमिका | ... | २१ |
| १८८८ को अंग्रेजी संस्करण को भूमिका | ... | २२ |
| १८९० को जर्मन संस्करण को भूमिका वाट अन्तिम प्यारा | ... | ३० |
| १८९२ को पोलिश संस्करण को भूमिका | ... | ३१ |
| १८९३ को इटालियन संस्करण को भूमिका | ... | ३४ |

## कम्युनिष्ट पार्टी को घोषणापत्र

| | | |
|---|---|---|
| I पूंजीपति र मजदूर | — | ३८ |
| II सर्वहारा वर्ग र कम्युनिष्टहरू | ... | ५७ |
| III समाजवादी र कम्युनिष्ट (साम्यवादी) साहित्य | | |
| (१) प्रतिक्रियाबादी समाजवाद | | |
| (क) सामन्ती समाजवाद | ... | ७० |
| (ख) निम्न पूंजीवादी समाजवाद | ... | ७२ |
| (ग) जर्मन अथवा 'सच्चा समाजवाद' | ... | ७४ |
| (२) कट्टर पन्थी वा पूंजीवादी समाजवाद | ... | ७८ |
| (३) आलोचनात्मक-काल्पनिक समाजवाद र कम्युनिज्म | ... | ८० |
| IV आजकल को विभिन्न विरोधी पार्टीहरूको सम्बन्धमा कम्युनिष्टहरूको स्थिति | ... | ८५ |

# नेपाली संस्करण
# को
# भूमिका (१९७४)

कार्ल मार्क्स र फ्रेडरिक एंगेल्स द्वारा लेखिएको कम्युनिष्ट पार्टी को घोषणांपत्र विश्व कम्युनिष्ट आन्दोलन को निम्ति सव भन्दा महत्वपूर्ण कृति हो। यो एउटा साधारण कम्युनिष्ट साहित्य मात्र नभै सवभन्दा मुख्य मार्गदर्शक, एक प्रकाश गृह हो, यस्को प्रकाशमानै विश्व कम्युनिष्ट आन्दोलनले सही बाटो पक्री आ-आफ्नो देशमा सफलता पूर्वक कम्युनिष्ट आन्दोलनलाई अगाडि बढाउदै छन् । यो घोषणापत्र सन् १८४८ को जनवरीमा (अर्थात् विक्रम सम्बत् १९०४ को माघ महिना तिर) लेखिसिध्याएर छपाउन को निम्ति पठाइसकेको थियो। यसरि यो घोषणापत्र लेखिएको १२६ वर्ष नाघिसक्यो। यस वीचमा विश्वको परिस्थितिमा अनेक उलटफेर आइसकेकोछ। यसलाई लिएर कसै कसै को, खास गरी पूंजीपति वर्ग र तिनका दलालहरु जो आफुलाई प्रगतिशील भनेर पनि व्यवहारमा पूंजीवाद को सेवामा अर्पण गरेर आएकाछन्, उनिहरुको भनाई छ, मार्क्सवाद पुरानो भई सकेको छ र यसमा लेखिएको कतिपय कुराहरू आज फेल खाई सकेको छ।

उनिहरू भन्छन् मार्क्सले भनेका थिए कि विश्वमा एकै पटक क्रान्ति हुन्छ र सवभन्दा पहिले क्रान्ति वेलायत, फ्रांस, जर्मनी जस्तो बिकसित पूंजीवादी देशहरूमा हुनेछन् : तर यो क्रान्ति ती देशहरूमा नभै सर्व प्रथम रूसमा भयो र एउटै देशमा पहिले भयो"

यी कुराहरू पूंजीपति वर्ग को बौखलाहट र विलीना मात्र

हुन् अथवा मार्क्सवाद फेल भयो भन्ने कुरोको प्रमाण हो ? निश्चय पनि उक्त कुरोहरूले मार्क्सवाद फेलभयो भन्ने प्रमाणित गर्दैन र ती कुराहरू मार्क्सवाद को सफलतामा उनिहरू को बौखलाहट पूर्ण प्रलाप को प्रमाण मात्र हो । मार्क्सवाद फेल भएको भए न सोवियत संघ को स्थापना हुने थियो नत आज सम्ममा विश्व का एक तिहाई भाग भन्दा बढी देशहरूमा कम्युनिष्ट व्यवस्था स्थापना भइसक्ने थियो । कारण विश्व को तमाम कम्युनिष्टहरूले मार्क्सवाद लाई नै आफ्नो तमाम कार्वाई को आधारभूत सिद्धान्त बनाएर काम गरेर आएका हुन् ।

जहां सम्म रूसमा सर्व प्रथम किन क्रान्ति भयो र बेलायत इत्यादिमा क्रान्ति भएन भन्ने सवाल छ, मार्क्सले नै विश्व का क्रान्तिकारीहरूलाई सिकाएका थिए कि विश्वको हर चीज परिवर्तनशील छ र यसै निम्ति विभिन्न देशहरूको राष्ट्रीय स्थिति तथा अन्तर राष्ट्रीय स्थिति पनि परिवर्तनशील छ । यसै निम्ति मार्क्सले एउटै स्थितिमा मात्र लागु हुने सिद्धान्त बनाएर गएको होइन. परिवर्तित स्थितिमा कसरि काम गर्ने हो भन्ने कुरो पनि देखाएर गएका थिए । यस कारण महान लेनिनले कठमुल्लावादलाई अपनाएर बदल्दो स्थिति को वास्ता नगरी मार्क्स को सूत्रहरू कण्ठ गरी मूर्ख-पंण्डितहरू ले कामगरे झैं काम गरेनन् नत लेनिनले त्यो मूर्ख लडका झैं बावुले सिधै जाउ भनेको हो भनी बीच बाटो मा उभिएको तार को रूख पनि चढेर नाघेर जाने प्रयास गरे ।

मार्क्स को जमानामा बिभिन्न देशहरूले पूजीवादको विकास गरेर गइरहेको थियो, लेनिनले रूसमा क्रान्ति गरेको बेला सम्म ती पूंजीवादी देशहरू पूंजीवादी मात्र नभै साम्राज्यवादमा परिणत भइसकेका थिए र विश्व को अनेकौं अविकसित मुल्कहरू माथि कब्जागरी ती देशहरु लाई शोषण गरी यसै पैसा बाट आ-आफ्नो देश को मजदूरहरू को जीवनस्तरलाई पनि तुलनात्मक रूपले केहि हद सम्म ऊंचा पार्न सकेका थिए । साम्राज्यवादीहरू को ताकत आफ्नै देश सम्म सीमित नभै विभिन्न देशहरूमा फैलिसकेका थिए र एक देश को



जनतालाई कुचल्न अरु देशहरू को जनतालाई प्रयोग गर्न सक्ने हालतमा थियो ।

मार्क्स को मृत्यु पछि विश्व को बदल्दो स्थिति लाई महान लेनिनले देखे र लेनिनले भने, "अब क्रान्ति विश्व भरि एकै पटक नभै अथवा साम्राज्यवाद मा परिणत भई सकेको बेलायत, फ्रान्स, जर्मन जस्तो विकसित पूंजीवादी मुल्कहरूमा नभै क्रान्ति तहाँ हुनेछ जहां साम्राज्यवाद को कडि सवभन्दा कमजोर छ । लेनिनले भने रूस सवभन्दा कमजोर साम्राज्यवादी मुल्क भएको हुंदा अब क्रान्ति सर्व प्रथम बेलायत जस्तो देशहरूमा होइन, रूस जस्तो देशमा हुनै छ र एउटै देशमा पनि अब क्रान्ति सम्भवछ ।

लेनिनले मार्क्सवाद को खण्डन गरेर होइन, मार्क्सवाद को सार तत्व लाई पक्रेर ऐतिहासिक रूपले बदल्दो परिस्थितिमा यस अनुरूप यसको विकास गरेर नै यस नया प्रस्थापना लाई अगाडि बढाएर रूस को क्रान्ति सफल बनाउन सके । रूस को क्रान्ति को तयारिकोदौरानमा लेनिनवाद को जन्म भयो र मार्क्सवाद-लेनिनवाद विश्वकम्युनिष्ट आन्दोलन को मार्ग दर्शक को रुपमा देखा परे । लेनिनले मार्क्सवाद को सार पक्री मार्क्सवादलाई अझ विकसित गरे ।

मनमौजी ढङ्गले मार्क्सवादलाई पुरानो भो भनि त्यागेरहोइन, मार्क्सवाद को आत्मालाई पक्रेर नै कम्युनिष्ट आन्दोलनलाई सही ढङ्गले अगाडि बढाउन सकिने छ । मार्क्सवादलाई जहां चाह्यो वहां मोड्यो, यसलाई मार्क्सवादलाई विकास गरेको भन्न सकिन्न यस्तो कार्यलाई संन्सोधनवाद नै भनिन्छ । संशोधनवाद दक्षिणपन्थी र वामपन्थी दुवै हुँन शक्त छन् । संशोधनवाद को मूल पहचान हो, जुन विचारधाराले विश्व-पूंजीवाद, साम्राज्यवाद अथवा विश्वप्रतिक्रियाबाद कै सेवा गर्दछ र विश्वप्रतिक्रयावादी व्यवस्था अथवा पूंजीवादी, सम्राज्यवादी व्यवस्था को जीवनलाई अझ लामो अवधि सम्म जिउने मौका दिन्छ ।

दक्षिणपन्थी संशोधनवाद र वामपंथी उग्रवाद बाट बचाए-

रनै विश्व-कम्युनिष्ट आन्दोलन दृढता का साथ अगाडि बढ़नेछ ।

मार्क्सवादको मूल सिद्धान्त र यस्को आत्मालाई पक्रेर नैं विश्व कम्युनिष्ट आन्दोलनले दक्षिणपंथी सुधारबाद र वामपन्थी उग्रवाद बाट बचेर सही बाटो पक्री अगाडि बढने काम गर्दछ ।

यसै निम्ति हरेक कम्युनिष्टले मार्क्सवाद को विकास भनेको केहो र मार्क्सवाद बाट मुख मोडी आएका नकली सिद्धान्तहरू र संशोधनवाद भनेको केहो भन्ने कुरामा स्पष्ट हुनु जरूरिछ ।

मार्क्सवाद को विकास कसरि गरिन्छ भन्ने कुरो को उदाहरण लेनिनले हाम्रो अगाडि राखे । अब पूंजीपति का दलालहरू लेनिन कै उदाहरणहरू गलत ढङ्गले दिएर यात हामीलाई संसोधनवादमा फंसाउन चाहन्छन् अथवा सकभर मार्क्सवाद पुरानो भो भन्ने भ्रम दिएर मार्क्स-वाद बाट मुख मोडाएर हामीलाई नकली सिद्धान्तहरू पक्राउन चाहन्छन् ।

तर याद गर्नु पर्ने कुरो हो चाहे दक्षिणपन्थी संशोधनवाद होस् अथवा वामपन्थी उग्रवाद (जो पनि अर्को प्रकार को संसोधनबाद हो र जसबारे लेनिनले एउटा सिंगै किताब "वाम पन्थी उग्रवाद बचकाना रोग" लेखेर हामीलाई बाटो देखाएका छन्) अथवा नकली सिद्धन्तहरू जस्तो "नया बाम मार्गी या नया बामपन्थीहरू सार्ट्रवादीहरू, कल्याण-कारी राज्यको कुरा गर्नेहरू, प्रजातांत्रिक समाजवादीहरू : जसले समाजवाद को कुरा गर्दा गर्दै पूंजीवादी प्रजातन्त्र संग यसलाई जोडेर अन्तत्वगत्वा पूंजीबाद कै सेवा गर्छन् र भरसक साम्राज्यवादीहरू संग पनि आफ्नो नाता जोडेर उनिहरू द्वारा आफ्नो देश को शोषण गराउन हिचकिचाउंदैनन्) इत्यादि, प्रति राम्ररि सजग हुन सकेन भने हामीलाई पथ भ्रष्ट गरी हाम्रो क्रान्तिलाई नै तहस नहस गर्न सफल हुनेछन् ।

यसैनिम्ति हरेक कम्युनिष्टले मार्क्स र एंगेल्स द्वारा लिखित यो घोषणा पत्र र अनि गएर मार्क्स को द्वन्दात्मक भौतिकवाद ऐतिहासिक भौतिकवाद इत्यादि विभिन्न कृतिहरूलाई राम्ररि अध्ययण गर्नु जरूरिछ ।



यसरिनै हामीहरूले मार्क्सवाद को मूल आत्मालाई पक्रन सक्ने छौं । अनि हर कम्युनिष्टले आफ्नो देश को ऐतिहासिक स्थिति को राम्रो विश्लेषण गरी यसलाई अध्ययण गरेर र साथै अन्तर राष्ट्रीय स्थिति को पनि अध्ययण गरेर मार्क्सवादलाई सही ढङ्गले प्रयोग गर्न सक्ने छ ।

तसर्थ कम्युनिष्टहरू नत मार्क्सको एक-आध उक्तिहरू कण्ठ गरी कार्यगर्ने कठमुल्लावादीहरू हुन् नत मार्क्सवाद पुरानो भैसक्यो भन्ने बहानामा धामी झाक्रेले विज्ञान को वेवास्ता गरें झैं मार्क्सवादलाई वेवास्ता गरी काम गरी मेहनतकश जनतालाई धोखा दिनेहरू हुन् । कम्युनिष्टहरूले मार्क्सवादको सारतत्व लाई पक्री हर देशको राष्ट्रीय स्थिनि र अन्तर राष्ट्रीय स्थिति लाई पक्री उनिहरूलाई राम्ररि केलाएर शोषित र पददलित देशहरू लाई शोशक र अत्याचारीहरू को हात बाट मुक्तगर्ने कार्य गर्छन् ।

मार्क्सवादले विकसित समाजवादी देशहरूमा कसरि साम्यवादी व्यवस्था स्थापना गर्ने हो भन्ने बाटो देखाउंछ भने सामन्ती व्यवस्थाले जकिएको अविकसित देशहरू अथवा उपनिवेशबाद र नव-उपनिवेशबाद को फण्डामा फँसेको र विदेशी पूंजी को शोषणमा जकडिएको अविकशित देशहरूले कसरि सामन्ती शोषण दमन बाट मुक्त हुनेहो अथवा उपनिवेश वाद, नव उपनिबेशवाद पूंजीवाद र विदेशी पूजी को चंगुल बाट उम्की द्रूत गति ले समाजवाद मा जाने हो भन्ने बाटो देखाउं छ । निश्चय नै जुनबेला विश्वमा साम्राज्यवादको जन्म भएकोथिएन र पूंजीवाद को विकास भईरहेको थियो सामन्ती व्यवस्थालाई खतम गरी पूंजीवादी प्रजातन्त्रको निम्ति पनि लड़ने कुरो मार्क्सले देखाएको थियो, तर यस बेला पनि कम्युनिष्टहरूलाई मजदूरबर्ग को लक्ष्यलाई बिर्सेर काम गर्ने शिक्षा मार्क्सले दिएनन्, र बरू मजदूर वर्ग को लक्ष्लाई एक मिनट पनि विर्सनु हुन्न भन्ने नै सिकाए ।

मार्क्सवादले हाम्रो नाक अगाडि को कुरा मात्र नसिकाई निरन्तर वदल्दो ऐतिहासिक स्थितिमा पनि कसरि काम गर्ने हो भन्ने कुरो पनि

सिकाउंछ र मार्क्सवाद को यही देन हो। कुनैपनि शोषक वर्ग शोषण व्यवस्थालाई खतम गर्ने पक्षमा हुंदैनर उनिहरू आफ्नो शोषण व्यवस्था को रूप रङ्ग बद्ली यस्लाई चिरस्थाई नै बनाउन चाहन्छन्। यसै निम्ति इनिहरू मार्क्सवादलाई पुरानो भयो भनि यसलाई छोड़ने र छोडाउने काम गर्छन्। इनिहरू राष्ट्रीय परम्परा को नाउंमा, आफ्नो हवा-पानी-माटो सुहाइंदो व्यवस्था को नाउंमा शोषण व्यवस्था को रूप रङ्ग बद्ली यस व्यवस्थालाई चिरस्थायी बनाएर जनता को जीवन बर्बाद गर्नेनै काम गर्दछन्। तर विज्ञान विरोधी धामि झाक्रहरूझैं ईनिहरू को हातमा असफलता सिवाय अरू पर्ने छैन र इनिहरू खतम भएर जानु करै लाग्छ। प्राकृतिक विज्ञान अगाडि बढे झैं सामाजिक विज्ञान को रूपमा मार्क्सवाद पनि अगाडिनै बढेर गइरहेकोछ र निरन्तर विकास गर्दै गइरहेकोछ।

मार्क्सवादले दिएको द्वन्द्वात्मक भौतिकवादी दर्शन को एक प्रमुख बूंदा हो संसार को कुनै चीज अचल र स्थिर छैन। हरेक बस्तु परिवर्तन शील छ। यसै निम्ति विभिन्न देशहरूको राष्ट्रीय स्थिति अथवा अन्तर राष्ट्रीय स्थिति पनि परिवर्तनशील छ र यी परिवर्तनहरू को साथै कम्युनिष्टहरूले आफ्नो राजनीतिक लाइन पहिल्याएर काम गर्नु आवश्यक छ। कुनै देश को राजनीतिक स्थिति अथवा अन्तर राष्ट्रीय स्थिति मात्र होइन ज्ञान पनि स्थिर र अचल छैन। ज्ञान पनि निरन्तर चलायमान छ र विकास गर्दै गएको हुन्छ।

जहां सम्म पुरानो को सवाल छ। सूर्य तथा स्वयम् पृथ्वी जसमा हामिहरू जन्मेका छौं सबभन्दा पुराने वस्तु हो तर के त्यसो भनि यो सूर्य, यो पृथ्वी १० साल अगाडि बनेको टेब्ल-कुर्सी भन्दा पनि पुरानो र काम नलाग्ने भयो ? अथवा यो सूर्य हिजो जन्मेको जुनकिरी भन्दा पुरानो भयोत ? स्पष्टत: सवाल कुनकुरो कति दिन पुरानो भयो भन्ने होइन खास गरिकन सिद्धान्त को सवालमा नया र पुरानो भन्नाले कुरो टुङ्गिंदैन। आज कतिपय नया नया भ्रमात्मक सिद्धांन्तहरू साम्राज्यवादीहरू तथा तिनका तहलुवाहरूले निकालेका छन् यस निम्ति कि उनिहरूले



मार्क्सवादलाई खतमगरी यस्को ठाउं लिन सकोस्।

तर ई नकली सिद्धान्तहरू एक पछि अर्को असफल भई गिर्दै गए। तर अर्कोतिर दिन बित्ता को साथ मार्क्सवाद को सत्यता झ झं प्रमाणित भएर आएको छ। मार्क्सवाद पुरानो हुने सट्टा झं झं तेजिलो धारदार भएर आइरहेकोछ र यस्ले विश्व को तमाम शोषित र पद दलित जनतालाई अचूक बाटो देखाउंदै गइरहेकोछ र मार्क्सवाद को प्रकाशमा नै आज विश्व को एक-तिहाई भन्दा बढता जनताले आफुलाई सामन्तवाद, विश्व-पूंजीवाद र साम्राज्यवाद को हात वाट मुक्त गरी आ-आपनो देशलाई प्रगति का बाटो मा लैजान सफल भएकोछ र ती देशहरू आज आर्थिक, राजनैतिक, सामाजिक तथा सांस्कृतिक संकटहरू बाट मुक्त छ। अर्कोतिर जस्ले पनि मार्क्सबाद प्रति आंखा चिम्ली भ्रमात्मक सिद्धान्तहरूलाई अगाडि बढाएर आफ्नो ढङ्ग वाट समाज निर्माण गर्न चाहे उनिहरूले मेहनतकश जनतालाई धोखा नै दिने काम गरेकाछन् र अन्तत्वःगत्वा शोषक वर्ग कै एक न एक रुपमा सेवा गर्दै छन् र फल स्वरूप मार्क्सवाद वाट मुख मोडने हर सरकारले आ-आफ्नो देशमा आर्थिक, राज नैतिक, सांस्कृतिक व सामाजिक संकट थुप्राइ दिएका छन्, जनतालाई महंगाई, बेकारी, भूखमरी को घेरावन्दी मा हालिदिएकाछन्।

के बेलायत, के अमेरिका, के फ्रान्स सबै जसो पूंजीवादी मुल्कहरूमा आर्थिक संकट को साथै राजनैतिक संकट पनि बढदै छन्। अमेरिका को वाटरगेट काण्ड पूंजीवादी दुनियामा आउंदो राजनैतिक संकट को टूफान को एक सूचक मात्र हो। जहाँ आर्थिक र राजनैतिक संकट छन् वहाँ निश्चित रूपले सांस्कृतिक संकट पनि स्वाभाविकै हो। आज पूंजीवादी देशहरूमा पढ़ेलेखेका पाकेटमारहरु काला बाजारीहरु को कमि छैनन्। मार्क्स को जमानामा कम्युनिष्ट समाज कहिं कतै थिएन। मार्क्स को यो भविष्यवाणी मात्र थियो। तर आज १२६ बर्ष को बीचमा विश्व को एक तिहाई भाग मा

मार्क्सले देखाएको बाटो पक्री कम्युनिष्ट देशरू को निर्माण भएकोछ । ती देशहरुमा निश्चित रूपले आज सबै जनता को जीवन सुनिश्चित सुरक्षित भएको छ, जनता को मेहनतवाट उत्पन्न सबै प्रकार को सुख सुविधा जनताले नै भोग गरिरहेकाछन् । न वुढेसकालमा केटा केटी छैन कस्ले हेर्ला भन्ने डर, न बालक कालमा आमा वावु छैन कसले खुवाउला पढाउला, लेखाउला, हेर्चाह गर्ला भन्ने समस्या, न जवानहरूलाई काम छैन के गर्ने कसो गर्ने भन्ने सवाल ई देशको जनताहरूको अगाडि छ । गर्भमा बसे देखि मरण पर्यन्त सबै को जीवन निश्चिन्त, सुखी र सम्पन्न छ ।

आज दिन दूना रात चौगुणा बढ्दै गइरहेको समाजवादी खेमा भित्रको देशहरुको आर्थिक, राजनैतिक, सामाजिक र सांस्कृतिक स्थितिहरु ले मार्क्सवादलाई एक अटल रुपले सत्य सिद्धान्त को रुपमा प्रमाणित गरेको छ ।

एंगेल्स ले १८७२ को जर्मन संकरण को भूमिका को दोश्रो प्यारा को मुरू को लाइनमा लेखेका थिए, "विते को २५ वर्षहरू मा परिस्थिति चाहे जतिसुकै बद्लेको होस्, तर घोषणापत्र को आम सिद्धान्त समग्र रुपमा हेर्ने हो भने यो आज पनि उत्तिकै सही छ जति पहिले थियो । घोषणा-पत्र छापेको आज २५ वर्ष होइन १२६ वर्ष भई सक्यो फ़ेरि पनि एंगेल्स को उक्ति उत्तिकै ताजा र सही छ । मार्क्स को जमानामा कयुनिस्ट समाज एक सम्भावना मात्र थियो । यस सम्भानालाई कसरि व्यवहारिक रूप दिने हो भन्ने वाटो स्पष्ट र सही ढङ्गले मार्क्सले देखाए । मार्क्सवादले देखाएको वाटोलाई पक्री अझ यसलाई विकसित गर्दै लेनिन को नेतृत्वमा १९१७ मा अक्टोबर (आजकल को नोवेम्बर ७ ता० तिर) क्रान्ति गरी बिश्व को एक छठा भागमा सर्व प्रथम कम्युनिष्ट समाज को स्थापना भयो। त्यस पछि आज सम्ममा विश्व को एक तिहाई भन्दा बढी जनताले कम्युनिष्ट समाज को स्थापनागरी यस समाजमा आफ्नो जीवन यापन गर्दै छन् । कम्युनिष्ट समाज आज वास्तविक सत्य को रूपमा हाम्रो सामुखडा छ र आज यो विश्व को एक तिहाई भन्दा बढता भागमा स्थापना भई सके



[illegible] शुक्ल पक्ष को चन्द्रमा झैं यो समाज बढ्दै छिटै यो एक मात्र विश्व-व्यापक व्यवस्था को रूपमा स्थापना हुने वाटोमा गईरहेको छ ।

लेनिनले नया परिस्थितिमा नया कुरो देखाएर मार्क्सवाद को खण्डन होइन, मार्क्सवाद को विकासनै गरेको छ। स्पस्टतः मार्क्सवाद कठमुल्लावाद होइन, यो हाम्रो कार्यमा मार्गदर्शक हो। यसै निम्ति हामीले मार्क्सवाद को गहिरो अध्ययरण गरौं। मार्क्सवाद-लेनिनवाद को साथै विभिन्न क्रान्तिकारी नेताहरू को कृति लाइ गहिरो सित अध्ययरण गरौं, विभिन्न देशहरु को क्रान्तिकारी आन्दोलन को अनुभवहरु बाट सिकौं, विश्व का महान कम्युनिष्ट नेताहरू को अनुभव बाट पनि सिकौं र अनि आफ्नो देश को राष्ट्रीय तथा अन्तर राष्ट्रीय स्थितिको विश्लेषण गरी सही बाटो थम्याएर विश्व कम्यु-निष्ट आन्दोलन को एक अङ्ग को रुपमा आफ्नो देश को क्रान्तिकारी आन्दोलन लाई अगाडि बढाएर यस माथि विजय प्राप्त गरी नया समाज को निर्माण गरौं ।

मार्क्स को घोषणापत्र आज झन्दै विश्व को तमाम भाषाहरुमा उल्था भै सकेकोछ । नेपाली भाषामा पनि यसको अत्यन्त जरूरीछ । यो नेपाली भाषाको घोषणापत्र को माँग साथींहरू द्वारा थालेकोले यसलाई उल्था गरी देशवासी दाजू-भाई दिदी-बाहिनीहरू साथीहरू को सामु राख्ने कामभएको छ । घोषणापत्रलाई सबैले सजिलो संग बुझोस् भनि ब्राकेट (कोष्ठ) भित्र यसलाई स्पष्ट गर्न को निम्ति कहिं अघिल्लो शब्द वा वाक्य हरु को अर्थ लेखिएको छ भने कहिं कहीं अनुकूल शब्द थपिदिएको छ । ताकि विचार को शिलशिला सुचारू रूपले बुझन सकने होस् । हर काममा गलति हुन सक्त छ यसै निम्ति यो नेपाली भाषा को उल्ठा भएको घोषणापत्रमा कहिं कतै गलतिनै भएको छैन होला भनेर भन्न सकिन्न । तसर्थ सबै साथी भाई हरू संग अनुरोध गरिन्छ कि गलति भएको ठाउंमा सूचित गर्नु भएको खण्डमा त्यसलाई सम्पादन सकोस् र सबैले घोसणा पत्रलाई सहि ढङ्गले बुझी यसको सार पक्रन सकोस् ।

१४-११-७४

तुलसीलाल अमात्य

# १८७२ को जर्मन संस्करण को भूमिका

कम्युनिष्ट लीग मजदूरहरू को एक अन्तर राष्ट्रीय संगठन थियो त्यस बेला को परिस्थिति अनुसार यस संगठनले लुकी छिपी कन कामगर्नु पर्दथ्यो। यस संगठनको एक महाधिवेसन सन् १८४७ को नवम्बर महिनामा लदनमा भएको थियो। त्यस महाधिवेशनमा, सो संगठन (कम्युनिष्ट लीग) ले प्रकाशन को निम्ति हामिहरू (कार्ल मार्क्स र फ्रेडरिक एंगेल्स) लाई पार्टी को एक विस्तृत सैद्धान्तिक र व्यवहारिक कार्यक्रम तैयार गर्ने काम को जिम्मा दियो। यसरि यो घोषणापत्र को जन्म भयो। (फ्रान्स मा १८४८ को फ़ेब्रूअरी महिनामा एक क्रान्ति भएको थियो जो फेब्रूअरी-क्रान्ति को नाम ले विख्यात छ।) यस क्रान्ति को केहि हफ्ता अघि छाप्न को निम्त यस घोषणा पत्र को पाण्डुलिपी लन्दन पुरयाईयो।

सर्व प्रथम यो जर्मनी भाषामा छापियो। यही भाषामा यो घोषणापत्र जर्मनी, वेलायत र अमेरिका मा कम से कम १२ विभिन्न संस्करणहरूमा फेरि छापियो। अंग्रेजी भाषामा सर्व प्रथम यो १८५० मा "रेड रिपब्लिकान" पत्रिका मा लन्दनमा छापियो। यसलाई कुमारी हैलेन माक्फार्लेनले अंग्रेजीमा उल्था गरेकी थिईन्। १८७१मा कमसेकम तीन विभिन्न अंग्रेजी अनुवादहरू अमेरिकामा छापियो। १८४६ को जून महीनामा फ्रान्समा एउटा विद्रोह भएको थियो। यस विद्रोह को केहि समय अघि पेरिसमा फ्रेन्च भाषामा छापिएर हालसालै न्यूयार्क को "ली सोसलिस्ट" मा पनि फ्रेन्च भाषामा छापिए। अर्को नया अनुवाद पनि हुदैछ। यो जर्मन भाषामा सर्व प्रथम प्रकाशित भए पछि लन्दन वाट पोलिस (पोलैण्डको) भाषामा अनुवाद भई प्रकाशित भयो। यसै शताब्दि को सातवां दशक मा रूसीभाषामा अनुवाद भई यो जेनेवा वाट प्रकाशित भई निक्ल्यो।



यस को पहिलो प्रकाशन को तुरन्त पछि डेनिस भाषामा यसको अनुवाद भई प्रकाशित भयो।

यो घोषणापत्र निस्केको २५ वर्ष भयो। यस बीचमा स्वभावत: परिस्थिति धेरै बदलेकोछ तर यस घोषणापत्रमा दिईएको सिद्धान्त मूलत: आज पनि सहीछ, जति यो पहिले थियो। एकाध ठाउंहरूमा सानो-तिनो सुधार गर्न सकिन्छ। यस घोषणापत्रमा नैं भनिएको छ कि यस सिद्धान्तहरू को व्यवहार हर बखत हर ठाउमा आ-आपनो देश काल र परिस्थितिमा निर्भर गर्दछ। यसै कारण दोश्रो अध्याय को अन्तमा दिइएको कार्यक्रम लागु गर्ने कुरोमा विशेष जोड़ दिइएको छैन। आज को परिस्थितिमा त्यो भाग लेख्नु परे अर्कै ढङ्गले लेखिन्थ्यो। यो वितेको पच्चिस वर्षहरूमा आधुनिक उद्योग धन्धाहरू ज्यादै विकास भएकोछ। यसको साथै मजदूर वर्ग को पार्टी (कन्युनिष्ट पार्टी) को संगठन पनि अति विस्तृत र अति राम्रो भएर गएको छ। यी सव कुराहरू हेर्दा र खास गरी फ़ेवूअरी मा भएको क्रान्तिमा र त्यस पछि अझ पेरिस कम्यून को बेला जब विश्व को इतिहासमा सबभन्दा पहिलो पटक मजदूर वर्ग को हातमा २ महिना तक राजनीतिक शक्ति थियो (अर्थात २ महिना सम्म पेरिस, फ्रान्स को राजधानी मा शासन को बागडोर मजदूर वर्ग को हातमा आएको थियो।) ती बेला हरूमा व्यवहार द्वारा जो अनुभव प्राप्त भएको थियो त्यसले गर्दा यस कार्यक्रमको केहि भाग पुराना परिसकेको थियो। पेरिस कम्यून को अनुभवले एक कुरो खासगरि सावित गरयो। त्यो यो हो कि "मजदूर वर्ग ले राजसत्ता को पुरानो मशीन (पूंजीपति वर्ग द्वारा बनाइराखेको शासन-यन्त्र) माथि कब्जागरी मजदूर वर्गले आफ्नो निम्त उपयोग गर्न शक्तैन। (अर्थात पूंजीपति वर्ग द्वारा बनाइ राखेको सभा, अदालत, फौज, पुलिस इत्यादि को आधारमा मजदूर वर्ग को शासन चल्न शक्तैन) (हेर्नु होला "फ्रान्स को गृहयुद्ध" नामक पुस्तिका, अन्तर्राष्ट्रीय मजदूर संघ को जेनरल काउन्सील को अगाडि दिएको भाषण, लंदन, ट्रूलोव, १८७१, पृष्ठ १५) त्यसमा यो कुरो विस्तार पूर्वक सम्भाइएको छ। अनि यो पनि बिल्कुल साफ छ कि यसमा दिइएको समाजबादी साहित्य को आलोचना पनि आजको

दृष्टिले अधुरोनैछ, किन भने त्यसमा १८४७ सम्म को साहित्यलाई
लिइएकोछ यहि हाल चौथो अध्यायमा अरु विरोधी पार्टीहरू सँग
कम्युनिष्टहरू को सम्बन्ध को बारेमा छ । सैद्धान्तिक रुपले जुनकुरो
त्यस अध्यायमा भनिएको छ, त्यो अहिले पनि सहिछ, तर व्यवहारिक
दृष्टि ले त्यो पुरानो भइसके को छ, किनभने त्यस बेला देखि अहिले
सम्ममा राजनैतिक परिस्थिति बिल्कूल बदलिसकेकोछ । घोषणापत्रमा
जुन-जुन राजनीतिक पार्टीहरू को नाम लिइएको छ, त्यस मध्ये धेरै
जसो इतिहास को धाराले बहाएर खतम भएर गइसकेको छ, तर घोषणा
पत्र भने एक ऐतिहासिक कुरो बनिसकेको छ, जसलाई बदलने हामिलाई
कुनै हक छैन । अर्को संस्करणमा शायद एक भूमिका जोड्न सकिन्छ ।
जसमा १८४७ देखि आज सम्म को घटनाहरू माथि प्रकाश डाल्न
सकोस् । यस संस्करणलाई यति छिटो तयार गर्नु परे को छ कि
त्यस किसिम को भूमिका लेख्ने हामिलाई समयनै मिलेन ।

लन्दन, २४ जून, १८७२ — कार्ल मार्क्स, फ्रेडरिक एंगेल्स

# १८८२ को रूसी भाषा को संस्करण को भूमिका

बाकुनिनले रूसी भाषामा अनुवाद गरेको कम्युनिस्ट पार्टी को घोषणापत्रको पहिलो संस्करण ( १८वीं शताब्दी को ) सातवां दशक मा प्रकाशित भएको थियो । यसलाई कोलोकोल को छापाखानाले प्रकाशित गरेको थियो । पश्चिमी देश को मानिसहरू ले यसलाई त्यस बेला एक प्रकार को अनौथो साहित्य मात्र सम्झेको थियो । आज कसैले पनि यसलाई यसरि सोच्न सक्तैन ।

त्यस बेला (१८४७ को दिसेम्बर महिना तिर) मजदूर आन्दोलन को क्षेत्र बिल्कुल सीमित थियो । यस घोषणापत्र को अन्तिम भाग-विभिन्न देशहरू को विरोधी पार्टीहरूसंग को सम्बन्ध ले बिल्कुल साफ गर्दछ । यस भाग मा रूस र अमेरिका को कुनै नाउं पनि लिइए को छैन । कारण, त्यस बेला रूस यूरोप को प्रतिक्रयावादीहरू को अन्तिम र सब भन्दा ठूलो गढ़ थियो र यूरोप को अतिरिक्त मजदूरहरू (युरोप मा काम न पाएका मजदूरहरू) लाई अमेरिकाले आफ्नो यहां प्रवासिहरू को रुपमा भर्दै गएको थियो । यी दुवै देशहरू ले युरोप (को कलकार्खाना) लाई चाहिने कच्चा माल दिन्थ्यो र साथ साथै यूरोप को औद्योगिक पैदावार (अर्थात् यूरोप को विभिन्न देशहरू को कल कार्खानामा बने को माल सामानहरू) बेच्ने वजारको काम पनि दिन्थ्यो । यसै निम्ति, कुनै न कुनै रुपमा यी दुवैदेशहरू यूरोप को त्यस बेला को समाज व्यवस्था को आधार शीला बनेको थियो ।

तर आजकल स्थिति बिल्कुल बद्लिसकेको छ । यूरोप बाट गए

का मजदूरहरूले नै उत्तरी अमेरिकालाई व्यापक रूपले खेति को पैदावार को निमित्त जमीन तयार गरेको थियो र आज उही अमेरिका को प्रतियोगिताले यूरोपको सानो-ठूलो जमीन का मालिकहरू कांपी रहे का छन् । यस बाहेक, यसले गर्दा (अर्थात् यूरोप का मजदूर हरू तहां गए को हुंदा) अमेरिका ले आपनो ठुल-ठूला कल-कार्खानाहरू यत्ति को जोड़-टोड़ का साथ यत्ति व्यापक रूपमा विकास गर्ने मौका पाए, यसले गर्दा निश्चित रूपले पश्चिम यूरोप को खासगरी वेलायत को औद्योगिक क्षेत्रमा इजारेदारी (एक लौतेपन) खतम हुनेछ । ई दुबै कुरोहरूले गर्दा स्वयम् अमेरिकामा क्रान्तिकारी प्रतिक्रिया हुने छ । बिस्तार बिस्तारै सा-साना र मध्यम जमीन को मालिक किसान, जो नैं आज अमेरिका को पूरा राजनीतिक विधान को आधार हो, ठूल-ठूला फ़ारम (खेतहरू) संग प्रतियोगिता मा टिक्न नसकी खतम हुँदै गइ रहेको छ । साथ साथै औद्योगिक क्षेत्रमा पहिलो पटक मजदूरहरूको विशाल संख्या तथा बेशुमार पूंजी जबर्दस्त केन्द्रीकरण भएर गइ रहेको छ (अर्थात् मुट्ठीभर को हातमा पूंजी जमा हूंदै गइरहेको छ) ।

अब रूस ! १८४८-४९ को क्रान्ति को बेला उठे को मजदूरहरू बाट बच्न यूरोप को सामन्तहरूले मात्र होइन, यूरोपको पूंजीपति हरू ले पनि रूस को जारशाही को हस्तक्षेप को सरण लिन पुगेका छन् । रूस को जारशाहीलाई यूरोप को प्रतिक्रियावादी शक्तिहरू को मुखिया (नेता) भन्न थालेको थियो । आज उनि (जारशाही) गट-चीना मा क्रान्तिकारी युद्ध को कैदी बनेको छ र रूस यूरोपको क्रान्ति-कारी आन्दोलन को हिरावल (नेता) बने को छ ।

कम्युनिस्ट घोषणपत्र को उद्देश्य हो आजकल को पूंजीवादी सम्पत्ति (अर्थात्, मेहनतकश जनता लाई कामगरी खाने साधन बाट वञ्चित गरी यस्तो साधन को मालिक भएर बसे का चाहे दास समाजमा दास को मालिक होस् अथवा सामन्ती समाजमा सामन्ती सम्पत्ति को मालिक होस्, यस प्रकार को तमाम शोषकहरू को सम्पत्ति) को निश्चित रूपले नष्ट गर्ने घोषणा गर्द छ । तर रूसमा हामि यो देख्द छौं कि यहां छिटै बढन थालेको पूंजीवादी बेईमानी र



[illegible] जमीन व्यवस्था को साथ साथै आधा भन्दा बढी जमीन [illegible] किसानहरू को सम्मिलित अधिकार छ । यहां एक सवाल उठ [illegible] ग्रामीण सम्मिलित भू-स्वामी व्यवस्था–जो घेरै हद [illegible] जमीन माथि एक प्रकार को आदिकाल देखि [illegible] साजा मालिकत्व को एक रूप हो—सीधै साम्यवादी [illegible] को उच्चतर रूप लिन सक्ने छ ? अथवा यस को [illegible] खेतहरू पनि पश्चिम यूरोप को ऐतिहासिक विकास [illegible] छिन्न-भिन्न भएर जानु पर्ने छ ?

[illegible] एउटै जवाफ दिन सकिन्छ, त्यो हो, "रूस को क्रान्ति [illegible] यूरोप को देशहरू को मजदूर क्रान्ति को निम्ति [illegible] भने, यसले एक दोओलाई मदद गर्दै, रूस को आजकल [illegible] साजा स्वामित्व कम्युनिस्ट विकास को निम्ति एउटा [illegible] जग को काम गर्न सक्ने छ ।

[illegible], २१ जनवरी १८८२ — कार्ल मार्क्स, फ्रे० एंगेल्स

# १८८३ को जर्मन संस्करण को भूमिका

दुःख को कुरो छ कि यस संस्करण को भूमिका मैले एक्लैले दिनु परेको छ । मार्क्स, जस प्रति यूरोप र अमेरिका को मजदूर वर्ग सब भन्दा आभारी छन्, आज हाईगेट को कब्रगाह मा बिश्राम गरि रहेका छन् र बहां को चिहान माथि घांसहरू पनि उम्रन थालेका छन् । वहां को मृत्यु पछि यस घोषणापत्रलाई दोहरयाएर लेख्ने अथवा यसमा केहि थप-थाप गर्ने कुरो सोच्न पनि सकिन्न । तर यसै निम्ति यो कुरो झं आवश्यक हुन गए को छ कि निम्नलिखित कुरोहरूलाई एक पटक फेरि स्पष्ट गरौं ।

घोषणापत्र को मूल विचारधारा बिल्कुल पूर्णरूपले मार्क्स कै देन हो । यस विचारधारा अनुसार हरेक ऐतिहासिक युग को आर्थिक उत्पादन को तरीका र यसै बाट उत्पन्न हुने समाज व्यवस्था नै त्यस युग को राजनैतिक र बौद्धिक इतिहास को आधार हो । यसै निम्ति (जमीन माथि साजा स्वामित्व को आदिम व्यवस्था टुटेर गएपछि) आज सम्म को सबैं इतिहास वर्ग संघर्ष को इतिहास हो,सामाजिक विकास को विभिन्न अवस्थाहरूमा शोषक र शोषित र शासक र शासित वर्गहरू को बीच भएर आएको संघर्ष को इतिहास हो। यो संघर्ष अब एक यस्तो अवस्थामा पुगिसकेको छ, जसमा शोषित र पद दलित वर्ग, सर्वहारा वर्ग, आफुलाई शोषक र उत्पीडक वर्ग बाट त्यसै बेला मुक्त गर्न सक्ने छ जब शोषण, दमन र वर्ग-संघर्षहरू को अभिशाप बाट उनले सम्पूर्ण समाजलाई सधैं को निम्ति मुक्त गर्ने छ ।

यो कुरो मैले कयौं पटक पहिले भनिसकेको थियें । तर आज आवश्यक भए को छ कि यस लाई घोषणा पत्र को शुरू मानै छापौं ।

लन्दन, २८ जुन १८८३,

फ्रे० एंगेल्स,

# १८८८ को अंग्रेजी संस्करण को भूमिका

यो "घोषणा पत्र" "कम्युनिस्ट लीग" को कार्यक्रम को रुपमा प्रकाशित गरिएको थियो । 'कम्युनिस्ट लीग" मजदूरहरूको एक संगठन थियो । शुरुमा यो खालि जर्मन मजदूरहरूको एक संगठन थियो । पछि गएर यो अन्तरराष्ट्रीय संगठन बन्यो । र १८४८ भन्दा पहिले यूरोप को जुन परिस्थितिमा यो संगठन बनेको थियो त्यस बेला यो संगठनले एउटा गुप्त संस्था को रुपमा लुकी छिपी काम गर्नु सिवाय अरू बाटो थिएन । त्यस संगठन को लन्दनमा भएको सन् १८४७ को नवम्बर महिना को अधिवेशनमा मार्क्स र एंगेल्स लाई यो काम सुम्पियो कि वहांहरूले पार्टी को एक पूर्ण सैद्धान्तिक र व्यावहारिक कार्यक्रम प्रकाशन को निम्ति तयार गरोस् । १८४८ जनवरीमा जर्मन भाषामा लेखेर, फ्रान्समा २४ फरवरीमा भएको क्रान्ति को केहि हप्ता पहिले नै यसलाई लन्दन को एक छापाखानामा पठाइयो । जून १८४८ को विद्रोह भन्दा केहि समय पहिले पेरिसमा यसको एक फ्रांसीसी सस्करण प्रकाशित भयो । अंग्रेजीमा यसको पहिलो अनुवाद १८५० मा लन्दन मा जार्ज जूलियन हार्नें को "रेड रिपब्लिकन" पत्रमा छापियो । यो अनुवाद हेलेन मैक फार्लेन ले गरेकी थिई । डेनिश र पोलिश भाषाहरूमा पनि यसको संस्करणहरू प्रकाशित भई सकेको थियो ।

जून १८४८ को पेरिस विद्रोह ( फ्रांस को राजधानी पेरिसमा भएको विद्रोह) मा मजदूरहरू हारे । पूंजीपति वर्ग र सर्वहारा वर्ग को बीचमा यो पहिलो लडाई थियो । हारेपछि केहि समय सम्म

यूरोप को मजदूर वर्गको सामाजिक र राजनीतिक प्रगति पछिल्तिर धकेलियो। यसपछि फेरि, फरवरी क्रान्ति भन्दा पहिले जस्तै, प्रभूता को निम्ति एकमात्र संघर्ष धनी वर्ग को विभिन्न गुटहरू को बीच आपसमा नै चल्न लाग्यो। मजदूर वर्ग, मध्यम वर्ग को उग्रवादीहरू को सब भन्दा वामपन्थी अंग बन्यो, मजदूर वर्ग को लड़ाई केवल राजनीतिक सुविधाहरू पाउने लडाईमा सीमित हुन गयो। जहां-जहां स्वतन्त्र मजदूर आन्दोलन को ज्योति जलिराखेको थियो (अर्थात् जहां-जहां मजदूरहरू को आन्दोलन स्वतन्त्र रूपले देखा परे) वहां-वहाँ यसलाई निर्ममता का साथ दबाउने काम भयो। प्रशिया को पुलिसले कम्युनिस्ट लीग को केन्द्रिय बोर्ड (केन्द्रिय समिति) जो त्यस वेला कोलोनमा थियो, कोपछि लागेर यसको पत्ता लगाइ लियो। यसको सदस्यहरू पक्रिए। १८ महिना सम्म जेलमा राखिए पछि अक्तूबर १८५२ मा उनिहरू माथि मुकद्दमा चलाइयो। यो मुकदमा "कोलोन कम्युनिस्ट केस" भनी प्रख्यात छ। यो केस त्यस साल को ४ अक्तूबर देखि १२ नवम्बर सम्म चल्यो। सात जनालाई ३ साल देखि ७ साल सम्म को सजाय दिइयो र उनिहरूलाई एक किल्ला भित्र थुन्ने काम भयो। सजाय भए पछि बाकि बचे को सदस्यहरू ले "कम्युनिस्ट लीग" लाई नै भंग गरि दियो। त्यस पछि यस्तो लाग्यो कि "घोषणापत्र" लाई तेर-पुछ गर्ने अब कोई पनि हुने छैन र यो बेपत्ता भई जाने छ।

तर जब यूरोपको मजदूर वर्ग ले शासक वर्ग माथि फेरि प्रहार गर्ने शक्ति प्राप्त गरिलियो, तब फेरि अन्तरराष्ट्रीय मजदूर संघ पैदा भयो। यूरोप र अमेरिका को तमाम संघर्षशील सर्वहाराहरू लाई एकै संस्था भित्र संगठित गर्ने स्पष्ट उद्देश्यले यो संस्था स्थापना भएको थियो। यसै निम्ति "घोषणा पत्र" को सिद्धान्त लाई तुरन्तै अपनाउनु सम्भव थिएन। अन्तर्राष्ट्रीय संघ को निम्ति यो कुरो अत्यन्त आवश्यक थियो कि यस संस्थाले आफ्नो कार्यक्रम यसरि विस्तृत बनावस कि बेलायत को मजदूर संघ (ट्रेड यूनियन), फ्रांस, बेल्जियम, इटली र



…न मा "प्रौढोंवादीहरू" र जर्मन को "लासाल-पंथीहरू" सबैले यसलाई स्वीकार गर्न सकोस्। सबै पार्टीहरूले स्वीकार गर्ने खाल को यस कार्यक्रम को रचना गर्दा मार्क्सलाई मजदूर वर्ग को बौद्धिक विकास माथि पूरा विश्वास थियो। सम्मिलित कार्रवाई र विचारको आपसी आदान–प्रदान को फलस्वरूप मजदूर वर्ग को बुद्धि को विकास हुनु निश्चित थियो। पूंजी को विरोधमा लडाई लडदा घटेका घटनाहरू, यसको वांगोर्टिगो अनुभव, जीत को वेला भन्दा हार को वेला को अनुभवहरू इत्यादि को असर मानिसहरू को दिमागमा नपरी रहन सक्तैन जसको फलस्वरूप यो स्पष्ट हुन जानु स्वाभाविक हो कि उनिहरूले लियेको धारणाहरू र विचार पर्याप्त छैन। यो पनि असम्भव नै थियो कि ई कुराहरूले मजदूर वर्ग को उद्धार को सही पार्टी के हो भन्ने कुरो को वारेमा अझ राम्रो समझदारी को निम्ति वाटो तयार नगरोस्। र मार्क्स सही थियो। १८७४ मा गएर जब यो माथि उल्लिखित अन्तर्राष्ट्रीय संघ टूट्यो त्यस बेला मजदूरहरू को हालत त्यस्तो थिएन जो सन् १८६४ मा थियो। उनिहरू बिल्कुल फर्क भइ सकेको थियो। फ्रांसमा प्रूधौंवादीहरू को र जर्मनी मा लासाल-वादीहरू लोप हुंदै गई रहेको थियो। र वेलायत को घेरै जसो कट्टरपंथी मजदूर संघहरू घेरै अधिनै अन्तर्राष्ट्रीय संघ संग सम्वन्ध तोडी लिए को भएता पनि उनिहरू विस्तार विस्तारै यस कुरोतिर अगाडि बढि रहेको थियो जब कि गए को साल श्वानशीमा उनिहरू को अध्यक्षले उनिहरू को प्रतिनिधित्व गरी भनेका थिए, "यूरोप को समाजवाद हाम्रो निम्ति डरलाग्दो चीज रहन गएन।" सत्य कुरो यो हो कि "घोषणापत्र" को सिद्धान्त विभिन्न देशहरू को मजदूरहरू मा घेरै हद सम्म फैलिसकेको थियो।

यसरि "घोषणापत्र" आप-से-आप फेरि अगाडि आइपुग्यो १८५० देखि यता घोषणापत्र को जर्मन संस्करण स्वीजरलायण्ड, वेलायत र अमेरिका मा घेरै पटक छापियो। १८७२ मा यो न्यू-योर्कमा अंग्रेजी मा उल्था गरियो र 'उडहल र क्लाफिन' को साप्ताहिक मा छापियो।

यस अंग्रेजी संस्करण वाट न्यू-योर्क को ली-शोसियालिस्तमा फ्रान्स को भाषा मा उल्था भई छापियो। त्यस वेला देखि कम से कम दुइ पटक अरू अंग्रेजी मा उल्था गरी, अमेरिकामा छापियो र एउटा वेलायतमा फेरि छापियो। इनिहरू केहि हद सम्म गलत-सलत थियो पहिलो रूसी अनुवाद बाकुनिनले गरेको थियो। यो लगभग सन् १८६३ मा जेनेवामा "हर्जेन" को 'कोलोकोल' अफिसमा छापिएको थियो र दोश्रो अनुवाद बीर गवेरा जासुलिच ले गरेको थियो र यो पनि जेनेवा वाट नै १८८२ मा प्रकाशित भए को थियो। डेनिस भाषा मा उल्था भई यस्को नया संस्करण १८८५ मा शोसल डेमोक्रातिक्स बिब्लियो-थेक" मा छापियो। पेरिस को लेशोसियालिस्त मा १८८५ मा फेरि एक पटक फ्रेन्च भाषामा अनुवाद भएर छापियो। यसै वाट यो स्पेनिश भाषामा उल्था भयो र (स्पेन को राजधानी) मेड्रिड मा १८८६ मा छापियो। जर्मन भाषाहरूमा छापिएको संस्करणहरू गन्ति गरेर साध्यै छैन, अहिले सम्म यस भाषामा कम से कम १२ संस्करण छापि सकेकोछ। मलाई भनिए को थियो कि कुस्तुन्तुनिया बाट पनि आर्मिनियन भाषामा केहि महिना पहिले एक अनुवाद निस्कनेवाला थियो। तर त्यो छाप्न सकिएन, किन भने प्रकाशकहरू मार्क्स को नाउं भएको कुनै किताब पनि छाप्न डराउंथे र अनुवादक ले पनि यो आफैले लेखेको हो भनेर भन्न तयार थिएन। अरू भाषा-हरूमा पनि अनुवाद भएको सुनिन्छ, तर यसलाई देख्न पाए को छैन। यसरि "घोषणापत्र" को इतिहासले धेरै हद सम्म आजकलको मजदूर वर्ग को आन्दोलनको इतिहासलाई प्रतिबिम्बित गर्द छ। यस्मा कुनै शंका छैन कि आज "घोषणापत्र" समाजवादी साहित्य को सबभन्दा ज्यादा लोकप्रिय तथा सबै समाजवादी साहित्यहरू मध्ये सबभन्दा अन्तर्राष्ट्रीय कृति हो। साइबेरिया (रूस को पूर्वी भाग) देखि लिएर कालिफोर्निया (अमेरिका को पश्चिमी भाग) सम्म (अर्थात पुरा संसार) को करोड़ौं-करोड़ मजदूरहरू ले यस घोषणा पत्र लाई आफ्नो साजा कार्यक्रम को रूपमा मान्द छन्।

जे भएता पनि, यो लेखिएको बेला, हामिहरू यसलाई समाजवादी



घोषणा पत्र भन्न सक्तैन थें। कारण १८४७ तिर, समाजवादीहरू भन्नाले एकातिर बेलायतको ओवेनवादीहरू र फ्रान्स को फूरियरवादी-हरू जस्तो विभिन्न कल्पनावादीहरू भन्थानिन्थे, अर्कोतिर यस्को मतलब पूंजी र यस्को नफामा कुनै हानी नहुने गरी हर प्रकार को सामाजिक कष्ट र दुःखहरू खतम गर्न चाहने विभिन्न प्रकारका सामाजिक फनाहाहरू सम्भिन्थे। ई दुवै प्रकारका समाजवादी भनी-[illegible] मजदूर आन्दोलन बाट अलग रही आफुलाई शिक्षित वर्गको समर्थन पाउने आशागरी वसेका थिए। बेलायत को ओवेनवादीहरू र फ्रांस को फूरियरवादीहरू दुवै सानो तिनो गुट को रूपलिई विस्तार विस्तारै लोप भएर गइ रहेका छन्। मजदूर वर्ग को त्यो अङ्ग जसले राज-नीतिक क्रान्तिले मात्र काम चल्दैन भन्ने कुरो बुझिसकेका थिए र पूर्ण-रूपले सामाजिक परिवर्तन जरुरि छ भन्ने घोषणा गरेका थिए उनिहरू आफुलाई कम्युनिष्ट भन्द थे। यो एउटा अस्पष्ट अत्यन्त कोरा किसिम को र अधकच्चा र सूझ-बूझ न भएको सजिलो किसिमको कम्युनिज्म थियो। फेरि पनि यस भित्र मूलरूपले केहि सत्यता थियो। मजदूर वर्ग माथि यस्को यति असर थियो कि फ्रांस मा केवेट को र जर्मनीमा वीटलिग को कल्पनावादी कम्युनिज्म यसै बाट उत्पन्न भएको थियो। यसरि १८४७ तिर समाजबादले मध्यमवर्ग को आन्दोलन लाई र कम्युनिज्मले मजदूरवर्गको आन्दोलनलाई जनाउंथ्यो।

समाजवाद मध्यमवर्ग को र कम्युनिज्म मजदूर वर्ग को चीज थियो। सोशलिज्म (समाजवाद) लाई कम से कम युरोप मा आदर को दृष्टि ले हेरिन्थ्यो। कम्युनिज्म को स्थिति यसभन्दा बिल्कुल उल्टो थियो। शुरू देखिनै हाम्रो विचार हुनाले कि "मजदूर वर्ग को उद्धार मजदूर वर्ग आफैले नै गर्न शक्त छ, "हामीले आफुलाई के नाउं दिने हो भन्ने कुरामा अलिकति पनि अलमलिनु परेन। बस नाउंलाई हामीले अघि देखि बराबर धारण गरेर आऐका थियौं र कहिले पनि यसलाई बदल्ने आवश्यक थानेनौं।

घोषणा पत्र हामी दुवै मिलेर बनाएको कृति भएको हुनाले यो कुरो भनि दिनु मैं आफ्नो कर्तव्य सम्झन्छु कि यस्को मूल सिद्धान्तको

रचना मार्क्सले नै गरेको थियो, जस्को आधारमा यो घोषणा पत्र लेखिएको छ। यो मूल सिद्धान्त हो "प्रत्येक ऐतिहासिक युग को प्रचलित आर्थिक उत्पादन र विनिमय को तरिका र यसैको आधारमा वन्ने सामाजिक संगठन त्यो जग हो जरको आधारमा त्यस युगको राजनैतिक र बौद्धिक इतिहास बनेको हुन्छ र यस्कै आधारमानै यस्को व्याख्या पनि गर्न सकिन्छ, र फलस्वरूप मानव जाति को पूरा इतिहास (आदिम कबिला समाज, जुन समाजमा जमीन माथि साजा मालिकत्व थियो, नष्ट भए पछि को) वर्ग संघर्ष को इतिहास हो, शोषक र शोषित वर्गहरू को बीच को संघर्ष को इतिहास हो, शासक र उत्पीड़ित वर्गहरू को बीच लडाई को इतिहास हो। यी वर्ग सघर्षहरू को इतिहास ले विकास को विभिन्न अवस्थाहरू वाट गुज्री आजकल यस्तो स्थिति मा आई पुगेकोछ—जहां शोषित र पद-दलित वर्ग, सर्वहारा वर्गले शोषक र शासक वर्ग-पूंजीवादी वर्ग-को चंगुल वाट त्यस वेला सम्म मुक्त गर्न शक्ने छैन जव तक एकै पटक र सदा को निम्ति पूरा समाज लाई हर प्रकार को शोषण दमन, वर्ग विभेदहरू र वर्ग संघर्षहरू बाट मुक्त गर्न सकिने छैन।

मेरो विचारमा यो सिद्धान्त इतिहास को निम्ति उत्तिकै महत्त्व पूर्ण हुनेछ, जति महत्त्व डार्विन को सिद्धान्त ले प्राणि शास्त्र को निम्ति राख्त छ। हामिहरू दुवै १८४५ को केहि वर्ष पहिले देखिनै विस्तार विस्तारै यस सिद्धान्तमा पुगि राखेका थियौं। मैं कतिहद सम्म स्वतन्त्र रूपले यस सिद्धान्त को नजदीक पुगेको थियें भन्ने कुरो "इंग्लैण्ड को मजदूर वर्ग को दशा" नामक मेरो पुस्तिका बाट पत्ता लाग्ने छ। तर १८४५ को बसन्त ऋतुमा मैले ब्रुसेलस मा मार्क्स संग फेरि भेट्दा मार्क्स ले यस सिद्धान्त लाई पहिले नै तयार गरि लिई सकेको थियो र यसलाई मेरो अगाडि राखि दियो। यस सिद्धान्तलाई जसरि मैले माथि लेखिदिएंको थियें झन्दै उस्तै उस्तै स्पष्टता का साथ मार्क्सले मेरो सामने त्यस कुरा लाई राखे।

१८७२ को जर्मन संस्करण को हाम्रो संयुक्त भूमिका वाट मैं



निम्न कुरो उद्धृत गर्दै छुं।

"विते को २५ वर्षमा जति सुकै परिस्थिति बद्लेको भएता पनि घोषणापत्र को आम सिद्धान्त मूलरूपले आज पनि उत्तिकै सहिछ जो पहिले थियो। एकाध ठाउंमा यसमा सानो तिनो सुधार गर्न सकिन्छ। स्वयम् घोषणापत्रमा यो कुरो भनिएको छ कि यसको सिद्धान्त र व्यवहार हर बखत र हर ठाउंमा त्यस-त्यस देश र कालको ऐतिहासिक परिस्थितिहरू मा निर्भर गर्द छ। यसै कारणले दोश्रो अध्याय को अन्तमा प्रस्तावित क्रान्तिकारी कार्यक्रम लागु गर्ने कुरो मा विशेस जोड दिइएको छैन। आज को अवस्था मा लेखिएको भए यो भाग धेरै हद सम्म बिलकुल अर्कै ढङ्गले लेखिन्थ्यो। १८४८ देखि अहिले सम्म आधुनिक उद्योग-धन्धाले धेरै तरक्की गरिसकेको छ र यसको साथ-साथ मजदूर वर्ग को संगठन पनि धेरै फैलिएर अझ राम्रो भइ सकेको छ। पहिले फ़रवरी क्रान्ति र त्यस पछि, यस भन्दा ज्यादा पेरिश कम्यूनको वेला, जहां पहिलो पटक सर्वहारा वर्ग ले दुई महिना सम्म राजनीतिक सत्ता आपनो हातमा लिएको थियो, यी तमाम कुरो-हरू को अनुभवलाई हेर्दा यस कार्यक्रम मा दिइएको केहि विस्तृत वर्णन हरू पुरानो परि सके कोछ। पेरिस कम्यून को अनुभव ले एक कुरो खास गरी साबित गरयो कि "मजदूर वर्ग ले राजसत्ता को (पूंजीपति हरूले बनाई राखे को) पुरानो मशीन माथि कब्जा गरी आपनो हितमा प्रयोग गर्न शक्तैन। (अर्थात् पूंजीपति वर्ग द्वारा बनाई राखेको फौज, पुलिस, अदा-अदालत हरू इत्यादि को आधारमा मजदूर वर्गको शासन चल्न शक्तैन) हेर्नु होला : "फ्रांसको गृहयुद्ध" नामक पुस्तिका, अन्तरराष्ट्रीय मजदूर संघ को जेनरल काउंसिल को अगाडि दिइएको भाषण, लन्दन, ट्रूलोव १८७१ पृष्ठ १५। त्यसमा ई कुराहरू विस्तार पूर्वक सम्झाइएको छ)। अनि यो कुरो पनि विल्कुल साफ छ कि यसमा दिइएको समाजवादी साहित्यको आलोचना पनि आजकल को दृष्टिले अधुरोनै छ, किन भने त्यसमा १८४७ सम्म को साहित्यलाई नै लिइएको छ। यहि हाल (चौथे अध्याय मा) अरु विरोधी पार्टीहरू सग कम्युनिष्टहरू को सम्बन्ध को बारे मा छ। सैद्धान्तिक रूप ले जुन

कुरो त्यस अध्यायमा भनिएको छ, त्यो अहिले पनि सही छ, तर व्यावहारिक दृष्टिले त्यो पुरानो भइसकेको छ, कारण त्यस वेला देखि अहिले सम्म मा राजनीतिक परिस्थिति बिल्कुल वदलीसकेको छ। घोषणापत्रमा जुन-जुन राजनीतिक पार्टीहरूको नाम लिइएको छ, त्यस मध्ये धेरै जसो इतिहास को धारा ले बहाएर खतम भएर गइसकेको छ।

"तर घोषणापत्र भने एक ऐतिहासिक कृति बनिसकेकोछ। यसमा अद्‌ला-बदली गर्ने अब हामी लाई कुनै अधिकार छैन।"

अहिले को अनुवाद ( अंग्रेजी अनुवाद ) मिष्टर सामुयल मूरले गरेको हो, जसले नै मार्क्स को ग्रन्थ "केपिटल" (पूंजी) को धेरै जसो भाग पनि अनुवाद गरेका थिए। हामिहरूले संगै वसेर यसलाई दोहरयाइ सकेको छुं र मैले ऐतिहासिक घटनाहरू संग सम्बन्ध भए को केहि टिप्पणिहरू पनि यत्ता उति जोडी दिएको छुं।

लन्दन ३० जनवरी १८८८ फ्रेडरिक एंगेल्स

# १८९० को जर्मन संस्करण को भूमिका बाट अन्तिम प्यारा

[ यस भूमिकाको माथिल्लो भाग एक न एक तरिकाले अरू विभिन्न भूमिकाहरूमा गैसकेको ले यहां फेरि उल्ठागरिराख्ने काम भएन र यो अन्तिम प्यारा मात्र उल्ठा गरिएको छ। ]

"विश्वभर को मजदूर एक हों" यो नारा हामिहरूले आज भन्दा बयालीस वर्ष पहले पेरिस ( फ्रांस को राजधानी ) को पहिलो क्रान्ति को वेला उठाएका थियौं, जस्मा मजदूर वर्ग स्वयम् आफ्नो आफ्नो मांगहरू लिएर अगाडि बढेको थियो। तर त्यस वेला अत्यन्त कम मानिसहरूले मात्र यस नारा तिर ध्यान दिएका थिए। तर १८६४ को सेप्टेम्वर २८ तारिख को दिन पश्चिम-यूरोपको धेरै जसो देशहरू को सर्वहारा वर्गले अन्तरराष्ट्रीय मजदूर संघमा आएर सम्मिलित भए, जुन अन्तरराष्ट्रीय मजदूर संघलाई आज पनि सम्झीएको छ। यो सही हो कि यो अन्तरराष्ट्रीय संगठन ९ वर्ष मात्र टिके। तर यस्ले बनाएको सबै देशहरूको सर्वहारा वर्ग को एकता आजपनि जीवित छ र पहिले भन्दा ज्यादा शक्तिशाली रूपमा जीवित छ। कारण, जब मैं ई लाइनहरू लेख्दैछुं, यूरोप र अमेरिका को सर्वहारा वर्गले आफ्नो लडाकु शक्ति को सिंहावलोकन गर्दै छन्, जुन लडाकु शक्तिलाई सर्वप्रथम एउटै झण्डा मुनि, एउटै उद्‌देश्य लिएर एउटै सेना को रूपमा संगठित गरिएको थियो। यस्को तात्कालिक उद्‌देश्य हो, आठ घण्टा को काम को दिनलाई कानूनी मान्यता दिलाउनु। यस मॉगलाई १८६६ मा जेनेवामा भएको अन्तर्राष्ट्रीय महाधिवेशनले र फेरि १८८९ मा पेरिसमा भएको मजदूरहरूको महाधिवेशनले अगाडि बढाएको थियो। र आजको दृश्यले सबै देशहरूको पूंजीपतिहरू र सामन्तहरूको आंखा खोल्ने छ कि आज साच्चै नै सबै देशहरूको मजदूरवर्ग एक भएको छ।

मैं संगै आज मार्क्सले आफ्नै आंखाले यो दृश्य हेर्न पाएको भए!

फ्रेडरिक एंगेल्स

लन्दन १ मै. १८९०

# १८९२ को पोलिश संस्करण को भूमिका

पोलिश भाषा (पोलाण्ड को भाषा) मा कम्युनिष्ट घोषणापत्र को दोश्रो संस्करण आवश्यक हुन गएको छ। यस कुरोले हामीलाई कतिपय कुराहरूमा हाम्रो ध्यान आकर्षित गर्द छ।

सब भन्दा पहिलो कुरो यो हो कि, घोषणापत्र यूरोपमा व्यापक रूपमा ठुल ठला उद्योग धंधाहरूको विकासको सूचक बनेकोछ। कुनै पनि देशमा ठूलठूला उद्योगहरू जति मात्रामा फैलिएर गएको हुन्छ त्यहि मात्रामा तहां को मजदूरहरूले मजदूर वर्ग को रूपमा सम्पत्तिवान वर्ग को तुलनामा आफ्नो अवस्था लाई सम्झने कोशिश गर्दछन्। उनिहरूमा समाजवादी आन्दोलन फैलिन थाल्दछ र घोषणापत्रको माँग बढ्न थाल्छ छ। यसरि कुनै पनि भाषामा वितरण गरिएको घोषणापत्र को प्रतिहरू को संख्या ले त्यो भाषा बोल्ने मजदूरहरू को आन्दोलन को अवस्था लाई जनाउंन को साथ-साथै यसले तहा को उद्योग धन्धा को बिकास को अवस्था को पनि धेरै हद सम्म अन्दाजा लगाउन सकिन्छ।

यसै अनुसार, यस नया पोलिश संस्करण बाट यो थहा पाइन्छ कि पोलैण्डमा निश्चित रूपमा उद्योग धन्धा को उन्नति भएकोछ। र यसमा कुनै संदेह छैन कि पहिले का संस्करण प्रकाशन भए देखि आज सम्म को १० वर्ष भित्रमा पोलैण्डमा यो उन्नति भएको हो। रूसी पोलैण्ड, काग्रेसी पोलैण्ड रूसी साम्राज्य (जारशाही को पाला को रूस को साम्राज्य) को ठूलो औद्योगिक क्षेत्र बनेकोछ। एकातिर रूस (जारशाही को पालाको) को उद्योग धन्धा यता उति छरिएको छ-एक हिस्सा फिन्लैण्ड को खाड़ी को किनारमा छ, अर्को रूस को केन्द्रमा परेको [illegible] (मास्को र व्लादिमीर) मा छन्। तेश्रो काला सागर र बाल्टिक सागर को आस-पास छ। अरू उद्योगहरू अन्य ठाउँहरूमा छन्।

अर्कोतिर पोलैण्ड को उद्योग धन्धा रूस संग तुलना गर्ने हो भने एक सानो क्षेत्रमा केन्द्रित भऐ को छ र यस किसिम को केन्द्रिय करण द्वारा हुने लाभ र हानी दुवै यहां पाइन्छ) रूसीहरूको हार्दिक इच्छा थियो कि पोलाण्ड को जनतालाई रूसी बनाइलिने, तर यसको बाव-जूद पोलण्ड संग होड़ गर्नु पर्ने रूसको कार्खाना को मालिकहरू (जार-शाही को पालो को) पोलैण्ड बाट आउने माल सामान माथि कर लगाउने मांग गर्न थालेका छन्। र यसरि पोलाण्डमा सानो क्षेत्रमा धेरै कारखाना केन्द्रित हुन जांदा रूस को सरकारलाई यो हानि हुन गएको छ कि पोलिश मजदूरहरूमा समाजबादी विचारहरू बडो जोड तोड ले प्रचार भइरहेको छ र घोषणापत्र को मांग दिन दिनै बढिरहे को छ।

पोलैन्ड को उद्योग धन्धा यति तेजी को साथ बढि रहेकोछ कि यो रूस भन्दा अगाडि बढन थालेको छ। यो यस कुरोको प्रमाण हो कि पोलिश जनता को शक्ति अनन्त छ र छिटै यो देश फेरि आफ्नो खुलामा उभिनेछ। र स्वतन्त्र र शक्तिशाली पोलैण्ड को स्थापना पोलैन्ड को जनता को निम्ति मात्र होइन हामी सबै को निम्ति महत्व-पूर्ण छ। यूरोप को देशहरूमा वास्तबमा अन्तरराष्ट्रीय सहयोग त्यसै बेला हुन सक्ने छ जब ती देशहरू मध्ये हरेक देश आ-आफ्नो देश मा पूर्ण रूपले स्व-शासित हुने छ। मजदूरहरू को झण्डा को मनि १८४८ मा भएको क्रान्तिमा त आखिर मजदूर योद्धाहरूले पूंजीपति वर्ग को फाइदा को निम्ति नै काम गरेको थियो। तर त्यस बाट पनि इटाली, जर्मनी र हंगेरी स्वतन्त्र भए र यो काम लुई बोनापार्ट र बिस्मार्क को हात बाट भयो। तर पोलैण्ड, जसले १७९२ देखिनै यी तीन बटै देशहरू को संयुक्त प्रयत्न भन्दा पनि बढता कोशिश गरेको थियो, त्यसै आफ्नै भरोसामा रहनु परयो र यसले १८६३ मा आफु भन्दा १० गुणा बढी (जारशाही) रूसी ताकत को अगाडि झुक्नु परयो। पोलैण्ड को धनीमानीहरू ले (सामन्ती र पूंजीवादीहरु जसको हातमा

शासन को बाग्दोर थियो) नत पोलैण्ड को स्वतन्त्रतालाई कायम राख्न सके, नत एक पटक हारेपछि फेरि यसलाई स्वतन्त्र पार्न सके। पूंजीपति वर्ग को निम्ति आज यस स्वतन्त्रता को कुनै मतलब पनि छैन । फेरि पनि यूरोप को देशहरूको बीच आपसी सहयोग को निम्ति यो (स्वतन्त्रता ) आवश्यक छ । यस स्वतन्त्रता लाई पोलैण्ड को युवक, मजदूरवर्ग ले मात्र हासिल गर्न सक्तछ र उनिहरू कै हातमा मात्र यो सुरक्षित रहन सक्ने छ। पोलैण्ड को स्वतन्त्रता यूरोप को अरू बाकि देशहरू को मजदूरहरू को निम्ति पनि त्यत्तिकै आवश्यक छ जति पोलैण्ड को मजदूरहरुको निम्ति छ ।

लन्डन, २८ फेब्रुवरी १८९२, फ्रे० एंगेल्स,

# १८९३ को इटालियन संस्करण को भूमिका

कम्युनिष्ट पार्टी को घोषणापत्र को प्रकाशन सन् १८४८ को मार्च १८ तारिखमा भएको थियो । यहि दिन मिलान र बर्लिन दुवै ठाउँ-हरूमा क्रान्ति भएको थियो । यी दुवै देशहरू केन्द्रमा परेका देशहरू हुन् । एउटा यूरोप को बीचमा छ भने अर्को भूमध्य सागर को बीचमा पर्छ । यी दुवै देशहरू मा सशस्त्र क्रान्ति भएको थियो । यो दुवै देशहरू त्यस वेला आपसी फूट र देशभित्र को कलह ले कमजोर भइसकेको थियो र यसै कारण यी देशहरू विदेशी कब्जामा थियो । (मिलान देश इटाली मा पर्छ ) र इटाली माथि आस्ट्रिया को बादशाह को शासन थियो । (बर्लिन जर्मनीको राजधानी हो) जर्मनी माथि रूसको बादशाह-जार को कब्जा थियो । यो कब्जा अप्रतक्ष रुपमा थियो फेरि पनि यो कम असरदार थिएन । सन् १८४८ को मार्च १८ तारिख को घटनाले जर्मनी र इटाली दुवै देशहरूलाई यस अपमान बाट मुक्ति गरि दियो । कार्ल मार्क्सले बराबर भने जस्तै, जसले १८४८ को क्रांति दबाएको थियो, उनिहरू ले नै आफ्नो इच्छा को विपरित ई देशहरु लाई आजाद गराए । यसै कारणलेनै १८४८ देखि १८७१ तक को बिचमा यी दुवै महान देशहरु को पुनर्गठन हुन सके तथा कुनै प्रकारले आफ्नो पैरमा खड़ा हुन सके ।

सबै ठाउहरुमा मजदूर वर्ग ले नै क्रान्ति गरेका थिए । सड़कहरुमा उनिहरुलेनै मोर्चाबन्दी गरेका थिए र आफ्नो रगत बहाएका थिए । तर पेरिश को मजदूरहरु नै यस्तो थियो जसले (सामन्ती) सरकार लाई उखाडेर फयांक्न को साथ साथै पूंजीपतिवर्ग को शासन पनि स्पष्ट संग उखाडेर फयांक्न चान्हथे । उनिहरु ले आफ्नो वर्ग ( मजदूर

वर्ग) र पूंजिपतिहरु को वीच को अनिवार्य अन्तर विरोध लाई सम्झेका थिए। तर नत फ्रांस को आर्थिक विकास, न त्यस देश को आम मजदूर को बौद्धिक विकास नै यस वेला त्यस स्तरमा पुगि सकेको थियो जस द्वारा सामाजिक संगठन सम्भव थियो। यसै कारण यस्को नतीजा यो भयो कि क्रान्ति को सारा फल पूंजिपति वर्ग को हाथ मा गयो। इटाली, जर्मनी र आष्ट्रिया जस्तो अरु देशहरुमा त शुरु देखिनै मजदूरहरुले शासनाधिकार पाउने काममा पूंजीपति वर्गलाई मदद गर्ने सिवाय अरु केहि गरेनन्।

तर देशलाई आजाद नगरिकन कुनै पनि देशमा पूंजीपतिहरु को राज्य कायम हुन सक्दैन। यसै निम्ति, १८४८ को क्रान्ति ले त्यस क्रान्ति को संग संगै इटाली, जर्मनी, हंगेरी जस्तो देशहरूमा एकता र स्व-शासन पनि ल्याउनु परयो जहां यस वेला सम्म यस को अभाव थियो। पोलैन्डले पनि यहि बाटो लिने छ।

१८४८ को क्रान्ति समाजवादी क्रान्ति थिएन, फेरि पनि यसले यस्को निम्ति बाटो तयार गरयो। पूंजीवादी व्यवस्था ले सबै देशहरूमा ठूलठूला उद्योग धंधाहरू लाई प्रोत्साहन दिएर बितेको ४५ वर्षहरू मा हर ठाउंमा ठूलो संख्यामा, केन्द्रित र शक्तिशाली सर्वहारा लाई जन्म दियो। यसरि घोषणा-पत्र को शब्दमा पूंजीपतिहरू ले आफ्नो चिहान खन्नेहरूलाई आफैले पैदा गरयो। प्रत्येक देशमा एकता र स्वशासन स्थापना नगरिकन नत मजदूर वर्ग को अन्तर्राष्ट्रीय एकता कायम हुन सक्ने छ, नत साझा उद्देश्य प्राप्ति को निम्ति यी देशहरूमा शान्तिपूर्ण र बुद्धिमत्तापूर्ण सहयोग नै कायम हुन सक्छ। के १८४८ भन्दा पहिले को राजनीतिक परिस्थितिहरूमा इटाली, हंगेरी, जर्मनी, पोलैण्ड र रूस को मजदूर हरू को संयुक्त अन्तर्राष्ट्रीय संघर्ष को कल्पना पनि गर्न सकिन्थ्यो?

यसरि १८४८ मा लडिएको लडाईहरू व्यर्थ गएनन्। नत त्यस क्रान्तिकारी युग पछि आज सम्म को ४५ वर्ष नै सर्वथा बेकार गएको छ। यसको नतीजा अब अगाडि आइरहेको छ। यसै निम्ति यो इटालियन संस्करण को प्रकाशन को बेलामा मँ यहि कामना गर्छु कि घोषणापत्र



को मूल प्रकाशन जसरि अन्तर्राष्ट्रीय क्रान्ति को संदेशवाहक साबित भयो उसै प्रकार यो इटालियन अनुवाद इटाली को मजदूर वर्ग को विजय को सन्देश वाहक बनोस।

बितेको समयमा पूंजीवादले जो क्रान्तिकारी कार्य गरेको थियो, घोषणापत्र ले त्यस माथि पूरा न्यायपूर्वक विचार गरेको छ। इटाली पहिलो पूंजीवादी देश थियो। मध्ययुग को अन्त र आधुनिक पूंजीवादी युग को शुरू को वेला इटाली मा एक महान् व्यक्ति को उदय भयो। यो महान् व्यक्ति थियो, डांटे। इनि मध्ययुग को अंतिम र आधुनिक युग को पहिलो दुवै युग को कबि थियो। सन् १३०० ईस्वी मा जस्तै आज एक नया ऐतिहासिक युग को भोर हुन थाले को छ। के इटाली ले यस बेला पनि एउटा अर्को नया डांटे दिने छ, जसले यस नया सर्वहारा युग को जन्म को घडि लाई जाहेर गर्ने छ?

लन्दन, १ फरवरी १८९३

फ़्रे० एंगेल्स

# कम्युनिष्ट पार्टी को

# घोषणापत्र

आज यूरोपलाई एक भय र त्रास ले सताई राखेकोछ त्यो भय र त्रास हो कम्युनिज्म को भय त्रास । यो भय-त्रास भगाउन को निम्ति पोप (क्रिश्चियन धर्म के प्रचारक पुरोहितहरु) र जार (रुस को बादशाह) मेटर्निख र गीजों, फ्रांस को उग्रवादी दल र जर्मन गुप्तचर पुलिसहरू-सारा का सारा बुढो यूरोप को सत्ताधारीहरू (शासक वर्ग) एक भएको छ ।


कुनचाहिं विरोधी पार्टी यस्तोछ, जसलाई सत्ताधारीहरु शासकवर्ग ले इनिहरु कम्युनिष्ट हुन भनेर बदनाम गरेको छैन ? अनि कुन चाहिं यस्तो विरोधी पार्टीहरुलाई र आफ्नो प्रतिक्रियावादी चरित्रको विरोध गर्नेहरू माथि पनि इनिहरु कम्युनिष्ट हुन् भन्ने आरोप नलगाएको होस् ।

यस बाट दुई कुरो स्पस्ट हुन आउंछ,


(क) अब यूरोपको सबै सत्ता धारीहरूले स्वीकार गरेका छन् कि कम्युनिज्म स्वयम् एक शक्ति हो ।

(ख) अब समय आएको छ कि कम्युनिष्टहरूले खुले आम विश्व को अगाडि आफ्नो विचारहरू, उद्देश्यहरू, आपनो प्रवृत्तिहरू प्रकाशित गरून्, दुध खाने बच्चाहरू लाई भन्ने भूतको कथाहरू जस्तो कम्युनिज्म बारे भय उत्पन्नगर्ने कथाहरूलाई कम्युनिष्ट घोषणापत्र द्वारा खतम् गरून् ।

यस उद्देश्यले विभिन्न राष्ट्रहरू का कम्युनिष्टहरु (बेलायतको राजधानी) लन्दनमा भेला भएका छुन् र निम्नलिखित घोषणा-पत्रको खाका खिचेका हुन्, जसलाई अंग्रेजी, फ्रैंच, इटालियन फ्लेमिश् र डानिस भाषाहरू मा प्रकाशित गरिने छन् ।



कम्युनिष्ट पार्टी को घोषणापत्र सबभन्दा पहिले जर्मनमा छापिएको थियो । यो त्यसको पहिलो संस्करण को जिल्द को चित्र हो ।



कम्युनिष्ट पार्टी को घोषणापत्र को मूल जर्मन पाण्डुलिपि को एक
पृष्ठ ।

(पूरा मजमून मार्क्सले आफ्नो हातले लेखेका हुन् केवल माथिल्लो
दुई लाइनहरू मार्क्सको पत्नी श्रीमति जेनी मार्क्सको हात बाट
लेखिएको हो ।)

# पूँजीपति र मजदूर(क)

आज सम्म को समाज को इतिहास (ख) वर्गसंघर्षहरू को इतिहास हो ।

---

(क) पूंजीपति को मतलब हो आजकल को पूँजीपतिवर्ग, सामाजिक उत्पादन को साधनहरू को मालिकहरू र तलब वा ज्यालादारीमा कामगर्ने मजदूरहरूलाई काममा लगाउनेहरू । सर्वहारा भन्ना ले आजकल को मजदूरवर्ग हो, जो संग आफ्नो हातमा उत्पादन को साधन (कामगरी खाने साधन ) न हुँदा बाँच्न को निम्ति श्रम शक्ति बेच्न करै लाग्छ । (१८८८ को अंग्रेजी संस्करण को निम्ति एंगेल्स ले लेखेको नोट) ।

(ख) अर्थात् सबै प्रकारको लिखित इतिहास । १८४७ सालमा, प्राग्ऐतिहासिक समाज, सामाजिक संगठन, जस्को अस्तित्व लिखित इतिहास भन्दा पहिले थियो, 'कुनै कुरो को जानकारी थिएन । त्यस पछि हक्स्तहाउजेनले रूसमा जमिन माथि साजा स्वामित्व को व्यवस्था पता लगाए । माउरेर ले यो एउटा सामाजिक आधार हो भन्ने पता लगाए, जस्को आधारमा टयूटनिक जातिहरू को इतिहास सुरू भए र विस्तार विस्तारै यो पनि पत्ता लाग्यो कि भारत देखि आयरलैन्ड सम्म को हर ठाउँमा ग्राम समुदायनै (एक प्रकार को ग्राम आदिम साम्यवादी समाज) समाज को आदि रूप थियो अथवा रहेर आएको थियो ।.यस आदिम साम्यवादी समाजको भित्तरी संगठन अर्थात जेन (गण) को असली स्वरूप र कबिला संग यस्को सम्बन्ध लाई आफ्नो महान खोजी द्वारा हेनरी मोर्गन ले स्पष्ट गरे । यो आदिम जातिहरू को अन्त हुने बित्ति कै समाजमा भेद शुरू हुन्छ र अन्तमा समाज विरोधी-वर्गहरूमा बंटिन्छ । आदिम जातिहरू कसरि खतम भयो भन्ने कुरो मैले आफ्नो पुस्तक "परिवार, निजी सम्पत्ति तथा राजसत्ताको उत्पत्ति" मा सविस्तार भन्ने कोशिश गरेको छु ।

[ १८८८ को अंग्रेजी संस्करण मा एंगेल्स को टिप्पणी ]

स्वतन्त्र मानिसहरू ( दास समाज को स्वतन्त्र मानिसहरू जो दास को मालिक वर्ग कै अङ्ग हुन् र त्यस समाज को शासक वर्ग हुन्) र दास हरू, अभिजात वर्ग (उच्च घरानामा जन्मेको हुंदा जन्मने वित्तिकै उच्च अधिकार प्राप्त गरेका व्यक्तिहरू ) र सर्व साधारण प्रजा ( पेट्रीशियन र प्लेबियन ), सामन्तहरु र अर्धदास किसानहरु (सर्फ़) शिल्पसंघ को मालिकहरु(ग) र मजदूर कालिगडहरु-संक्षेपमा उत्पीडक र उत्पीडितहरु को बीच शुरु देखिनै एक दोश्रो को विरोधी भएर आएको छ। उनिहरु कहिले न देखिने गरी भित्र भित्रै र कहिले खुले आम एक दोश्रो संग लडदै आएका छन्। यस्तो संघर्ष हर बार यात सम्पूर्ण समाज व्यवस्था लाई नै क्रान्तिकारी ढङ्ग ले बदलेर अन्त भएको छ अथवा लडदा लडदै दुवै थरि बर्बाद भएर खतमभएको छ।

इतिहास को शुरू को युगहरूमा हामीले जहाँ तहिं समाज विभिन्न तहहरूमा जटिलरूपले वाँटिएको पाउंछौं। यसमा तल्लो र माथिल्लो विभिन्न सामाजिक श्रेणीहरू छन्। प्राचीन रोममा पाट्रिशियन्, नाइटस् (अभिजात वर्ग र ठूल ठूला फौजी अधिकारीहरू जस्को एक मात्र पशा लड्नु हो), सर्व साधारण जनताहरू र दासहरू पाइन्छ। मध्यकालीन युगमा ठुलठूला सामन्ती मालिकहरू, इनिहरूको मातहतमा अरू सानातिना सामन्तहरू, शिल्प संघ को मालिकहरू, मजदूरहरू, आप्रेन्टिशहरू (नौसिखुवा कालिगड्हरू) र अर्धदासहरू पाइन्छ। यी सबै वर्गहरू अझ सा-साना श्रेणीहरूमा विभक्त छन्।

आधुनिक पूंजीवादी समाज, जो पुरानो सामन्ती समाज को भग्नावशेष वाट उत्पन्न भएकाहुन्, ले वर्ग-विरोधहरू लाई खतम गरेन। यस्ले नया वर्गहरू उत्पन्न गरेको छ, उत्पीडन को नया स्थितिहरू पैदा गरेको छ, संघर्ष को पुरानो तरिकाहरूको बद्ला नया तरिकाहरू देखा परेका छन्।

(ग) शिल्प संघ को मालिक को मतलव शिल्प संघ का अध्यक्ष होइन, त्यस सँघ को पूर्ण अधिकार प्राप्त सदस्य हो, जसलाई शिल्प-संघ भित्र मालिक को हक प्राप्त छ। [१८८८ को अंग्रेजी संस्करण मा एंगेल्स को टिप्पणी]



हाम्रो युग, पूंजवादी युग को विशेषता यो हो कि वर्ग-विरोधलाई यस्ले सरल बनाएकोछ। सम्पूर्ण समाज उत्तरोत्तर (झ झ) दुइवटा विरोधी खेमाहरूमा विभक्त भएका छन्, दुइटा ठुलठूला वर्गहरूमा विभक्त भएर गइरहेका छन्, जो एक दोश्रो को आमने सामने विरोधी को रूपमा खडा छन् : ई हुन् पूंजीपति वर्ग र सर्वहारा वर्ग।

मध्यकालीन युग को अर्ध-दासहरू बाट पहिले पहिले का शहरहरु को अधिकारपत्र पाएका स्वतन्त्र व्यापारीहरु पैदा भएका थिए। ई व्यापारीहरु बाट नै पूंजीपति वर्ग को प्राथमिक तत्वहरु विकसित भएका हुन्।

अमेरिका तथा दक्षिण अफ्रीका को बाटो पत्ता लाग्नाले उदाउंदो पूंजीपति वर्ग को निम्ति विकास को नया क्षेत्र खुल्यो। भारत र चीन को बाजारहरु संग सम्बन्ध, अमेरिकामा यूरोप बाट गएका प्रबासीहरु को बसोबास र ई बस्तिहरु संग व्यापार, बिनिमय को साधनहरु र खरिद-बिक्री को निम्ति तयार गरिएको माल सामानहरु को उत्पादनमा आम वृद्धि, ई सबै कुरोहरुले व्यापार, नौ परिबहन (जहाज बाट माल सामान वसार्ने प्रबन्ध) र उद्योगधन्धा को विकास लाई अभूतपूर्व प्रोत्साहन मिल्यो। र यस्ले गर्दा लडखडाउन लागेको सामन्ती समाज भित्र उत्पन्न भएका क्रान्तिकारी तत्वहरु को छिटो विकास हुन थाले।

सामन्ती समाज को उद्योगहरु, जस अन्तरगत औद्योगिक उत्पादन माथि बन्द शिल्प संघ (ती शिल्प संघ जसभित्र नया सदस्यहरु लिई दैन) को एकलौते अधिकार थियो, नया बजारहरु को बढदो माँग पूरा गर्न को निम्ति पर्याप्त थिएन। यसै निम्ति यस्को ठाउं कारखानाहरु को व्यवस्था ले लिन थाल्यो। मध्यम वर्गीय कार्खानादारहरूले शिल्प संघ को मालिकहरूलाई एकातिर धकेलिदियो। हरेक कार्खाना भित्र हुने श्रम विभाजन को अगाडि विभिन्न शिल्प संघहरु को बीच को श्रम विभाजन लोप भएर गयो।

यसै बीच बजारहरु झं झं बढदै गए, मांगहरू पनि झं झं बढदैगयो। कार्खानाहरू को उत्पादन पनि अब अपर्याप्त हुन थाल्यो, वाफ र मेशीन ले औद्योगिक उत्पादनमा क्रान्तिकारी

परिवर्तन ल्याए। (वाफ र मशीनहरु को आविष्कार हुनु भन्दा अधि कार्खानाहरूमा हात खुत्ताले चलाउने यन्त्रहरू बाट नै काम हुन्थ्यो, जस्तो कि तान, चर्खा इत्यादि, इत्यादि)। हातले काम गर्ने कार्खानाहरू को ठाउं अब ठुलठूला आधुनिक उद्योगहरू ले लिन थाल्यो। मध्यमवर्गीय उद्योगपतिहरू कोठाउँ करोड पतिहरू ले लिन थाल्यो, जो औद्योगिक जमात को नेताहरू र आजकल को पूंजीपति वर्ग हुन्।

आधुनिक उद्योग ले विश्व-बाजार को स्थापना गरेको छ; अमेरिका पत्तालाग्नाले यस्को निम्ति बाटो साफ गरि दियो। यस बाजारले व्यापार तथा जल र स्थल यातायात लाई अत्यन्त विकास गरेको छ। यस विकासले, आफ्नो पालो, उद्योगधन्धा को विस्तार गर्नमा अभ मदत गर्‍यो, र जसो जसो उद्योग, व्यापार, नौ परिवहन, रेल यातायात को वृद्धि भयो उसो उसो पूजीपति वर्ग को पनि विकास हुँदै गयो, उनिहरूको पूंजी बढदै गयो र मध्यकालीन युग ओ बचे-खुचेका अरू सबै वर्गहरूलाई आफ्नो बाटोबाट हटाएर पछिल्तिर धकेलि दियो।

यसरि हामी देख्द छौं आधुनिक पूंजीपति वर्ग को जन्म स्वयम् एक लामो विकासक्रम को दौरान उत्पादन र विनिमय को तरिकाहरूमा भएको क्रान्तिकारी परिवर्तनहरू को फलस्वरूप भएको हो।

जति जति पूंजीपति वर्ग को विकास हुंदै गयो, उति उति त्यस् वर्ग को राजनैतिक शक्ति पनि बढदै गयो। सामन्तहरूको रजाईं चलेको वेला त्यो वर्ग सामन्ती प्रभुहरूको पाईतला मुनि कुल्चिएको वर्ग थियो। मध्य युगीन कम्युन※ मा पूंजीपतिवर्ग सशस्त्र र स्वशासित संघ थियो, कहिं कही (जस्तो कि इटली र जर्मनी मा) स्वतन्त्र शहरी

※फ्रान्स को नया उठदो शहर हरुले सामन्ती प्रभूहरू वाट र मालिकहरू वाट स्थानीय स्वशासन र तेश्रो दर्जा को राजनीतिक अधिकार पाउन भन्दा पहिले नै आफुलाई "कम्यून" भन्न शुरू गरिदिएको थियो। आम तौर ले यहाँ पूंजीपति वर्ग को आर्थिक विकास को सम्वन्धमा वेलायत लाई र राजनीतिक विकास को सम्वन्ध मा फ्रान्सलाई उदाहरण मानिलिएको छ (१८८८ को अंग्रेजी संस्करण मा एंगेल्स को टिप्पणी)



गणतन्त्र थियो भने कहिं कहिं (जस्तो कि फ्रान्समा) पूंजीपतिहरू राजतन्त्रको अधिन कर तिर्ने तेश्रो दर्जा को राज्य थियो। पछि (हात ले कामगर्ने) कार्खानाहरू बढदै गएको बेला, उनिहरू अभिजात वर्ग को विरोधमा अर्ध सामन्ती राजतन्त्र अथवा निरंकुश राजतन्त्र को सेवक बने र आमतौरले उनिहरू उपरोक्त राजतन्त्रहरू को आधारस्तम्भ नै थियो। तर अन्तमा आधुनिक उद्योग धन्धाहरू र विश्व-बाजार को स्थापना भए पछि पूंजीपति वर्ग ले आधुनिक प्रतिनिधि शासन को रूपमा (चुनाव द्वारा स्थापना हुने शासनको रूपमा) पूर्णरूपले राजनैतिक प्रभुत्व जितिलिए। आजकलको इटली र फ्रान्स को शहरहरू ले आफ्नो शहरी समुदाय लाई सामन्ती प्रभुहरू वाट स्वशासन को आफ्नो प्रारम्भिक अधिकारहरू किनीलिने अथवा खोसिलिने काम भए पछि यहि नाउं दिए को थियो।

(१८९० को जर्मन संस्करणमा एंगेल्स को टिप्पणी)

आजकल को राज्य को कार्यकारी मण्डल (सरकार) सम्पूर्ण पूंजीपतिवर्ग को साजा काम कारबाई को प्रबन्ध गर्ने कमेटी मात्र हुन्।

पूंजीपतिबर्गले ऐतिहासिक रूपले एक अत्यन्त ठूलो क्रान्तिकारी रोल खेलेको छ।

पूंजीपति वर्गले जहां पनि आफ्नो हात माथि पार्न सके सबै प्रकारको सामन्ती, जन्मजात अधिकार (जन्मने वित्तिकै पांउने अधिकार), गवारू सम्बन्ध सब का सब खतम गरि दिए। यस्ले मानिसलाई जन्मै देखि आफुलाई ठूलो सम्झने मानिसहरू संग जो नाना थरिको सामन्ती बन्धन थियो सबका सब निर्दयताका साथ अन्त गरिदियो। अब मानिस मानिस को वीच स्वार्थ पूर्ण, नगद पैसा को हृदयहीन व्यवहार सिवाय अरू कुनै सम्बन्ध रहन गएन। उंचा भन्दा उँचा धार्मिक भावनाहरू वीरोचित उत्साह र भोला भाला भावुकता सबै माथि पूंजीपति वर्ग ले स्वार्थपूर्ण हिसाब-किताब को चीसो पानी फेरिदियो। मानिस को व्यक्तिगत गुणलाई पूंजीपति वर्गले बाजारमा खरीद-विक्री को चीज वनाइदियो। र पहिलेका हरण नहुने राज-मोहर द्वारा प्राप्त अनगिनत स्वतन्त्रताहरू को बदला एक आत्माहीन स्वतन्त्रता-स्वतन्त्र व्यापार स्थापना गरि

दिएको छ । एउटै शब्दमा भन्ने हो भने (सामन्ती समाजमा) धार्मिक र राजनैतिक भ्रम दिएर यस भ्रम को पर्दा को पछाडि जुन शोषण गरिन्छ त्यस शोषण को ठाउं (पूंजीवादी समाजमा) खुले श्राम निर्लज्जता का साथ गरिने प्रतक्ष र श्रमानुषिक शोषण ले लिएको छ ।

पहिले सम्म श्रादर र श्रद्धा को भावनाले हेरि श्राएका पेशाहरू को गौरवमय रङ्गलाई पूंजीपतिवर्गले उडाइ दियो । के डाक्टर, के वकिल, के पंडित पुजारी, के कवि, के वैज्ञानिक सब का सबलाई पूंजीपति वर्ग ले वेतनभोगी कर्मचारी श्रथवा ज्यालादार ज्यामीमा बद्लि दियो ।

पूंजीपतिवर्गले पारिवारिक सम्बन्ध बाट श्रात्मीयता को भावना खतम गरिदिएको छ र पारिवारिक सम्बन्ध लाई खाली पैसाको सम्बन्ध बनाइदिएको छ । पूंजीपतिबर्गले देखाई दियो कि मध्ययुगको शूर-वीर हरू को ती श्रमानवीय जङ्गली काम कार्यवाई को पछाडि-जसलाई प्रतिक्रियावादिहरू खुबै तारिफ गर्दै छन्, श्रकर्मण्यता ले भरेको ऐश-आराम को कस्तो ठूल-ठूला कहानीहरू लुकि राखे को थियो । मानव परिश्रम ले कस्तो कस्तो ठुलठुला कामहरू गर्न सकिन्छ भन्ने कुरो पूंजीपति वर्ग लें सब भन्दा पहिले देखाई दियो । उनिहरूले मिश्रको पिरामिडहरू, रोम को जल-प्रणाली र गोठिक देवालयहरू भन्दा पनि श्रति ज्यादा श्राश्चर्यजनक वस्तुहरू निर्माण गरेको छ । भौगोलिक तथा वैज्ञानिक खोजी को निम्ति उनिहरूले जुन किसिम को ठूल-ठूला यात्राहरू संगठित गरे, त्यस को श्रगाडि विभिन्न देशहरू को तमाम पुरानो श्रभियान र जेहाद फीका परिजान्छ ।

उत्पादन को श्रौजारहरू मा निरन्तर क्रान्तिकारी परिवर्तन नगरि कन पूंजीपति वर्ग को श्रस्तित्व सम्भव छैन । र यसै कारण उत्पादन को सम्बन्धमा परिवर्तन हुन्छ र यस को साथ साथै तमाम सामाजिक सम्बन्धमा पनि परिवर्तन हुन जान्छ । पुरानो जमाना को तमाम श्रौद्योगिक वर्गहरू को कुरा बिल्कुल यस्को उल्टो थियो । उत्पादनमा पुरानो तरिकाहरूलाई ज्यौं का त्यौं बनाई राख्नु नै उनिहरू को बांच्ने तरिका थियो । उत्पादन प्रणाली मा निरन्तर क्रान्तिकारी



परिबर्तन, सामाजिक सम्बन्धहरू मा निरन्तर उथल-पुथल, कहिल्यै नसल्झने श्रनिश्चितता र श्रान्दोलन जस्तो सबै कुरोहरू पूंजीबादी युग को मुख्य विशेषताहरू हुन् । जसले गर्दा यो युग पहिले को सबै युगहरू भन्दा भिन्न देखिन्छ । श्रापनो तमाम पुरानो र पुज्य सम्झिएको परम्परागत चलनहरू र मतहरू संग सबै पुरानो र कहिले नहिल्ने गरी जकडिएको सम्बन्ध समाप्त भएको छ । नया सम्बन्धहरू बन्छ तर चांडै नै पुरानो भई जान्छ, यो नया सम्बन्ध पहिले झै परम्परागत हुने मौकै पाउंदैन । जुन कुरो हरू ठोस र स्थायी सम्झिन्थ्यो, चाँडै नै हवामा मिली जान्छ, जो पवित्र मानिन्थ्यो त्यो पनि चांडैनै घृणित भइ जान्छ । र श्राखिर मा मानिसले मजबूर भएर श्रापनो जीवन को सांचो परिस्थितिहरू र श्ररू सग श्रापनो सम्बन्ध बारे गम्भीरताका साथ विचार गर्न करै लाग्छ ।

श्रापनो उत्पादन को निम्ति निरन्तर बढदो बजार को खोजीमा पूंजीपति वर्ग लाई संसार भरि घुम्न कर लाग्छ । उनिहरूलाई हर ठाउंमा घुस्ने, हर ठाउँमा पैर जमाउने, हर ठाउंमा सम्बन्ध स्थापना गर्ने कर लाग्छ ।

विश्व-बजार को शोषण द्वारा पूंजीपति वर्गले हर देशको उत्पादन र खपत (Consumption) लाई विश्व को साजा कारोबार को रूप दिएको छ । प्रतिक्रियावादीहरू चिल्लाउंदै कराउंदै रहे, पूंजीपति वर्गले उद्योग को पाईतला मुनि बाट राष्ट्रीय श्राधार नै खतम गरि दियो जुन श्राधारमा यो खडा थियो । पुरानो समय देखि जमेर बसेको राष्ट्रीय उद्योग-धन्धाहरू यातो मिटेर गयो श्रथवा मिटदै गई रहे को छ । यस्को ठाउँ नया उद्योगहरू ले लिंदै गइ रहेको छ जस्को स्थापना सबै सभ्य देशहरूको निम्ति जीवन-मरन को सवाल बनेको छ । यी नया उद्योगहरूले श्रापनो देशको कच्चा माल को प्रयोग नगरी दूर देश को कच्चामालहरू प्रयोग गर्दछन् । ती उद्योगहरूमा बनेको माल श्रापनो देशमा मात्र होइन विश्व को हर कुनामा बेच्दछन् । श्रापनै देशमा उत्पादन हुने वस्तुहरू द्वारा पूरा हुने पुरानो श्रावश्यकताहरू को सट्टा श्रब नया श्रावश्यकताहरू देखा परेकाछन् जसलाई पूरा गर्न दूर

देशहरू र भूभागहरू को उत्पादन को जरुरत पर्दछ। पुरानो स्थानीय र राष्ट्रीय अलगाव र आत्म निर्भरता को ठाउँ चारैतिर को लेन-देन को सम्बन्ध ले लिएको छ र विभिन्न देशहरू व्यापक रूपले एक-अर्काको निर्भर हुन गएकोछ। र भौतिक उत्पादन मा झैं बौद्धिक उत्पादनमा पनि यस्तै हुन गएकोछ। एक देश को बौद्धिक निर्माण विभिन्न देशहरूको साजा सम्पत्ति हुन गएको छ। राष्ट्रीय एकांगीपन र संकुचित दृष्टिकोण झंझं असम्भव भएर गइ रहेकोछ। विभिन्न राष्ट्रीय तथा स्थानीय साहित्यहरू मिलेर विश्व-साहित्य को निर्माण भइरहेको छ।

पूँजीपति वर्गले उत्पादन को हर प्रकार को औजार (ज्याबल) को छिटो उन्नति गरेर, यातायात को अन्तहीन सुविधा द्वारा सारा का सारा देशहरू, अनि जङ्गली जातिहरू समेत, सभ्यता को क्षेत्रमा खिचेर ल्याउँछ। उनिहरूले बनाएको मालहरूको सस्ता मोल नै त्यो भारी टोपहो जस द्वारा उनिहरुले चीन को पर्खाल लाई भत्काइ दिन्छ, र विदेशीहरू प्रति अत्यन्त कट्टर भन्दा कट्टर ढङ्गले घृणा गर्ने बर्बर (जंगली) जातीहरू सम्मलाई घुंडा टेकाई दिन्छ। हरेक देशलाई विनाश को भय देखाएर त्यस देशले पनि पूँजीवादी उत्पादन को तरिका अपनाउन मजबूर गर्दछ। पूंजीपतिवर्गले उनिहरूलाई मजबूर गर्दछ कि उनिहरूले पनि त्यस लाई ग्रहण गरोस् जसलाई पूंजीपति वर्गले सभ्यता भन्दछ अर्थात् उनिहरू स्वयं पूँजीपति बनोस्। छोटकरीमा भन्ने हो भने पूंजीपति वर्गले सारा संसारलाई नै आफ्नो सांचामा ढाल्दछ।

पूंजीपति वर्गले देहात (गाउँ-कछार) हरूलाई शहर को अधिनमा गरि लिएको छ। उनिहरूले एक से एक ठुलठूला शहर बसाएका छन्, देहात को तुलनामा शहर को जनसंख्या धेरै बढाएको छ र यसरि जनसंख्या को धेरै भाग लाई देहाती जीवन को कूप मण्डूकता (कुंवाको भ्यागुतो वाला जीवन) बाट मुक्त गरेको छ। जसरि उनिहरूले देहात-हरुलाई शहरहरुमा भरपर्नु पर्ने बनाई दिएको छ, उस्तै उनिहरुले बर्बर र अर्घ-बर्बर (जंगली र अर्ध-जंगली) देशहरुलाई सभ्यदेशहरु को भरो-शामा बांच्नु पर्ने तुल्याएको छ, कृषि प्रधान देशहरुलाई पूंजीवादी



देशहरु को आधारमा बांच्नु पर्ने तुल्याएको छ र पूर्वलाई पश्चिम को भरोशामा रहनु पर्ने तुल्याएको छ।

तितर बितर भएर बसेको जनता, उत्पादनको साधनहरु र सम्पत्ति को स्थिति लाई पूंजीपति वर्गले झं झं खतम गरेर गई रहेकोछ। जनता को बस्तिहरुलाई एउटै ठाउँमा जमा गरेकोछ, उत्पादन को साधन हरुलाई एक ठाउँमा ल्याइदिएको छ र सम्पत्ति पनि मुठ्ठिभर मानिसहरु को हातमा जमा गरि दिएको छ। यस्को अवश्यम्भावी परिणाम भएको छ राजनीतिक केन्द्रीकरण। जो प्रान्तहरु पहिले स्वतन्त्र या खुकुलो तरिकाले संघबद्ध थियो जसको स्वार्थ, कानून, शासन-व्यवस्था, कर-व्यवस्था अलग-अलग थियो उनिहरु सबै एउटै देशमा संगठित गरिएको छ। उनिहरुको सरकार, कानून, राष्ट्रीय वर्ग-स्वार्थ उनको सीमाना र कर-चूंगी व्यवस्था—सब एउटै बनाइएको छ।

आफ्नो शासन काल को एक शताब्दि हुँदा न हुँदै पूंजीपति वर्गले पहिले का तमाम युगहरू मिलाएर पनि विकास गर्न नसकेको शक्तिशाली र प्रचण्ड उत्पादन शक्ति को निर्माण गरेको छ। प्राकृतिक शक्तिहरू माथि मानिस को नियन्त्रण, मेशीनहरू, उद्योग–धन्धाहरू र खेतीबारी मा रसायनशास्त्र को प्रयोग, बाफले चल्ने जहाजहरू, रेल, विजुली को तार-टेलिफोन, खेती को निम्ति महाद्वीपहरू को सफाई, नदी हरुबाट नहरहरू निकाल्नु, मानो जादू ले पूरा का पूरा आबादी (एकै चोटी ) बसाउनु के बितेको शताब्दिहरुमा कसैले यो सोच्न पनि सक्थ्यो कि सामाजिक श्रम को काखमा यस्तो उत्पादन शक्तिहरु सुतेर बसेको थियो ?

यसरि हामी देख्तछौं, उत्पादन र विनिमय को त्यो साधन जस्को आधारमा पूंजीपतिवर्ग ले आफ्नो उन्नति गरि लिए, सामन्ती समाज-मानै पैदा भएको थियो। उत्पादन र विनिमय को ई साधनहरु विकास हुंदै गएर एक खास अवस्था (स्तर) मा पुगेपछि ती परिस्थितिहरु जसमा सामन्ती समाजले उत्पादन र विनिमय गर्दथ्यो, अर्थात् कृषि र कार्खानारु (हातले काम गर्ने उद्योगहरु ) को सामन्ती संगठन, एउटै शब्दमा भन्ने हो भने सम्पत्तिको सामन्ती सम्बन्ध पहिलेनै विकास भै

सकेको उत्पादन शक्तिहरू संग चल्न असम्भव हुन गयो । सम्पत्तिको ई सामन्ती सम्वन्धहरू विकास को बाटोमा रोड़ा हुन थाल्यो । यसै कारण इनिहरू लाई तोडेर फ्यांक्न आवश्यक हुन गयो र इनिहरूलाई तोडेर फ्यांकिए ।

इनिहरू को ठाउँ स्वतन्त्र प्रतियोगिता ले लियो । यहि अनुरूप सामाजिक र राजनीतिक विधान बने र पूंजीपति वर्ग को आर्थिक र राजनैतिक प्रभुत्व कायम भयो ।

आज हाम्रो अगाडि ठीक यसै प्रकारको आन्दोलन भइ रहेको छ । आधुनिक पूंजीवादी समाज आफ्नो उत्पादन, विनिमय र सम्पत्ति को सम्बन्ध को साथै, त्यो समाज जसले उत्पादन र विनिमय को यस्तो विशाल साधनहरूलाई उत्पन्न गरे यस्तो जादूगर झैं भएको छ, जसले पाताल बाट आफ्नो जादूको वलले भूत-प्रेतहरू त वोलाई लिए तर इनिहरूलाई आफ्नो बसमा राख्न सकिरहेको छैन ।

उत्पादन को आधुनिक स्थितिहरू र सम्पत्तिको आधुनिक सम्वन्ध नै पूंजीपति वर्ग को अस्तित्व र शासन को आधार हुन् । तर वितेको धेरै दशकहरू देखि उद्योग र व्यापार को इतिहास उत्पादन को आधुनिक सम्वन्ध को विरोधमा आधुनिक उत्पादन शक्तिहरू को विद्रोह को इतिहास हो । यस्को प्रमाण स्वरूप त्यो व्यापारिक संकटहरू को उल्लेख गरे पुग्छ, जुन संकटहरू बराबर आइरहन्छ र हरेक पटकको संकट अघिल्लो संकट भन्दा भयानक रूपमा पूरा पूंजीवादी समाज को अस्तित्व लाई नै अस्तव्यस्त गर्ने खालको हुन्छ । ई संकटहरूमा तयार मालको विशाल भाग मात्र होइन, पहिले बनेको उत्पादन शक्तिहरू को धेरै जसो भागहरू पनि नष्ट हुन्छ । ई संकटहरू को बेला एक महामारी फैलिन्छ, जुन महामारी हो अति-उत्पादन को महामारी, जुन (अति उत्पादन) पहिलेको युगहरूमा कल्पना पनि गर्न सकिदैन थ्यो । यस्तो लाग्दछ कि समाज फेरि एक पटक केहि समय को निम्ति जङ्गली अवस्थामा फर्केको छ । यस्तो लाग्द छ कि मानो कुनै अनिकाल अथवा सर्वनाशी युद्धले जीविकाको तमाम साधनहरूलाई अचानक खतम गरिदिएको छ ।



लाग्द छ कि उद्योग-धन्दाहरू र व्यापार नष्ट भएको छ । किन ? यस निम्ति कि सभ्यता धेरै ज्यादा बढेको छ, जीविका को साधनहरू धेरै भएको छ, उद्योग र व्यापार धेरै भएको छ । समाज को हातमा भएको उत्पादन शक्तिहरूले पूंजीवादी सम्पत्तिको निम्ति चाहिने स्थिति को विकास गरि रहेको देखि दैन । यस्को उल्टो, ती आधुनिक उत्पादन शक्तिहरू, जसलाई (पूंजीवादी सम्पत्ति को विकास को निम्ति चाहिने) ई स्थितिहरूको सिक्री ले वांधिएको छ, ती स्थितिहरू भन्दा धेरै बलियो भइसकेकोछ र जसै ती उत्पादन शक्तिहरूले (पूंजीवादी उत्पादन र सम्पत्ति सम्बन्ध को) ई स्थितिहरू को सिक्री लाई तोड्ने छन्, उनिहरूले पूंजीवादी समाजमा अव्यवस्था पैदा गरिदिने छन् र पूंजीवादी सम्पत्तिको अस्तित्व नै खतरामा पारिदिन्छ । उनिहरूले उत्पादन गरेको धन अटाउन को निम्ति पूंजीवादी समाज को स्थिति धेरै सांघ्रो छ । र पूंजीपतिवर्ग ई संकटहरू बाट कसरि उम्कने छ ? (उनिहरू को अगाडि अरु कुनै बाटो छैन सिवाय कि) एकातिर उत्पादक शक्तिहरू को ठूलो जमातलाई नष्ट गरेर र अर्कोतिर नया नया बाजारहरू माथि को शोषणलाई अझ बढाएर । भनाई को मतलव हो ती साधनहरूलाई कम गरेर जसद्वारा संकट रोक्न सकिन्थ्यो ।

जुन हतियारहरू प्रयोग गरी पूंजीपति वर्गले सामन्ती व्यवस्थालाई खतम गरे उहि हतियार अब पूंजीपति वर्गको विरोधमा तेर्साइएका छन् ।

तर पूंजपति वर्गले आफुलाई नष्ट गर्ने हतियारहरू मात्र तयार गरेको होइन, उनिहरूले ई हतियारहरू चलाउने मानिसहरू पनि पैदा गरेका छन्—तिनिहरू हुन् आधुनिक मजदूरवर्ग, सर्वहाराहरू ।

पूंजीपति वर्ग अर्थात् पूंजी जति मात्रामा विकास हुनेछ, उही मात्रामा सर्वहारा वर्ग, आधुनिक मजदूर वर्ग को विकास हुनेछ— श्रमिकहरू को त्यो वर्ग, जो त्यसवेला सम्म मात्र जिउने छन् जब सम्म उनिहरूले काम पाउंछन् र जसले त्यसवेला सम्म मात्र काम पाउने छन् जव सम्म उनिहरू को श्रमले पूंजीलाई बढाउने छन् । ई श्रमिक हरू जसले आफुलाई खण्ड खण्ड गरी बेच्नु पर्छ, उनिहरू पनि अरू

व्यापारिक माल झैं एक खरीद-बिक्री को माल हो र यसै निम्ति उनिहरूले पनि प्रतियोगिताको उलट-फेर तथा बाजार को तेजी-मंदी को शिकार हुन करैं लाग्छ ।

मेशीनहरू को व्यापक प्रयोग र श्रम विभाजन ले गर्दा सर्बहाराहरू को काम को व्यक्तिगत विशेषता बिल्कुल खतम भए को छ । अब मजदूर मेशीन कै मानो अङ्ग हुन गए कौ छ । अब मजदूरहरू द्वारा बिल्कुल सीधा-साधा, नीरस भन्दा नीरस र अति सजिलोसंग सिक्न सकिने काम नैं गराइन्छ । यसै निम्ति मजदूर को उत्पादन खर्च पनि कम भएकोछ। जिउन सम्म सकिने र सन्तान बढाउन को निम्ति नभैं नहुने साधन नैं झंदैं उस्को उत्पादन खर्च भएको छ । याद राख्नु पर्ने कुरा हो कि हरेक माल को मूल्य यस्को उत्पादन खर्च को बराबर हुन्छ र यसै निम्ति श्रम☒ को मूल्य पनि यस्को उत्पादन खर्च बराबर हुन्छ । एसै निम्ति जुन मात्रामा काम आकर्षणहीन (वाक्क लाग्ने) भएर जानेछ, उसै मात्राम उसको मजदूरी पनि कम भएर जान्छ । यति मात्र हैन, जुन मात्रामा मशीनहरू को प्रयोग बढदै जान्छ र श्रम को विभाजन बढदै जान्छ उही मात्रामा काम को बोझ पनि बढदै जान्छ, चाहे त्यो काम को घण्टा बढाएर होस् अथवा चाहे उत्तिकै समयमा ज्यादा काम लिएर होस् अथवा मशीन को चालको रफ्तार लाई बढाएर होस् ।

आधुनिक उद्योग धन्धाले पुरानो पुस्तौं देखि बाबुले छोरालाई सिकाएर आएको काम गर्ने मालिक कालिगड को साना तिना कार्खानाहरू को ठाउँ ओद्यौगिक पूंजीपति को विशाल कार्खानाहरू ले लिए । कारखानाहरूमा भरिएको मजदूरहरू को भीड़ फौज झैं संगठित गरिन्छ । औद्योगिक फौजको सिपाहिहरू को रूपमा उनिहरूलाई तह तह गरी ठूलो आफिसरहरू को आर्डरमा काम गर्ने सा-साना आफिसरहरूको कमानमा राखिन्छ । उनिहरू खाली पूंजीपतिवर्ग र पूंजीवादी राज्य को मात्र गुलाम नभैं, हर दिन हर घडि उनिहरू लाई मशीनको, ओवरशियर को र सब भन्दा माथि कारखाना को मालिक पूंजीपति ओफैले पनि गुलाम बनाउँछन् । यस तानाशाही ले जति खुलारूपले यो घोषणा गर्दछ कि मुनाफा नै उन्को लक्ष र उद्देश्य हो उत्तिनै त्यो ज्यादा तुच्छ, घृणित र कटु हुन्छ ।

☒ पछि गएर मार्क्सले भने कि मजदूरले आफ्नो श्रम होइन बरू आफ्नो श्रम-शक्ति बेच्छ । यस सम्बन्धमा मार्क्स को पुस्तिका मजूरी र पूंजीमा एंगेल्स को भूमिका हेर्नु होला—सं०



जति जति कुशलता र शारीरिक श्रम को जरूरत कम भएर जान्छ उति उति, अर्को शब्दमा, औद्योगिक धन्धाहरू को उन्नति भएर जान्छ, अनि उति नै पुरुष मजदूर को ठाउँ स्त्री मजदूरले लिन थाल्छ । मजदूर वर्ग को निम्ति आयु र स्त्री-पुरुष को भेद को कुनै खास सामाजिक महत्व रहन जांदैन । उनिहरु सब का सब श्रम को औजार (ज्यावल) हुन गए, जस्को मूल्य उनिहरु को उमेर र स्त्री-पुरुष को हिसाब ले कम-वेसी हुन्छ ।

कारखाना का मालिकहरु द्वारा जसै मजदूरहरु माथि को शोषण को काम सिध्याउछ अर्थात् जसै उनिहरुले नगद मजदूरी पाउँ छन्, त्यस पछि तुरन्तै पूंजीपति वर्ग को अर्को हिस्सा—मकान के मालिक, दुकानदार, कर्जा दिने महाजन इत्यादि उनिहरू माथि जाई लाग्छ ।

निम्न मध्यमवर्ग जस्तो कि सा-साना व्यापारीहरू, दुकानदारहरू, आमतौर ले काम बाट अवकाश लिई सकेका विभिन्न पेशा गर्नेहरू, कालिगडहरू र किसानहरू, इनिहरू सब का सब विस्तार विस्तारै सर्वहारा वर्गमा पुग्न जान्छन् । केहि त यस निम्ति कि उनिहरूको घटदै गएको पूंजी आजकलको उद्योग जुन मात्रामा चल्दछ त्यस्को निम्ति उनिसंग पर्याप्त पूंजी छैन र यसै कारण इनिहरु ठूलठुला पुंजी को होडमा टिक्न नसकी डुबी हाल्छन्, केहि यस निम्ति कि उत्पादन को नया नया तरिका निकालना ले उनिहरू को विशेष कौशल को कुनै मूल्य रहन जांदैन । यसरि आम जनता को विभिन्न वर्गहरू बाट सर्वहारा वर्ग को संख्या वृद्धि हुंदै जान्छ ।

सर्वहारा वर्ग विकास को विभिन्न तह बाट गुज्रेर जान्छ । यस्को जन्म का साथै पूंजीपतिवर्ग संग यस्को संघर्ष शुरू हुन्छ। सुरूमा मजदूरहरुले व्यक्तिगत तरिकाले एक्ला एक्लै झगड़ा सुरू गर्छन् । तब एक कार्खाना को मजदूरहरू मिलेर, अनि फेरि शहर भरिको कुनै खास

उद्योग को सर्व मजदूर एउटै भएर ती पूंजीपतिहरु को विरोधमा संघर्ष गर्छन् जस्ले उनिहरूलाई सीधा सीधा शोषण गर्द छन् । उनिहरू को हमला उत्पादन को पूँजीवादी तरिका माथि नभै उत्पादन को औजार को बिरोधमा हुन्छन् । उनिहरूले उनिहरूको श्रम संग होड गर्ने बाहिर बाट मगाइएको औजारहरूलाई नष्ट गर्छन्, उनिहरूले मशीन हरुलाई चक्नाचूर गर्छन्, कार्खानाहरू जलाई दिन्छन् र मध्ययुगिन-काल को कालिगड़हरू को लोप भइसकेको इज्जत जवर्दस्ती फर्काउन चाहन्छन् ।

यस वेला सम्म मजदूरहरूमा एकता हुदैन, देश भरमा उनिहरु यता उति छरेर बसेका हुन्छन् र आपसको होड़ले गर्दा अलग अलग फुटेर बसेको हुन्छ । यदि कहिं उनिहरू केहि हद सम्म संगठित हुन्छन् भने, यो उनिहरुको आफ्नो सक्रिय एकताको फल नभै पूँजीपति वर्गको एकता द्वारा भएको हुन्छ । पूँजीपति बर्ग ले, आफ्नो राजनीतिक उद्देश्य पूर्ति गर्नको निम्ति सम्पूर्ण सर्वहाए वर्गलाई सचालित गर्न करै लाग्छ र साथै केहि समय सम्म यस्तो गर्न सफल पनि हुन्छ । यसै निम्ति यस समय मा सर्वहारा बर्गले आफ्नो दुश्मन संग नलड़ी आफ्नो दुश्मनको दुश्मनहरु संग लड़छन्, जो हुन् निरंकूश राजतन्त्र को अवशेषहरु, सामन्त जमीन्दारहरु, गैर-औद्योगिक पूँजीपतिहरू र निम्न पूँजीपति वर्ग । यसरि सम्पूर्ण ऐतिहासिक आन्दोलन पूँजीपति वर्गको हातमा केन्द्रित हुनजान्छ र हरेक विजय पूँजीपति वर्गको निम्ति विजय हुन्छ ।

तर उद्योगको विकास को साथ साथै सर्वहारावर्ग को संख्यामा मात्र वृद्धि नभई, उनिहरु एकै ठाउंमा ठुल ठूला जमात को रूपमा जमा हुनथाल्छन्, उनिहरुको ताकत बढ्छन् र उनिहरूले आफनो शक्तिलाई अझ बढ़ता महसूस गर्छन् । मशीन को प्रयोगले जति जति श्रम को भेदलाई मेटाउँदै जान्छ उति उति सर्वहारा वर्गको बीचमा उनिहरूको विभिन्न स्वार्थहरू र जीवन को स्थिति झं झं समान भएर जान्छ र झन्दै जसो सबै ठाउँहरूमा उनिहरूको मजदूरी तल खसी एउटै समान स्तरमा पुग्छन् पूँजीपति वर्गमा आपसी होड र यसको फलस्वरूप उत्पन्न हुने व्यापारिक



संकट ले मजदूरी हरवखत अनिश्चित हुन्छ । मशीनहरू को निरन्तर उन्नति र यस्को निरन्तर विकासले उनिहरूको जीवन झं झं संकटमय हुन जान्छ । शुरूमा मजदूर र पूंजीपति को बीच व्यक्तिगत तरिकाले हुने संघर्षले उत्तरोत्तर दुइ वर्गहरू को बीच हुने संघर्ष को रूप लिन थाल्छ । त्यस पछि मजदूर वर्गले पूंजीपतिको विरूद्ध संगठनहरू (मजदूर संघहरू) बनाउन थाल्दछन् । मजदूरी को दर कायम राख्न लाई उनिहरू संगठित हुन्छन्, समय-समयमा हुने यी विद्रोह हरू को निम्ति अगाडि देखि तयार रहन को निम्ति स्थायी सभाहरू को स्थापना गर्दछन् । यता उति हुने सघर्षले वेला वेलामा विद्रोह को रूप लिन्छन् ।

कहिले काँहि मजदूरहरू विजयी हुन्छन्, तर केहि समय को निम्त मात्र । उनिहरूको संघर्ष को सही फल तत्काल हुने नतिजामा निर्भर गर्दैन, यो निर्भर रहन्छ मजदूरहरू को निरन्तर फैलिंदो एकतामा । आधुनिक उद्योग-धंधाहरू द्वारा विकास भएको यातायातको साधनहरूले विभिन्न ठाउँहरूको मजदूरलाई एक-दोश्रो को सम्पर्कमा ल्याई दिन्छ र यसले मजदूरहरूको व्यापक एकता को काममा मदद मिल्छ । एउटै प्रकारको अनेक स्थानीय संघर्षहरू मिलाएर इनिहरूलाई वर्गहरूको बीच एक राष्ट्रीय सघर्ष को रूप मा संगठित गर्नको निम्ति ठीक यस्तै प्रकारको आपसी सम्पर्क को जरूरत थियो । तर हरेक वर्ग-सघर्ष एक राजनैतिक संघर्ष हो । र त्यो एकता जसलाई प्राप्त गर्न मध्ययुग को व्यापारीहरू को निम्ति, कठिन वाटो-घाटोले गर्दा, कयन शताब्दि लागेको थियो, आधुनिक सर्वहारा वर्गले रेल यातायातले गर्दा केहि वर्षहरुमा नै प्राप्त गर्नेछन् ।

सर्वहाराहरू को एउटै वर्गको रूपमा संगठन र त्यसपछि एक राजनीतिक पार्टीको रूपमा संगठन मजदूरहरू को वीचमा आपसी होड ले गर्दा बराबर बिग्रेर गएको छ । तर यो निरन्तर उठदछ, झं बलियो, झं सुदृढ र झं शक्तिशाली भएर । यसले स्वयम् पूंजीपतिवर्ग को भीतरी संघर्ष को फाइदा उठाएर, मजदूरहरूको खास खास अधिकार हरुलाई कानूनी रुपमा मनाई लिन्छ । बेलायतमा दस घण्टा को काम को दिन को कानून यसरिनै पास भएको थियो ।

पुरानो समाज को विभिन्न वर्गहरू को बीचमा आपसी टक्करले सबै मिलाएर सर्वहारा वर्ग को विकासलाई अनेक तरिकाले मदत पुर्याउँछन् । पूंजीपति वर्गले हर बखत आफुलाई कुनै न कुनै संघर्षमा फँसेको पाउंछन् । पहिले अभिजात वर्ग (सामन्ती) को हुकुमत को विरोधको, त्यसपछि स्वयम् पूंजीपति वर्ग को त्यस अङ्गको विरोधमा जसको स्वार्थ उद्योग को प्रगति को विपरित हुन गए को छ, र संधै भरि विदेशी पूंजीपति वर्ग संग । ई सब संघर्षरूमा पूंजीपति वर्गले सर्वहारा वर्ग संग अपील गर्न र उनिहरूको मदत मांग्न कर्रै लाग्छ र यसरि इनिहरूलाई राजनीतिक रङ्गमंचमा तानेर ल्याउन कर्रै लाग्छ । पूंजीपतिवर्ग स्वयमले, त्यसकारण, सर्वहारावर्गलाई राजनीतिक तथा अरु आम शिक्षा दिन्छ, अर्को शब्दमा, यस्ले सर्वहारा वर्गलाई पूंजीपति वर्ग संग लडने हथियारले सुसज्जित गर्दछ ।

यस वाहेक, जसरि हामिले माथि हेरि सक्यौं उद्योग धन्धा को उन्नतिले गर्दा सबै जसो शासक वर्गहरू सर्वहारा वर्गमा खस्दछन् अथवा कम से कम उनिहरू को अस्तित्वको स्थिति माथि खतरा पैदा हुन्छ । इनिहरूले पनि सर्वहारा वर्गमा शिक्षा को प्रकाश फैलाएर उनिहरूको प्रगतिमा मदत गर्छन् ।

अन्तमा, जब वर्ग संघर्ष निर्णायक घडिमा आइपुग्छ, शासक वर्गभित्र, साच्चै भन्नु परयो भने सम्पूर्ण समाज भित्र भइरहेको टूट-फूट को प्रक्रिया यति उग्र र स्पष्ट भएर आउंछ कि शासक वर्ग को एक सानो अङ्ग शासक वर्ग वाट अलग भएर क्रान्तिकारी वर्ग संग मिल्न आउँछ, जुन क्रान्तिकारी वर्ग को हातमा भविष्य छ । यसै निम्ति जसरि शुरूको वेलामा सामन्तहरूको एक अङ्ग पूंजीपति वर्ग संग मिल्न गए, उसरिनै पूंजीपति वर्ग को एक अङ्ग सर्वहारा वर्ग संग मिल्न जान्छ, र खासगरि, पूंजीपति वर्ग वाट आएका सिद्धान्तकारहरू को त्यो अङ्ग जसले समाजको पूरा ऐतिहासिक प्रगति लाई सैद्धान्तिक रूपले सम्झिलिएका छन् (उनिहरू सर्वहारावर्ग संग मिल्न आउंछन् ।)

पूंजीपति वर्ग को विरोधमा आज जति पनि वर्गहरू खडा छन् । उनिहरूमध्ये सर्वहारा वर्ग मात्रै वास्तविक रूपमा क्रान्तिकारी वर्ग



हुन् । अरु वर्गहरु आधुनिक उद्योग धन्धाहरु को चपेटमा आएर ह्रासिन थाल्दछन् र अन्तमा लोप भएर जान्छन्, इनिहरु सबै वाट विशेषगरी र निश्चितरुपमा सर्वहारावर्ग पैदा हुन्छन् ।

निम्न मध्यम वर्ग, साना-तिना कार्खानावालहरु, दुकानदारहरु, कालिगड, किसान, सबले मध्यम वर्ग को अङ्गको रूपमा आफ्नो अस्तित्व खतम हुंन बाट बच्न को लागि पूंजीपति वर्ग को विरोधमा लडद छन् । यसै निम्ति उनिहरू क्रान्तिकारी होइनन् रूढ़ीवादी हुंछन् । यतिमात्रै होइन उनिहरू प्रतिक्रियावादी हूंछन् कारण उनिहरूले इतिहास को चक्र लाई पछिल्तिर घुमाउने कोशिश गर्छन् । यदि संयोगले उनिहरू पनि कहिले क्रान्तिकारी हुन्छन् भने यसै निम्ति हुन्छन् कि उनिहरूले यो देख्दछन् कि चांडैनै उनिहरू पनि सर्वहारा वर्गमा परिणत हुन गइ रहेका छन् । यसरि उनिहरूले आफ्नो अहिले तत्कालिक को स्वार्थ होइन, भविष्य को स्वार्थ सुरक्षा गर्दछन् । उनिहरूले आफ्नो (वर्गीय) दृष्टिकोण छोडेर मजदूर वर्ग को दृष्टिकोण अपनाइ लिन्छन् ।

त्यो खतरनाक वर्ग, जो समाज को मैल हुन्, जो पुरानो समाजको सब भन्दा तल्लो तहहरू वाट उत्पन्न भएको र निष्क्रिय रूपले सडदै गइ रहेको जमात हुन्, कहिं कहिं सर्वहारा क्रान्तिले आन्दोलनमा खिचेर ल्याउँछन्, तर उनिहरूको जीबन को स्थिति ले गर्दा अक्सर उनिहरू प्रतिक्रियावादीहरूको षडयन्त्रमा भाडाको टट्टू को काम गर्न को निम्ति तयार रहन्छन् ।

सर्वहारा वर्ग को जीवन स्थितिमा पुरानो समाज को स्थितिहरू को कुनै नाम निशान बांकि रहँदैन । सर्वहारा वर्ग संग कुनै सम्पत्ति छैन । आफ्नो स्त्री र बच्चाहरू सग उनिहरूको सम्बन्धमा पूंजीपति वर्ग को पारिवारिक सम्बन्धहरूमा पाइने कुनै कुरो मेल खांदैन । आधुनिक उद्योग धन्धा को कामले, पूंजीको आधुनिक गुलामीले उनिहरु को राष्ट्रीय चरित्रको सबै लक्षणहरू लाई नष्ट गरि दिएकोछ, जुन गुलामी समानरुपले बेलायत, फ्रांस, अमेरिका र जर्मनी सबै (पूंजीवादी) देशहरूमा पाइन्छ । कानून, नैतिकता, धर्म उनिहरू को निम्ति पूंजीवादी छलमात्र हुन्, जस्को आडमा पूंजीवादी स्वार्थ लुकि राखेकोछ ।

आज सम्म जुन जुन वर्ग को हात माथि परेका छन् , उनिहरू सबैले आफ्नो पहिले देखि पाएको प्रतिस्थालाई कायम राख्न को निम्ति पूरा समाजलाई आ-आफ्नो किसिम को शोषण व्यवस्था को सिक्री मा बांधि राख्ने काम गरेका छन् । सर्वहारावर्ग नै त्यो वर्ग हो जसले पहिले का शोषण को तरिका लाई खतम नगरिकन र यसै कारण पहिलेका हरप्रकारको शोषण को तरिकाहरू लाई खतम नगरिकन समाजको उत्पादन शक्तिहरू को मालिक बन्न शक्तैन । उनिहरू को आफ्नो सुनिश्चित र सुरक्षित गर्नुपर्ने केहि छैन । निजी सम्पत्ति को पहिलेका सुरक्षा र सुनिश्चितता लाई खतम गर्नु नै उनिहरू को उद्देश्य हो ।

पहिलेका तमाम ऐतिहासिक आन्दोलनहरू अल्प संख्याको आन्दोलन रह्यो अथवा अल्प संख्या को फाइदा को निम्ति नै यस्तो आन्दोलनहरू भए । मजदूर वर्ग को आन्दोलन विशाल बहुसंख्याको, विशाल बहुसंख्याको हितमा चेतनशील र स्वतन्त्र आन्दोलन हो । सर्वहारा वर्ग हाम्रो वर्तमान समाजको सबभन्दा तल्लो स्तर हो । उनिहरूले शासक समाज को तमाम माथिल्लो पत्राहरूलाई नपल्टाइकन, यसलाई हवामा नउडाइकन चल्न सक्दैनन् र आफुलाई माथि उठाउन सक्दैनन् ।

पूँजीपति वर्ग को विरुद्ध सर्वहारा वर्ग को संघर्ष सार रुपमा नभए पनि यस्को स्वरुप शुरुमा राष्ट्रीय संघर्ष नै हो । निश्चय नै, हर देश को सर्वहारा वर्ग ले सर्वप्रथम आफ्नै देशको पूंजीपति वर्ग संग फछ्यौंई लिनु पर्छ ।

सर्वहारावर्ग को विकासको आम खुदकिलोहरु चित्रण गर्दा, हामिले आजको समाज भित्र थोर-बहुत मात्रामा लुकी छिपी कन पर्दा भित्र चल्ने गृहयुद्ध देखि लिएर खुले आम क्रान्ति फूटने बेला सम्म र जहां पुगेर पूंजीपति वर्गलाई जबरदस्त उखाडेर फ्यांकेर सर्वहारावर्ग को हुकुमत को निम्ति जग हाल्ने हो त्यसबेला सम्म को खाका खिच्यौं ।

जसरि हामिले माथिनै हेरि सक्यौ, आज सम्म को हर प्रकारको समाज व्यवस्था ठेचमीच गर्ने र ठिचोमिचोमा परेका वर्गहरु को बीचको अन्तर्विरोधमा कायम रहेको छ । तर कुनै वर्ग लाई दबाएर राख्न को निम्ति उनिहरुलाई यति सम्म सुविधाहरु दिन करै लाग्छ जति पाएर



उनिहरू कम से कम गुलाम को रुपमा भए पनि जिउन सकुन् । अर्ध-गुलामी को युगमा अर्ध-गुलामले कम्यूनको सदस्यता प्राप्त गरेको थियो । यस्तै सामन्ती हुकूमी शासनमा निम्न पूंजीपति वर्ग पूंजीपतिवर्ग बने । तर आधुनिक मजदूर वर्ग को दशा बिलकुल यस्को उल्टो छ । उद्योग-धन्धा को प्रगति को साथ साथै उनिहरू पनि माथि उठने सट्टा उनिहरू आफ्नो वर्ग को अस्तित्व को निम्ति चाहिने स्थिति भन्दा झ तल गिर्दछन् । उनिहरू कंगाल भई जान्छन् र उनिहरू को दरिद्रता जनसंख्या र धन भन्दा छिटो बढछन् । यहां यो स्पष्ट हुन आउँछ कि पूंजीपति वर्गमा समाजमा शासक वर्ग हुने कुनै योग्यता छैन, र समाज-माथि यस्को अस्तित्व को निम्ति चाहिने स्थितिहरू अनिवार्य रुपमा लाद्ने कुनै क्षमता छैन । पूंजीपति वर्ग संग शासन गर्ने योग्यता छैन किन भने उनिहरुले आफ्नो गुलामलाई गुलामी को हालतमा पनि जिउने गारन्टी दिन शक्तैनन् , किन भने उनिहरुले मजदूरहरू को जीवन स्तरमा यस्तो गिरावाट रोक्न शक्तैन जस्को फलस्वरुप उनिहरुले मजदूर वर्ग को कमाई खाने सट्टा उसलाई ख्वाउन करै लाग्छ । समाज यस्तो पूंजीपति वर्ग को मातहत अब जिउन शक्तैन अर्को शब्दमा पूंजीपति वर्ग को अस्तित्व अब समाज संग मेल खांदैन ।

पूंजीपति वर्ग को जीवन तथा उनिहरु द्वारा शासन गर्ने को निम्ति यो कुरो जरुरि छ कि पूंजी बनोस् र बढदै जावस् । पूंजीको निम्ति ज्याला दार (मजदूरी कमाउने) श्रम को जरूरत छ । ज्यालादार श्रम पूर्णतया मजदूरहरू को आपसी होड मा निर्भर गर्दछ । पूंजीपति वर्गले न चाहेर पनि उद्योग धन्धाहरू को विकास गर्दछ, यसले गर्दा मजदूरहरूको आपसी होड द्वारा उत्पन्न मजदूरहरूको अलगाव खतम भइ जान्छ र यसको सट्टा एकता मा आधारित उनिहरूको क्रान्तिकारी संगठन पैदा हुन्छ। यसरि उद्योग धन्धाहरू को विकास ले पूंजीपति वर्ग को पाइतला मुनि बाट त्यस्को आधार खतम गरि दिन्छ जस्को आधारमा उनिहरूले उत्पादन र शोषण गर्दछन् । यसै निम्ति पूंजीपति वर्गले पैदा गरेको सबभन्दा ठूलो चीज हो आफ्नै च्यान खन्नेहरू । पूंजीपति वर्ग को पतन र सर्वहारा वर्ग को विजय समान रूपले निश्चित छ ।

# II

# सर्वहारावर्ग र कम्युनिष्टहरू

समग्ररूपले कम्युनिष्टहरू को सर्वहारा वर्ग सग के सम्बन्ध छ ?

कम्युनिष्टहरूले अरू मजदूर पार्टीहरूको विरोधमा अलग्गै पार्टी बनाउँदैन ।

उनिहरूको मजदूर वर्गको हितभन्दा अलग अरू कुनै उद्देश्य हुँदैन ।

सर्वहारा वर्ग को आन्दोलन चलाउन र यसलाई खास रूप दिनको निम्ति उनिहरूले आपनो कुनै संकीर्णतावादी सिद्धान्त निकाल्दैन ।

कम्युनिष्टहरू र अरू मजदूर-पार्टीहरूमा खालि यति फरक छ कि (क) विभिन्न देशहरूको मजदूरहरू को राष्टीय संघर्षहरूमा कम्युनिष्टहरूले राष्ट्रीयता को तमाम भेद भाव छोडेर सम्पूर्ण सर्वहारा वर्ग को साजा हितहरू लाई देखाएर यसलाई अगाडि ल्याउछन् । (२) पूंजीपतिवर्ग को विरूद्ध सर्वहारावर्ग को संघर्ष को विकास जुन विभिन्न मंजीलहरू पार गर्दै अगाडि बढछन् तिनिहरू सबैमा हर वक्त र हर ठाउँमा कम्यूनिष्टहरूले पूरा आन्दोलनको हितहरूलाई प्रतिनिधित्व गर्दछन् ।

यसै निम्ति कम्युनिष्टहरू एकातिर त व्यावहारिक रूपमा हरेक देशको मजदूर वर्ग को पार्टीहरू को सबभन्दा अगाडि बढ़ेको र दृढ अङ्ग हुन्, जसले अरूहरू सबैलाई अगाडि बढ़ाउछ र अर्कातिर विशाल मजदूर वर्गको अपेक्षा (भन्दा) उनिहरूले, सैद्धान्तिकरूपले, सर्वहारा आन्दोलन लाई कुन बाटो लैजाने, कसरि लैजाने र यस्को अन्तिम आम नतिजा के हुने भन्ने कुरोहरू स्पष्ट संग सम्झने क्षमता राखतछ ।

कम्युनिष्टहरू को र अरू सर्वहारा-पार्टीहरू को तात्कालिक उद्देश्य एउटै हो, तमाम मजदूरहरूलाई एउटै वर्गको रूपमा संगठित



गर्नु, पूंजीवादी प्रभुत्व को तख्ता पल्टाउनु र सर्वहारा वर्ग द्वारा राजनीतिक सत्ता जितेर लिनु ।

कम्युनिष्ट को सैद्धान्तिक निचोड़ कुनै एउटा विश्व को भावी-सुधारक ले पत्तालगाएको या निकालेको विचारहरू र सिद्धान्तमा आधारित छैन ।

कम्युनिष्ट सिद्धान्तहरूले खालि आजकल चलिरहेको वर्ग संघर्षहरू तथा हाम्रै आंखा सामुन्ने घटिरहेको ऐतिहासिक संघर्षहरू बाट निबलेको व्यावहारिक सम्बन्धलाई आमरुपले व्यक्त गर्दछ । आजकल को सम्पत्ति सम्बन्धहरुलाई मिटाउनु कम्युनिज्म को विशेष लक्षण होइन ।

बितेको जमानाहरूमा ऐतिहासिक परिस्थितिहरूको परिवर्तनको फलस्वरूप भएको ऐतिहासिक परिवर्तनहरूले गर्दा तमाम सम्पत्ति सम्बन्धहरूमा बार बार परिवर्तनहरू आएका छन् ।

उदाहरणार्थ, फ्राँसको क्रान्तिले सामन्ती सम्पत्ति खतमगरी पूंजीवादी सम्पत्ति स्थापना गरेको छ ।

कम्युनिज्म को विशेष लक्षण आम रूपले सम्पत्तिनै खतम गर्ने नभै पूंजीवादी सम्पत्ति खतमगर्नु हो । तर आधुनिक पूंजीवादी निजी सम्पत्ति त उत्पादन गर्ने र उत्पादनलाई हडपने व्यवस्था को अन्तिम र सब भन्दा पूर्ण रूप हो, यो सम्पत्ति वर्ग विरोध र मुटठीभर द्वारा धेरै सारा माथि गरिने शोषण माथि आधारित छ ।

यस मानेमा, कम्युनिष्टहरू को सिद्धान्तलाई एउटै वाक्यमा भन्ने हो भने यसरि भन्न सकिन्छ, "निजी सम्पत्तिलाई खतम गर्नु ।"

हामी कम्युनिष्टहरू माथि आरोप लगाइन्छ कि हामीहरू स्वयम् आफ्नै मेहनत को फलस्वरूप प्राप्त हुने सम्पत्ति को अधिकारलाई खतम गर्न चाहन्छन्, कि हामी उनिहरू बाट त्यो सम्पत्ति प्राप्त गर्ने अधिकार खोस्न चाहन्छन्, जो नै तमाम व्यक्तिगत स्वतन्त्रता, क्रियाशीलता र स्वाधीनता को मूल आधार हो भनिन्छ ।

कडा मेहनत गरी कमाइएको, आफैले आपनो मेहनत द्वारा कमाएको सम्पत्ति । के तपाईहरू को मतलब ती निम्न कालिगढहरू

र सानातिना किसानहरू को सम्पत्ति बारे हो, जो पूंजीवादी युग भन्दा पहिलेको सम्पत्ति कोरूप हो? यसलाई नष्ट गर्नु कुनै जरूरि छैन। उद्योग-धन्धा को विकासले यसलाई पहिलेनै धेरै हद सम्म खतम गरिसकेको छ र अहिले पनि यसलाई दिन दिनै खतम गर्दै छ। अथवा तपाईं को मतलब आधुनिक पूंजीवादी निजी सम्पत्ति संग हो?

तर के मजदूरी कमाउने श्रम ले मजदूर को निम्ति पनि केहि सम्पत्ति पैदा गर्न शक्त छ? एक रत्ति पनि शक्तैन। यसले पूंजी को निर्माण गर्दछ, अर्थात् त्यस किसिम को सम्पत्ति निर्माण गर्दछ जसले मजदूरी कमाउने श्रम को शोषण गर्दछ, र जस्को बढ्ने एउटै शर्त हो कि यसद्वारा श्रम शोषण गर्न को निम्ति नया मजदूरी कमाउने श्रम उत्पन्न गरोस्। सम्पत्ति को आज को रूप पूंजी र मजदूरी-कमाउने-श्रम को बीच को अन्तर विरोधमा आधारित छ। हामिहरू यस अन्तरविरोध को दुवै पक्ष माथि जांच बूझ गरौं।

पूंजीपति वन्नु को माने विशुद्धरूपले उत्पादनमा व्यक्तिगत स्थान मात्र प्राप्त गर्नु नभै, सामाजिक स्थान पनि प्राप्त गर्नु हो। पूंजी सामुहिकरूपले उत्पादन भएको वस्तु हो, र समाजको धेरै सदस्यहरू को काम-कार्वाइले, होइन-होइन, अन्त सम्म गएर हेर्ने हो भने, समाज को सम्पूर्ण सदस्यहरू को संयुक्त काम-कार्वाईले मात्र चालु रहने कुरो हो।

यसै निम्ति पूंजी व्यक्तिगत होइन, सामाजिक शक्ति हो।

त्यसै कारण, जब पूंजी साजा सम्पत्ति, अर्थात् समाजको सम्पूर्ण सदस्यहरु को सम्पत्ति मा बद्लिन्छ, यसले निजी सम्पत्ति लाई सामाजिक सम्पत्तिमा बदल्दैन। यस्ले सम्पत्तिको सामाजिक चरित्रमात्र बदल्ने हो। यस्को वर्ग-चरित्र खतम हुन्छ।

अब हामी मजदूरी कमाउने श्रम माथि विचार गरौं।

मजदूरी कमाउने श्रम को सालाखाला मूल्य हो न्यूनतम मजदूरी अर्थात् ज्यूने साधन को त्यति मात्रा, जति मात्रा एक मजदूर लाई



मजदूर को रुपमा जिलाई सम्म राख्न लाई बिल्कुल जरूरि होस्। त्यसकारण एक मजदूरी कमाउने श्रमिकले आफ्नो परिश्रम द्वारा त्यतिनै पाउँछ जतिले उ बाँच्न सम्म सक्छ र सन्तान उत्पन्न गर्न सक्छ। हामिहरु कुनै हालतमा पनि यो श्रमको उत्पादनहरु बाट हुने व्यक्तिगत कमाई खतम गर्न चाहँदैनौं, जुन कमाई मनुष्य जीवन कायम राख्न र सन्तान उत्पन्न गर्न को निम्ति गरिन्छ र जस्बाट यस्तो बचत को कुनै सम्भावना छैन जुन बचतले अर्काको श्रम किन्न सकोस्। हामिले खतम गर्न चाहेको कमाई को त्यो दुःखद चरित्र हो, जस अन्तरगत मजदूर खालि पूंजी बढाउन को निम्ति बांच्दछ र उनलाई त्यहिं सम्म मात्र बाँच्न दिन्छ जहां सम्म शासक वर्ग को स्वार्थ पूरा गर्न को निम्ति यो जरूरत हुन्छ।

पूंजीवादी समाजमा जीवित श्रम (मजदूरहरु को श्रम) संचित श्रम (श्रम द्वारा बनेको माल सामान) बढाउने एक साधन मात्र हो। कम्युनिष्ट समाजमा संचित श्रम मजदूर वर्ग को जिन्दगी लाई व्यापक, सम्पन्न र उन्नत बनाउने साधन हो।

त्यसैकारण पूंजीवादी समाजमा वर्तमान (हाल चालु समय) माथि अतीत (बिते को समय) ले काबूराखेको हुन्छ। कम्युनिष्ट समाजमा अतीत माथि वर्तमान ले कब्जा जमाएको हुन्छ। पूंजीवादी समाजमा पूंजी स्वतन्त्र हुन्छ र यस्को अलग व्यक्तित्व हुन्छ, जबकि जीवित मनुष्य पराधीन हुन्छ, र उनिहरुको अलग व्यक्तित्व हुँदैन।

फेरि पनि पूंजीपति वर्ग को भनाई छ कि यस स्थितिलाई खतम गर्नु व्यक्तित्व र स्वतन्त्रतालाई खतम गर्नु हो। कुरा ठीक नै हो। यस्मा कुनै संदेह छैन कि यस्को उद्देश्य पूंजीवादी व्यक्तित्व. पूंजीवादी स्वतन्त्रता र पुंजीवादी आजादीलाई जड-मूल देखि खतम गर्नु।

उत्पादन को आजको पूंजीवादी स्थितिमा स्वतन्त्रता को मतलव हो स्वतन्त्र व्यापार, स्वतन्त्र खरीद-बिक्री।

तर यदि खरीद-बिक्री लोप भएर जान्छ भने स्वतन्त्र खरिद-बिक्री पनि लोप भएर जान्छ। हाम्रो पुंजीपति वर्ग को स्वतन्त्र खरिद-बिक्री को कुरा र आम स्वतन्त्रता बारे उनिहरुको ठुलठूला कुराहरुलाई

यदि मध्ययुग को कुण्ठित खरिद–बिक्री र मध्यकालिन युगको बंधनमा परेको व्यापारिहरु सग तुलना गर्नें हो भने कुनै माने राख्नछ, तर जब बिक्रीलाई खतम गर्न, उत्पादन को पूंजीवादी स्थितिलाई खतम गर्न र पूंजीपतिवर्गलाईनै खतम गर्ने कम्युनिष्टहरु को योजना को विरोधमा यी कुराहरु गरिन्छ यस्को कुनै मतलब रहन जांदैन।

तपाईहरु निजी सम्पत्ति खतम गर्ने हाम्रो विचार देखि तर्सनु हुन्छ। तर तपाइहरुको आजको समाजमा १० जनामा ९ जना जनता को निजी सम्पत्ति अघिनै खतम भैसकेको छ, ई १० जना मध्ये ९ जना को हातमा सम्पत्ति नहुनालेनै मुट्ठिभरको हातमा सम्पत्ति जमा हुन गएको हो। त्यसै कारण समाजको अत्यन्त विशाल बहुसंख्यक जनता को हातमा सम्पत्ति रहन नदिई वन्नगएको सम्पत्ति खतम गर्ने बिचार राख्यो भनि तपाईहरु हामिलाई कोश्नु हुन्छ।

एउटै शब्दमा भन्ने हो भने तपाईहरु हामिहरुलाई तपाईको सम्पत्ति खतम गर्न खोज्यो भनि कोश्नु हुन्छ। बिलकुल सही ! हाम्रो इरादा यही हो।

तपाई को भनाई हो जसै श्रमलाई पूंजी, पैसा अथवा किराया जस्तो एकाधिकार कायम गर्न सकिने कुनै सामाजिक शक्ति मा बदलन सकिन्न अर्थात् जसै निजी सम्पत्ति, पूंजीवादी सम्पत्ति, पूंजी मा परिणत गर्न सकिन्न त्यसबेला देखि, तपाईहरू भन्नु हुन्छ, व्यक्तित्व नै खतम भयो।

त्यसकारण. तपाईहरूले मान्नु पर्छ कि "व्यक्ति" भन्नाले तपाईको विचारमा पूंजीपति भन्दा अरू कुनै हुन शक्तैन, सम्पत्तिको मध्यम वर्गीय मालिक भन्दा अरू हुन शक्तैन। यस प्रकार को व्यक्तिलाई अवश्य बाटो बाट हटाउनु पर्छ, (यस्तो व्यक्तित्व को अस्तित्व लाई) असम्भव पारि दिनु पर्छ।

समाज को उत्पादनलाई उपभोग गर्न बाट कम्युनिज्म कसैलाई पनि वंचित गर्दैन, उसले बंचित गर्न चाहेको कुरो यो हो कि यस्तो कमाई बाट अर्काको परिश्रम को शोषण गर्ने शक्ति।

यो आपत्ति गरिन्छ कि निजी सम्पत्ति खतम गरियो भने सम्पूर्ण कामकाज बन्द हुनेछ र विश्व-व्यापी रूपमा आलस्य फैलिनेछ।



यदि यो कुरो सहि हो भने पूंजीवादी समाज आलस्यले गर्दा धेरै अगाडिनै रसातलमा धँसी जानु पर्थ्यो किन भने यस समाजमा जसले काम गर्छन् उसले त केहि पाउँदैन र सम्पत्ति जसको हातमा रहन्छ उनिहरुले काम गर्दैनन्। वास्तवमा यो पूरा तर्क यही गडबड़ घोटाला, को अर्को प्रमाण मात्र हो कि यदि पूंजी रहँदैन भने मजदूरी को व्यवस्था पनि खतम हुनजाने छ।

वस्तुहरु को उत्पादन र उपभोग गर्ने कम्युनिष्टहरु को तरिका को सम्बन्धमा जो आरोप लगाइएका छन्, उही आरोप उसै तरह बौद्धिक रचनाहरू को सृष्टि र उपभोग को कम्युनिस्ट तरिका को सम्बन्धमा पनि लगाइएको छ। जसरि वर्ग-सम्पत्ति लोप भएर गयो भने पूंजीपति वर्ग को नजर मा उत्पादन नै लोप भएर जान्छ उसै प्रकार उनिहरूको नजरमा वर्ग संस्कृति लोप भएर जानु सम्पूर्ण संस्कृति नै लोप भएर जानु बराबर हो।

त्यो संस्कृति, जो नाशहोला भनि उनिहरू रून-धून गर्छन्, असंख्य बहुसंख्यक जनता को निम्ति मेशीन जस्तै काम गर्ने तालिम मात्र हो।

तर हामीहरू संग झगडा गरेर कुनै फाइदा हुने छैन जब सम्म पूंजीवादी सम्पत्ति उन्मूलन गर्ने हाम्रो इरादा लाई तपाईहरू पूंजीवादी धारणा अनुसार आजादी, संस्कृति, कानून इत्यादि को मापदण्डले नाप्नु हुन्छ। तपाईहरुको विचार स्वयम् पूंजीवादी उत्पादन र पूंजीवादी सम्पत्ति को स्थितिहरू बाट निक्लेको हो, जसरि तपाई हरू को कानून केवल तपाईहरूको वर्ग को इच्छा मात्र हो जसलाई कानून बनाएर तपाईहरूले सबै माथि लाडिदिएकोछ। यो एउटा यस्तो इच्छा हो जस्को मूल चरित्र र दिशा तपाईहरू को वर्गको अस्तित्व को निम्ति आवश्यक स्थितिहरू द्वारा निर्धारित भएको हुन्छ।

जुन स्वार्थ पूर्ण भ्रम बस तपाईहरू को आफ्नो आधुनिक उत्पादन पद्धति र सम्पत्ति को स्वरूप बाट निक्लेको समाज व्यवस्था लाई—उत्पादन को प्रगतिको दौरान देखापर्ने र फेरि लोप भएर जाने ऐतिहासिक सम्बन्धहरूलाई—तपाईहरू प्रकृति र ज्ञान को सत्य सनातन व्यवस्था भन्नु हुँन्छ। यस्तो भ्रम केवल तपाईहरूको आफ्नो वर्ग को मात्रा

विशेषता होइन । तपाईहरू भन्दा पहिलेका अरू सबै शासक वर्गहरू (चाहे तिनिहरू सामन्त वर्ग हुन् अथवा दासका मालिक वर्ग हुन्) पनि यस्तै भ्रम को शिकार थिए। प्राचीन युग को सम्पत्ति व्यवस्था को सम्बन्धमा जुन कुरो तपाईहरू स्पष्ट संग मान्नु हुन्छ, सामन्ती जमाना को सम्पत्ति व्यवस्थाको सम्बन्धमा पनि जुन कुरो तपाईहरू स्वीकार गर्नु हुन्छ, तपाईहरूको द्वारा आफ्नो पूंजीवादी सम्पति व्यवस्था को संबन्धमा यो कुरो मान्नु तपाइहरूको निम्ति निश्चितरूपले अपराध मानिएको छ ।

परिवारलाई नाश गर्नु ! कम्युनिष्टहरू को यस बदनाम प्रस्ताव देखि त कट्टर भन्दा कट्टर उग्रवादी लाई पनि झोंक चल्छ ।

आजकलको परिवार, पूंजीवादी परिवार कुन आधारमा टिकेकोछ ? पूंजीमा, व्यक्तिगत फाइदामा। पूर्णरूपले विकसित रूपमा यस्तो परिवार पूंजीपति वर्गमा मात्र पाइन्छ। तर यस स्थिति को पूरक को रुपमा अर्कातिर हामि देख्तछौं कि मजदूरहरुमा परिवार भन्ने कुरो को नाम निशान पनि मिटेर गएकोछ र सार्वजनिक वेश्यावृत्ति देखा परेको छ ।

यस्को पूरक खतम भए पछि (अर्थात् मजदूरहरु को परिवार नहुने स्थिति खतम भए पछि र सार्वजनिक वेश्यावृत्ति खतम भए पछि) र दुबै कुरो निश्चयनै खतम भएर जाने छन् पनि, पूंजीवादी परिवार (पूंजी र व्यक्तिगत नाफामा आधारित परिवार) निश्चय पनि लोप भएर जानेछन् ।

के तपाईहरु हामिलाई माता-पिताहरु द्वारा केटा केटीहरु को शोषण रोक्न चाहने भनेर आरोप लगाउनु हुन्छ ? यदि यो अपराध हो भने यो अपराध स्वीकार गर्न हामी तैयार छौं ।

तर, जब हामिहरूले घरेलु शिक्षा को सट्टा सामाजिक शिक्षा दिन्छौं, तपाईहरूले भन्नेछन् कि हामीहरूले सब भन्दा पवित्र सम्बन्ध-लाई नाश गर्दै छन् ।

र तपाईहरू को शिक्षा ! के त्यो पनि सामाजिक नै होइन ? के त्यस्को स्वरूप तपाइहरुको सामाजिक स्थितिहरू द्वारा



निर्धारित गरिंदैन ? र के स्कूलहरू आदिको माध्यमबाट प्रतक्ष या अप्रतक्ष रूपले समाजको हस्तक्षेप हुँदैन ? समाजद्वारा शिक्षा संचालन गर्ने प्रथालाई कम्युनिष्टहरुले निकालेको होइन । कम्युनिष्टहरूले त खालि यस संचालन को रूप बदल्न चाहन्छन् र शिक्षालाई शासकवर्ग को प्रभाव बाट मुक्तगर्न चाहन्छन् ।

परिवार र शिक्षा, माता-पिता तथा बच्चाहरूको पवित्र सम्बन्ध को वारेमा पूंजीवादी शब्द-जाल, आधुनिक उद्योग कल-कार्खानाहरूको विकासले गर्दा अरू अझ बिभत्स र अरूचिकर हुन गएकोछ, किनभने यस विकासले मजदूरहरूको सबै पारिवारिक सम्बन्धहरूलाई छिन्न-भिन्न गरिदिएकोछ र उनिहरू को केटाकेटीहरूलाई सामान्य खरिद बिक्री को वस्तुहरू र श्रम को औजार म | रिणत गरि दिएकोछ ।

तर, पूंजीपतिवर्ग सब का सब एकै स्वरमा चिल्लाउँ छन् कि तिमि कम्युनिष्टहरूले त आईमाईहरूलाई समाज को साजा सम्पत्ति बनाइ दिन्छौ। (पूंजीपति वर्ग ले यस्तो किन भन्छन् ? यसको कारण के हो भने) पूंजीपतिवर्ग आफ्नो पत्नी लाई खालि एउटा उत्पादन को साधन सम्झन्छन्। उनिहरूले यो सुनि राखेको छ कि कम्युनिष्ट समाजमा उत्पादन को औजारहरुलाई सबैले साजारूपले उपयोग गर्ने छन्, र स्वभावतः उनिहरूले यो भन्दा अरू निचोड निकाल्न सक्तैनन् कि त्यस समाजमा आईमाईहरू पनि सबै को साजा सम्पत्ति हुने छन्।

उनिहरूले स्वप्नमा पनि यो स्वच्न सक्तैनन् कि हाम्रो मुख्य उद्देश्य हो आईमाईहरूलाई उत्पादन को औजार सम्झिने स्थिति लाई खतम गर्नु ।

कम्युनिष्टहरुले आईमाईहरूलाई खुलेआम र कानूनी तौर ले सबैको साजा सम्पत्ति बनाइ दिने छन् भन्ने झूठ कुरा गरेर हाम्रो पूंजीपतिहरू आफ़ुलाई ठूलो सदाचारी भन्थानेर रिसाउँछन्। तर वास्तवमा उनिहरू को यो रिस भन्दा हांसो लाग्ने कुरो अरु केहि छैन। कम्युनिष्टहरू लाई कुनै जरूरत छैन कि स्त्रीहरुलाई साजा सम्पत्ति बनाउन्। झन्दै अनादिकाल देखि नै यो प्रथा चलि आएको छ ।

हाम्रो पूंजीपतिहरु आफ्नो अधीनमा रहेको मजदूरहरू को बहु-

वेटीहरुको इज्जत लुटेर पनि सन्तुष्ट नभैं, वेश्याहरूको त कुरै छोडिदेऊँ, एक दोश्रो को पत्नीहरूलाई फकाउनु उनिहरूलाई विशेष मज्जा लाग्दछ ।

पूंजीवादी विवाह साच्चैं भन्ने हो भने साजा पत्नीहरूको एउटा व्यवस्था हो र यसरि ज्यादा से ज्यादा कम्युनिष्टहरू माथि यो आरोप लगाउन सकिन्छ कि उनिहरू यस आजकल को यो ढोंगपूर्ण र गुप्त प्रथा लाई खुला, कानूनी रूप दिन चाहन्छन् । बाकि यो कुरो स्वत स्पष्ट छ कि उत्पादन को आजकल को तरीका खतम भएर गए पछि, त्यस तरिकाले पैदा हुने स्त्रीहरू को साजा पत्नीत्व को स्थिति पनि मिटेर जानेछ, अर्थात् लुकी छिपीकन या खुले आम हर प्रकारको वेश्यावृति खतम भइ जानेछन् ।

कम्युनिष्टहरू माथि यो पनि आरोप लगाइन्छ कि उनिहरू देशहरू र जातिहरूको भेदभाव मिटाउन चाहन्छन् ।

मजदूरहरू को कुनै देश छैन । जुन कुरो उनिहरू संग छँदै छैन त्यसलाई उनिहरू संग कसले छिन्न सक्तछ? फेरिपनि मजदूरहरू एक मानेमा राष्ट्रवादीहुन् कारण, सब भन्दा पहिले उनिहरूले आपनो-आफ्नो देशमा नै आफ्नो राजनीतिक सत्ता कायम गर्नुछ । उनिहरूले आफ्नो देशको शासक वर्ग बन्नु छ, उनिहरूले स्वयं राष्ट्र बन्नु छ । तर यो राष्ट्रीयता पूंजीवादी राष्ट्रीयता भन्दा भिन्न छ ।

पूंजीवाद को विकास को साथ साथै, व्यापारिक स्वतन्त्रता ले गर्दा र साथै विश्व-बाजार ले गर्दा, समान प्रकारको उत्पादन को तरिकाले गर्दा यहि अनुकूल को जीवन स्थिति मा जातीय पृथकताहरू र जनताहरूको बीच को अन्तरविरोध दिनदुना रात चौगुना लोपभएर गइरहेका छन् ।

मजदूरवर्ग को शासन मा यो भेंद र आपसी विरोध झैं छिटो छिटो लोप भएर जानेछन् । सर्वहारा वर्गको मुक्तिको पहिलो शर्त कि कम-से-कम मुख्य-मुख्य सभ्य देशहरू को संयुक्त कारवाई होस् ।

जुन अनुपातमा एक व्यक्ति द्वारा अरु माथि को शोषण खतम हुनेछ, उहि अनुपातमा एक राष्ट्र द्वारा अरु राष्ट्र माथि को शोषण



को अन्त हुन्छ । एक राष्ट्र भित्र जुन अनुपातमा वर्गहरुको बीच अन्तर विरोध लोप भएर जानेछ, उही अनुपातमा एक राष्ट्र को अर्को राष्ट्र संग दुश्मनी खतम भएर जानेछ ।

कम्युनिष्ट को विरोधमा बाकि अरु धार्मिक, दार्शनिक र आम-तौरले विचारधारात्मक दृष्टिले जुन अभियोगहरु लगाइएका छन् तिनिहरु माथि गम्भीरतापूर्वक विचारगर्न लायक किसिम को छैन ।

के यो जान्नु को निम्ति कुनै अन्तर्यामी हुने जरुरत छ कि मानिसको भौतिक अस्तित्व को स्थितिहरु, उनको सामाजिक सम्बन्धहरु र उन्को सामाजिक जीवन को हरेक परिवर्तन को साथै उन्को विचार, उस्को दृष्टिकोण र अवधारणाहरुमा, एउटै शब्दमा भन्ने हो भने उस्को चेतनामा परिवर्तन आउँछ ?

मानवीय विचारको इतिहासले यस बाहेक के अरु कुनै साबित गर्छ कि जुन अनुपातमा भौतिक उत्पादन को रुपमा परिवर्तन हुन्छ उही अनुपातमा उस्को बौद्धिक उत्पादन को रुपमा पनि परिवर्तन हुंदै जान्छ? हरेक युगमा शासक वर्ग को विचार नै आ-आफ्नो युगको प्रचलित विचार रहेर आएको छ ।

जब मानिसहरूले समाजलाई क्रान्तिकारी ढङ्गले परिवर्तन गर्ने विचार बारे कुरा गर्दछन्, उनिहरूले यस तथ्य लाइनै व्यक्त गरेकाछन् कि पुरानो समाज भित्र नया समाज को बिउ बन्न लागेको छ र जीवन को पुरानो परिस्थितिहरू पुरानो विचारहरू को साथ साथै लोप भएर जान्छ ।

पुरानो दुनिया खतम हुन लागको बेला, ( पाश्चात्य देशा मा ) पुरानो धर्मलाई ईसाई धर्मले हराईदियो । अठारहवीं शताब्दिमा जब बुद्धिवादीहरू को अगाडि ईशाई धर्मको विचारले हारखाए त्यस-वेला क्रान्तिकारी पूंजीपतिवर्ग को विरोधमा भएको जीवन-मृत्यु को लडाईमा सामन्ती समाज हारिसकेको थियो । धार्मिक स्वतन्त्रता र अंतस्करण को स्वतन्त्रता को कुराहरूले खालि यो कुरोलाई नै जाहेर गरिरहेको थियो कि ज्ञान को क्षेत्रमा स्वतन्त्र प्रतियोगिता को बोलबाला चलिसकेको थियो ।

९. कृषि कार्य लाई उद्योग धन्धा संग मिलाई दिनु । देश को जन-संख्या लाई समानरूपले बाँटेर शहर र देहात (गाउँ पहाड़) को वीच को भेद लाई क्रमशः मेटाउनु ।

१०. सार्वजनिक स्कूलहरूमा सम्पूर्ण बालकबालिकाहरू को निम्ति मुफ्त शिक्षा को इन्तजाम गर्नु । आज चलेको रूपमा केटा-केटीहरूलाई कार्खानाहरूमा काम गराउने प्रथा खतम गर्नु । शिक्षा लाई औद्योगिक उत्पादन संग मिलाउनु इत्यादि इत्यादि ।

विकास क्रम को दौरान, जब वर्ग विभेद मेटिने छ, र सम्पूर्ण उत्पादन सम्पूर्ण राष्ट्र को विशाल संगठन को हातमा केन्द्रित हुने छ, तव सार्वजनिक सत्ता को आफ्नो राजनीतिक चरित्र खतम हुनेछ । राजनीतिक सत्ता, यस शब्द को असली अर्थमा, खालि एक वर्ग द्वारा अर्को वर्ग माथि उत्पीडन गर्ने संगठित शक्तिको नाउँ हो । पूंजीपति वर्गको विरोधमा आफ्नो संघर्ष को दौरान, परिस्थितिले मजबूर भएर, सर्वहाराहरूले यदि आफुलाई एक वर्ग को रूपमा संगठित गर्नु पर्छ, र यदि क्रान्ति द्वारा उनिहरूले स्वयम् आफुलाई एक शासक वर्ग बनाई लिन्छ भने, र यसरि उत्पादन को पुरानो स्थितिहरुलाई जवरदस्ती अन्तगरिदिन्छ भने ती स्थितिहरू को साथ साथै त्यो वर्ग-विरोधहरु को अस्तित्व र आमतौरले, खुद वर्गहरु को अस्तित्व को स्थितिहरू खतम गरि दिनेछ र यसरि एक वर्ग को रूपमा स्वयं आफ्नो प्रभुत्व पनि खतम गर्ने छ ।

तव वर्गहरू र वर्गविरोधहरू को साथ साथै पुरानो पूंजीवादी समाज को ठाउँमा, हामी यस्तो एउटा संगठन पाउँने छौं जसमा हरेक को स्वतन्त्र विकास सबैको स्वतन्त्र विकास को शर्त (आधार) हुनेछ ।

# III

# समाजवादी र कम्युनिष्ट (साम्यवादी) साहित्य

## (१) प्रतिक्रियावादी समाजवाद

### क-सामन्ती समाजवाद

आफ्नो ऐतिहासिक स्थितिले गर्दा आधुनिक पूंजीवादी समाज को विरोधमा पर्चा लेख्नु फ्रांस र वेलायत को अभिजात वर्ग को एक प्रकारको पेशा नै भएर गयो । १८३० को फ्रांस को क्रान्तिमा र वेलायत को सुधार आन्दोलनमा ई अभिजातवर्ग ले फेरि एक पटक ती नया देखा परेको पूँजीपतिहरूको अगाडि घूँडा टेक्नु पर्‍यो जसलाई उनिहरू आफुभन्दा नीच र घृणित सम्झन्थे । त्यसै कारण, उनिहरू द्वारा कुनै जवर्दस्त राजनीतिक संघर्ष गर्ने सवालै थिएन । केवल साहित्यिक लडाइ सम्भव थियो । तर साहित्यिक क्षेत्रमा पनि पुरानो सामन्ती समाजलाई फर्काएर ल्याउने बेलाको पुरानो नाराहरू लगाउनु असम्भव भइसकेको थियो ।

आफुतिर सहानुभूति उत्पन्न गर्न को निम्ति, अभिजात वर्ग का मानिसहरूले आफ्नो स्वार्थहरू बिर्सेर पठाउने स्वाङ्ग रच्नु परयो, पूंजीपति वर्ग को विरोधमा शोषित मजदूर वर्ग को हितमा मात्र अभियोग लगाउनु परयो । यसरि ई ठुलठूला सामन्तहरूले आफ्नो नया मालिकहरू को बिरोधमा व्यंगात्मक काव्यहरूको गीत गाएर, उनिहरुको कानमा उनिहरू माथि आइपर्ने भयानक सर्वनाश को डर लाग्दो भविष्यवाणी कानाफुसी गरेर वदला लिए ।

सामन्ती समाजवाद को उत्पति यसरि भयो, केहि रोई-कराई,

केहि व्यङ्गात्मक तीर चलाएर, केहि पुरानो वितेको जमानाको कुराहरू याद दिलाएर, केहि भविष्यको भय देखाएर, वेला-वेलामा आफ्नो कड्वा व्यंगपूर्ण र तीखो आलोचना द्वारा पूंजीपतिहरुको मुटु भित्रै सम्म चोट गरेर, तर हर बखत आधुनिक इतिहास को गतिलाई थम्याउन नशक्ता हरबखत हांसो लाग्ने गरी असफल भएर ।

यी अभिजातवर्ग ले जनतालाई आफुतिर भेला गर्न को निम्ति सर्वहारा भीख को झोली लाई आफ्नो झण्डा को रूपमा उडाए । तर जनताले जति पतक उनिहरू को साथ दिए जनताले देखेकि उनिहरू को पिठ्यूंमा पुरानो सामन्ती अभिजात बंश को चिह्नहरु लागेका छन् र जनताले अनादरका साथ खित्काछोडी हांसेर उनिहरुलाई छोडेर गए ।

"फ्रेन्च लेजिटिमिष्टस्" ( फ्रान्स को कानूनि अधिकारवादीहरु ) को एक अङ्ग र "योङ्ग इङ्गलैण्ड" (तरुण वेलायत) ले यहि तमाशा देखाए ।

उनिहरू को शोषण को तरिका पूंजीपतिवर्गको शोषण को तरिका भन्दा बेग्लै छ भन्ने कुरा देखाउँदा सामन्तहरूले यो कुरो बिर्सन्छन् कि उनिहरूले अब पुरानो परिसकेको बिल्कुल भिन्न परिस्थितिहरू र अवस्थाहरूमा शोषण गर्दछ । उनिहरूको राजमा, आजकलको सर्वहारा कहिल्यै थिएन भन्ने कुरो देखाउँदा, उनिहरू बिर्सन्छन् कि आजकलको पुंजीपतिवर्ग उनिहरूको आफ्नै समाज को आवश्यक उपज हो ।

वाकि, आफ्नो आलोचना को प्रतिक्रियावादी चरित्रलाई उनिहरू ले यति कम मात्रामा लुकाउँछन् कि पूंजीपतिवर्ग को विरोधमा उनिहरू

१—"द लेजिटिमिष्टस्" ( यो पार्टी उच्च घराना को सामन्ती जमीन्दारहरु को पार्टी हो, जसले बोर्बोन बंशलाई पुनस्थापना गर्ने प्रचार गरे ।"

२—"योङ्ग इन्ग्लैण्ड" बेलायत को कट्टर पन्थी हरूको एक दल-ठुलठूला नबाबी सामन्तहरू र राजनीतिको मानिसहरू र साहित्यकारहरू को यो पार्टी १८४२ मा बनेको हो । इनिहरू मध्ये प्रमुख व्यक्तिहरू हुन्, दिज्रेली, टामस कार्लाइल र अरूहरू ।



को मुख्य आरोप यो हो कि पूंजीवादी व्यवस्था मा यस्तो एउटा वर्ग को विकास हुँदैछ, जसले पुरानो समाजको शाखा हांगा सहित जरै काटि दिने छ ।

पूंजीपतिवर्ग माथि उनिहरू को लाञ्छना यो होइन कि यसले सर्वहारावर्गलाई पैदा गरिरहेको छ, उनिहरू को खास लाञ्छना हो कि यसले क्रान्तिकारी सर्वहारा को निर्माण गर्दछ ।

राजनीतिक व्यवहारमा, त्यसैकारण, तिनिहरूले मजदूरवर्गको विरूद्ध गरिने हर प्रकारको दमनकारी कार्यवाईहरूमा भागलिन्छन्, र साधारण जीवनमा उनिहरूले ठूलठूला डिङ्ग हांकेता पनि, उद्योग को कल्पवृक्ष बाट खसेको सुवर्णफलहरू टिप्नको निम्ति, र ऊन, चीनी, र आलु बाट बनेको स्पिरिटहरू (रक्सी इत्यादि) को व्यापार को निम्ति उनिहरू सत्य, प्रेम र सम्मान को सौदा गर्न को निम्ति हरवखत तयार रहन्छन् ।

जसरि पुरोहितहरू र जमीन्दारहरूले हर बखत एक दोश्रो को साथ दिएर आएको छ. उस्तै पुरोहितसमाजवाद र सामन्ती-समाजवादले एक दोश्रोको साथ दिएर आएकोछ ,

ईसाई संन्यासवादलाई समाजवाद को रङ्ग दिनु भन्दा सजिलो केहि छैन, के ईसाई धर्मले निजी सम्पति, विवाह र राज्य को विरोध गरेर आएको छैन ? के यस्ले ई सबको सट्टा दानशील तथा दरिद्र जीवन बिताउने, शारीरिक कष्ट सहने र संन्यासी जीवन बिताउने र गिर्जाघर-माई को शरण लिने उपदेश दिंदैन ? ईसाई-समाजवाद केवल त्यो पवित्र जल हो जसलाई छर्केर पादरी-पुरोहितहरूले अमीर-सामन्त-हरूको जलेको हृदयलाई शान्त गर्छन् ।

## ख– निम्न पूंजीवादी समाजवाद

सामन्ती अमीर उमरावहरूलाई मात्र पूंजीवाद ले नष्ट गरेको होइन, त्यहि मात्र एउटा वर्ग होइन, जस्को अस्तित्व को स्थिति नै आधुनिक पूंजीवादी समाज को आवहवामा ठिचेर नष्ट भएको थियो । मध्ययुगिन् शहरको सुविधा प्राप्त नागरिकहरू र सानातिनाजमीन को मालिक किसानहरू नै आधुनिक पूंजीपतिवर्गको पुर्खाहरू थिए । ती

शहरहरू, जहाँ औद्योगिक तथा व्यापारिक दृष्टिले कुनै खास विकास भएको छैन, यी दुवै वर्गहरू उठदो पूंजीपति वर्ग संग संगै पहिले पनि निस्क्रय रूपले जीवितैछन् ।

तर ती देशहरू, जहां आधुनिक सभ्यता को पूरा विकास भइ सकेकोछ. एक नया वर्ग–निम्न पूंजीपतिवर्ग को जन्म भएकोछ, जो सर्वहारा वर्ग र पूँजीपति वर्ग को बीचमा कहिले यता कहिले उता भइरहन्छ र पूंजीवादी समाज को एक पूरक अङ्ग को रूपमा नया नया देखा परि रहन्छन् । तर, यस वर्गको सदस्यहरू व्यक्तिगत रूपले, होडको चक्कीमा पिसीएर निरन्तर रूपले सर्वहारावर्गमा खस्दै गइरहेका छन्, र जसो जसो आधुनिक उद्योगले विकास गर्दै जान्छ उनिहरूले त्यो समय पनि नजदिक आई रहेको देखनेछन् जब उनिहरू आधुनिक समाज को स्वतन्त्र अङ्गको रूपमा पूर्णरूपले खतम भएर जानेछन् र यस्को सट्टामा उनिहरु कल-कार्खानाहरू, खेती र व्यापार को क्षेत्रमा सानातिना काम को देखरेख गर्नेहरू, दलालहरू र दुकान-कर्मचारीहरु को रूपमा बदल्नेछन् ।

फ्रान्स जस्तो देशहरूमा जहां को जन संख्या मा आधा भन्दा बढता किसानहरू छन् यो स्वाभाविक हो कि ती लेखकहरू जसले पूंजीपति-वर्गको विरोधमा सर्वहारावर्ग तिरलागे, उनिहरूले पूजीवादी व्यवस्था को आलोचना गर्दा, किसान र निम्न पूंजीवादीहरूको मापदण्डलाई प्रयोग गरेर यी बीच को वर्गहरू को दृष्टिकोण अपनाएर मजदूर वर्गको पक्षमा आवाज उठाउन् । यसरिनै निम्न पूंजीवावी समाजवाद को जन्म भएको थियो । फ्रान्समा मात्र होइन, बेलायतमा पनि यस मतको नेता सिस्मोण्डी थियो ।

समाजवाद को यो मत मान्नेहरूले आधुनिक उत्पादन व्यवस्था को अन्तरविरोधहरूलाई मिहीन तरिकाले छान बीन गरयो । यस्ले अर्थ शास्त्रीहरू को ढोंगपूर्ण तर्कलाई पर्दाफाश गरयो । मेशीनहरू को उपयोग र श्रम-विभाजन को विनाशकारी फल, मुट्ठीभर मानिसहरू को हातमा पूंजी र भूमि केन्द्रित हुन जानु, अति-उत्पादन र (अर्थ) संकट, ई सबै कुरोहरू लाइ उनिहरुले अकाट्य रुपले प्रमाणित गरयो । उनिहरूले निम्न-पूंजीपति बर्ग (सानातिना पूंजीपति वर्ग) र किसानहरू (यस पूंजीवादी व्यवस्थामा) निश्चितरूपले बर्बाद हुनेछ भन्ने कुरो, सर्वहारावर्गको दुर्दशा, उत्पादनमा अराजकता, धन को वितरण (बंटवारा) मा घोर असमानता, विभिन्नराष्ट्रहरूको बीचमा एकले अर्कालाई खतम गर्न को निम्ति हुने औद्योगिक युद्ध, पुरानो नैतिक बन्धनहरु, पुरानो पारिवारिक सम्बन्धहरू र पुरानो जातीयताहरु टुटदै जाने छन् भन्ने कुरोलाई स्पष्ट संग देखाए ।



तर, आफ्नो खास उद्देश्य को रुपमा, यस किसिम को समाजवाद (निम्न पूँजीवादी समाजवाद) ले यो चाहन्छ कि यात उत्पादन र बिनिमय (लेनदेन, खरीद बिक्री), को पुरानो साधनहरु र साथै सम्पत्ति को पुरानो सम्बन्धहरु र पुरानो समाज लाई नै फर्काइयोस् अथवा उत्पादन र विनिमय को आधुनिक साधनहरुलाई पुरानो सम्पत्ति सम्बन्ध को सांचामा नै ढालि देवस्, जुन सम्बन्धहरु लाई उपरोक्त साधनहरूले नष्ट गरेको थियो अथवा निश्चित रूपले नष्ट गर्नेछ । दुवै हालतमा यो कुरो प्रतिक्रियावादी र काल्पनिक हो ।

उनिहरूको अन्तिम सलाह हो, उद्योगधन्धा चलाउन को निम्ति मालिक काडिगडहरू को सघ बनोस्, कृषिमा पितृ-सत्तात्मक सम्बन्ध कायम् रहोस् ।

अन्तमा, जब जबर्दस्त ऐतिहासिक तथ्यहरूको चोटले आत्म-वंचना को सारा नशा उतारिदियां, यस प्रकारको समाजवाद बिना बादल आकाशवाट खसेको बज्रले खतम गरे झैं अकस्मात् खतम भयो ।

## ग–जर्मन अथवा 'सच्चा' समाजवाद

फ्रान्स को सोशलिष्ट र कम्युनिष्ट साहित्य, शासन को वाग्दोर हातमा भएको पूँजीपति वर्गको दवाव मा पैदा भएको हो र यो साहित्य यस शक्ति को विरुद्ध भइ रहेको संघर्षको अभिव्यक्ति हो । यो साहित्य जर्मनीमा त्यसवेला प्रचारमा ल्याइएको थियो जब तहां को पूंजीपति वर्गले सामन्ती एकतन्त्री हुकूमत को विरुद्ध भरखर शुरूनै गर्न थालेको थियो ।

जर्मन दार्शनिकहरु, भावी दार्शनिकहरु, र साहित्य मा रुचि भएको

मानिसहरूले त्यस साहित्यलाई उत्सुकताका साथ अपनाई लिएको थियो । तर जुनबेला यो साहित्य फ्राँसबाट जर्मनीमा आएको थियो उनिहरूले यो बिर्सो कि यस साहित्यको साथ साथै फ्रांसको स्थितिहरू वहाँ आएको थिएन । (अर्थात् फ्रान्समा पूंजीवादी व्यवस्था थियो भने जर्मनमा सामन्ती हुकूमशाही व्यवस्था नै चलिरहेको थियो) (यसै कारण) जसै फ्रान्सीसी साहित्य को जर्मनीको सामाजिक परिस्थितिहरू को सम्पर्क मा आयो यो फ्रान्सीसी साहित्य को सारा तात्कालिक व्यावहारिक महत्व खतम हुन गयो र यसको महत्व खालि साहित्य सम्म नै सीमित हुन गयो । यसै निम्ति १८वीं सदीको यी जर्मन दार्श-निकहरू को मनमा लाग्यो कि पहिलो फ्राँसीसी क्रान्तिको मांगहरू वास्तवमा सर्व साधारण "व्यावहारिक बुद्धि" को माँगहरू मात्र थिए, र उनिहरुको नजरमा फ्राँसको क्रान्तिकारी पूंजीपति वर्गको इच्छा को अभिव्यक्ति उनिहरू को नजरमा, विशुद्ध इच्छा को नियमहरू मात्र थियो, जुन इच्छा शाश्वत इच्छाको, सहिमानेमा सम्पूर्ण मानवीय इच्छाको अभिव्यक्ति थियो ।

जर्मन साहित्यकारहरु को काम यो थियो कि फ्रांस को नया विचार-हरुलाई आफ्नो प्राचीन दार्शनिक विचार संग मिलाउनु, अर्थात् आफ्नो परम्परागत दार्शनिक बिचार नछोडिकन त्यसैमा फ्रांस बाट आएको विचार मिलाई दिनु ।

मिलाउने काम त्यसै प्रकारले भयो जसरि एक विदेशी भाषा लाई उल्था गरेर मिलाइन्छ । सबैलाई थहा भएको हो कि ईसाई सन्त-महन्तहरूले कसरि पुरानो (विभिन्न मूर्तिपूजक) जङ्गली धर्म ग्रन्थहरुको पान्डुलिपिहरू माथि क्याठलिक सन्तमहन्तहरूको सिल्ली-जीवनी (सिल्ली कुरोहरूले भरेको जीवनी) लेख्ने गर्थे । धर्म निरपेक्ष फ्रांस को साहित्य को सम्बन्धमा जर्मन साहित्यकारहरूले यहि काम उल्टाएर गरे । फ्रेञ्च मूल ग्रन्थ को मनि उनिहरूले आफ्नो अन्त-सन्त दार्शनिक लेख लेखे । उदाहरणार्थ, मुद्रा को आर्थिक कार्यबारे फ्रेन्च आलोचना को मुनि, उनिहरूले "मानवता को बहिष्कार भयो" भन्ने लेखे लेखे, र पूंजीवादी राज्य माथि फ्रेन्च आलोचना को मुनि उनिहरूले लेखे, "सर्वसाधारण



श्रेणी को हात बाट राजसत्ता छिनिएकोछ" इत्यादि, इत्यादि ।

फ्रेञ्च ऐतिहासिक आलोचनाहरू को पछाडि यसै किसिमको दार्श-निक शब्दजाल को पुच्छर जोडेर उनिहरूले "कार्य दर्शन", सच्चा समाजवाद बारे जर्मन दर्शन" "समाजवाद को दार्शनिक आधार" इत्यादि शब्दादम्बर ले भरेको नाउँहरू दिए ।

यसरि फ्रेञ्च समाजवादी र कम्युनिष्ट साहित्यलाई बिल्कुल शक्तिहीन बनाइ दिए । र यस्ले जर्मनहरूको हातमा एक वर्गको विरोधमा अर्को वर्ग को संघर्ष लाई व्यक्त गर्न छोडेर उनिहरूले यो भन्थाने कि उनिहरूले "फ्रेञ्चहरू को एक तर्फी पन" माथि विजय प्राप्त गरेका छन् र सही आवश्यकता को होइन, सत्य को आवश्यकता लाई र सर्वहारा बर्ग को हित होइन. मानवताको हितलाई प्रतिनिधित्व गरेका छन्, सम्पूर्ण मानवको प्रतिनिधित्व गरेका छन्, जो कुनै एक वर्ग को होइन र जो कुनै वास्तविक अस्तित्व नभएको र खालि हवाई दार्शनिक कल्पना-जगत को प्राणि हो ।

यो जर्मन समाजवाद. जस्ले स्कूलको बच्चाहरूले झैं आफ्नो कार्य-लाई यतिको गंभीरता र श्रद्धा को साथ ग्रहण गरेको थियो र आफ्नो निरर्थक कुरोहरूलाई ठुलठूला आवाज ले प्रचारगर्दै थियो, विस्तार विस्तारै यस्को त्यो पाण्डित्यपूर्ण निर्दोष लोप भएर गयो ।

सामन्ती अमीर-उमराव र निरंकुश राजसत्ता को विरुद्ध जर्मनको खासगरी प्रशियाई पूंजीपतिवर्ग को संघर्ष, अर्को शब्दमा, उदारवादी आन्दोलन, अझ तीव्र हुँदै गयो ।

यस्ले गर्दा ती 'साँच्चैको' समाजवादीहरूलाई एउटा यस्तो अवसर मिल्यो जस्लाई उनिहरूले धेरै दिन देखि प्रतिक्षा गरिरहेको थियो । उनिहरुलाई आफ्नो समाजवादी माँगहरू राखेर राजनीतिक आन्दोलन को सामना गर्ने मौका मिल्यो । उदारतावाद, प्रतिनिधि सरकार, पूँजीवादी प्रतियोगिता समाचारपत्रहरूको पुंजीवादी स्वतन्त्रता र समानता इत्यादिलाई उनिहरुको आफ्नो परम्परा अनुसार विरोधगर्ने मौका उनिहरूलाई मिल्यो र जनतामा यो प्रचारगर्ने मौका पायो कि यस पूंजीवादी प्रजातांत्रिक आन्दोलन बाट उनिहरूलाई केहि प्राप्त हुने

छैन र हर प्रकारको नोक्सान नै हुने छ। जर्मन समाजवाद ले ठीक समयमा यो बिर्स्यो कि फ्रेञ्च आलोचना आधुनिक पंजीवादी समाज, यस अनुसार को आर्थिक स्थिति र यही अनुसार को राजनीतिक विधान पहिलेनै स्थापना भई सकेको छ भन्ने कुरो मानेर गरिएको हो र यसै कारण जर्मन समाजवादीहरु को आलोचना फ्रेञ्च आलोचनाको बहुलापन्थी प्रतिध्वनि मात्र भन्न सकिन्छ। उनिहरूले यो बिर्से कि यी कुरो हरू जर्मनीमा अब आउँदो संघर्ष को लक्ष हुन्, जसलाई प्राप्त गर्नु बाकि नै छ।

जर्मन समाजवादीहरु को ई आलोचनाहरुले निरंकुश सामन्ती तानाशाही सरकारहरु र उनिहरुको पछिलाग्ने पादरिहरु, प्रोफेसरहरु गाउँघरको धनीमानीहरू र नोकरशाहहरू को निम्ति खतरनाक पूंजी-पतिहरु को विरोधमा लडन को निम्ति स्वागत योग्य बुँख्या (खेतमा काग, सांढे इत्यादि न आवस् भनि खडा गरिएको नकली मान्छेहरु) को काम दियो। ई कुराहरु यही सरकारहरूले ठीक त्यसबेला जर्मनको विद्रोही मजदूरहरूलाई तीतो कोर्रा र गोली ख्वाई सकेपछि चताइऐको गुलियो गोली थियो।

यो 'सच्चा' समाजवादले यसरि एकातिर तहांको सरकारलाई पूंजीपतिहरुको विरोधमा लडने हतियार को काम दियो भने अर्कातिर यसले सीधै प्रतिक्रियावादी स्वार्थ, जर्मन को अधकच्चा मानिसहरु को स्वार्थ प्रतिनिधित्व गरयो। जर्मनीमा निम्न-पूंजीपतिवर्ग, जो सोलहवीं शताब्दि को अवशेष थियो र जो त्यसबेला देखि बराबर विभिन्न रूपमा देखापरिहेको थियो, नै त्यहाँको बर्तमान अवस्था को वास्तविक सामाजिक आधार हो।

यस (निम्न पूंजीपति) वर्गलाई सुरक्षित राख्नु को मतलब हो जर्मनमा आज को स्थितिलाई सुरक्षित राख्नु। पूँजीपति वर्गको बढदो औद्योगिक र राजनीतिक प्रभूतामा, एकातिर पूंजीको केन्द्रीकरण र अर्कातिर क्रान्तिकारी सर्वहारा वर्गको उदयले गर्दा, यस्को विनाश निश्चित छ। यो दुवै चिडियाहरूलाई एउटै झटारोले मार्नको निम्ति नै 'सच्चा समाजवाद' निक्लेको हो। यो महामारी जस्तै फैलियो।



जर्मन समाजवादीहरूले आफ्नो विचारा "शाश्वत सत्यहरू" को कंकाललाई अनेक काल्पनिक भावरूपी माकुरोको जाल को पोशाक लगाइ दिए, यस पोशाक माथि अलंकारिक भाषा को फुलहरूले सजाइदिए, र यसलाई रोगग्रस्त भावुकता को शीतकणहरू मा डुबाए। यस अभूतपूर्व पोशाक लगाएको कंकाल रूपी शाश्वत सत्य बजारमा ल्याउँदा, के भन्ने, यस्तो ग्राहकहरू को बीच यो मालको खूब बिक्री भयो।

आफ्नो तर्फबाट, जर्मन समाजवादीहरूले निम्न पूंजीवादी अधक-च्चाहरूको आडम्बरपूर्ण प्रतिनिधि हुने आफ्नो पेशालाई झं झं अंगाल्न थाले।

जर्मन समाजवादीहरूले घोषणागरे कि जर्मन राष्ट्र नै आदर्श राष्ट्र हो र जर्मन को अधकच्चाहरू (कुवांको भ्यागुटाहरु) नै आदर्श मानव हो। यस आदर्श मामव को हरेक अपराधपूर्ण नीचतालाई उनिहरूले एक रहस्यमय, ऊँचा, समाजवादी व्याख्या दिए, जुन कुरो यस्को सही चरित्रको बिल्कुल उल्टो थियो। आखिरमा, उनिहरू कम्युनिज्मलाई "पाशविक विनाशकारी" प्रवृत्ति भनी सीधै विरोधगरी तमाम वर्ग संघर्षहरू प्रति आफ्नो घन-घोर र आँखा चिम्ली कन घृणा गर्ने हद सम्म पुगे। जर्मनीमा आजकल (१८४७) समाजवादी र कम्युनिष्ट साहित्य को नाउंले जुन कुरोहरू को प्रचार गर्दैछ, त्यसमध्ये केहि छोडेर बाकि सब का सब यस्तै फोहोर र उत्साह र शक्ति क्षीण गर्ने किसिम को साहित्य☐ हुन्।

## २—कट्टरपन्थी या पूँजीवादी समाजवाद

पूंजीवादी समाजलाई चिरस्थायी बनाउन को निम्ति पूंजीपतिवर्ग को एक अङ्गले समाज को खराबीहरू हटाउन चाहन्छन्।

☐ सन् १८४८ को क्रान्तिकारी तुफान ले यी सबै गण्दा प्रवृत्ति लाई साफ गरि दियो र यस्को समर्थकहरु को समाजवाद माथि छेडकि राख्ने ईच्छालाई दूर गरिदियो। यस प्रवृत्तिको प्रमुख र प्रतिष्ठित प्रतिनिधि हर कार्ल ग्रून थियो। (१८९० को जर्मन संस्करण मा एंगेल्स को टिप्पणी)

अर्थशास्त्रीहरू (पूंजीवादी अर्थशास्त्रीहरू) दाताहरू (दानदिने दाताहरू), मानवतावादीहरू मजदूरवर्ग को जीवन स्थितिमा सुधार चाहने (सुधारवादीहरू), परोपकारीहरू (मुफ्तमा लत्ता, कपडा बांटने संगठन को संस्थापकहरू), प्राणीहरू माथि निर्दयता रोक्ने समाजको सदस्यहरु, मद्यपान विरोधी प्रचारकहरु, हर प्रकार को साता-तिना सुधारकहरु—सबै यस श्रेणीमा आउंछन्। यस बाहेक, यस प्रकारको समाजवाद एक पूर्ण प्रणाली को रुपमा देखा परेको छ।

यस को उदाहरण स्वरूप प्राउढ़ों को "दरिद्रता को दर्शन" (Philosophie de la Mise're) पेश गर्न सकिन्छ।

समाजवादी पूंजीपति वर्ग आधुनिक सामाजिक स्थितिहरू बाट हुने संघर्षहरू र आपतहरू नझेलिकन यसबाट हुने सबै फाइदाहरू उठाउन चाहन्छन्। उनिहरू क्रान्तिकारी तथा बिघटनकारी तत्वहरू नभएको आधुनिक (पूंजीवादी) समाज व्यवस्था चाहन्छन्। उनिहरू सर्वहारावर्ग नभएको पूंजीपति वर्ग चाहन्छन्। पूँजीपतिवर्ग स्वभावतः यस्तो विश्व चाहन्छन् जहां आफु सर्वेसर्वा र सर्वोच्च रहोस्, ताकि उनिहरू आफु सबभन्दा राम्रो बन्न सकोस्। पूंजीवादी समाजवादले यही सुविधापूर्ण धारणालाई कम-बेसी पूर्ण सामाजिक पद्धतिहरू को रूपमा विकास गर्छन्। यस्तो व्यवस्था चलाउन को निम्ति सर्वहारा वर्ग चाहिएको हुँदा, र यहिं बाट सामाजिक नया जेरुजेलम (पूण्य भूमि) मा सीधै पुग्न को निम्ति उनिहरूलाई साच्चैनै यो चाहिएको छ कि सर्वहारा-वर्ग आजको समाजकोपरिधि भित्र नै रहनुपर्छ, तर यस्ले पूंजीपति वर्ग बारे आफ्नो घृणित विचारहरू त्यागनु पर्छ।

यस समाजवाद को अर्को अरू व्यावहारिक रूप यो हो कि हरेक क्रान्तिकारी आन्दोलन मजदूर वर्ग को दृष्टिमा नीचा गिरि जाउन्, र यसै निम्ति उनिहरूले खालि राजनीतिक सुधारहरु द्वारा होइन बरू आर्थिक सम्वन्धहरूमा सर्वहारावर्ग को जीवन को भौतिक स्थितिमा परिवर्तन ल्याएर नै उनिहरुलाई केहि फाइदा हुन सक्ने छ भन्ने कुरो देखाउँछन्। सर्वहारा वर्ग को जीवन को भौतिक स्थितिहरूमा परिवर्तन भन्नाले पुँजीवादी समाजवादले उत्पादनको पूंजीवादी सम्बन्धहरुलाई



खतम गर्ने भनेको होइन, जसलाई क्रान्तिद्वारा मात्र खतम गर्न सकिने छ, बरु उनिहरूको मतलब हो ई सम्बन्धहरूलाई चिरस्थायी बनाएर इनै सम्बन्धहरूमा आधारित प्रशासकीय सुधारहरू द्वारा, त्यसै कारण पूंजीबादी समाजबाद ले चाहेको यस्तो सुधारहरू हुन् जसद्वारा पूंजी र श्रम को सम्बन्धहरूको बीच कुनै असर पार्न छैन, परन्तु ज्यादा से ज्यादा, पूंजीवादी सरकारको प्रशासनिक कार्यलाई संजिलो पार्ने छ र यस्को खर्च कम गर्ने छ।

पूंजीवादी समाजवादले समाजवाद बारे सबभन्दा ज्यादा त्यसैबेला चर्चा गर्छ, जब यो कुरा-कानी सम्बनै सीमिति रहने छ।

मुक्त-ब्यापार, मजदूरवर्ग को फाइदाको निम्ति। संरक्षण कर: मजदूरवर्ग को फाइदा को निम्ति। जेलसुधार: मजदूरवर्ग को फाइदा को निम्ति। पूंजीवादी समाजवाद को यही अन्तिम बोली हो जसलाई उनिहरु अलि गम्भीरता का साथ ध्यान दिएर व्यवहारमा ल्याउन चाहन्छन्।

यी सब कुरोहरू को सार यस वाक्यान्समा व्यक्त हुन्छ: पूंजीपति मजदूर वर्ग को फाइदा को निम्ति पूंजीपति।

## ३. आलोचनात्मक-काल्पनिक समाजवाद र कम्युनिजम

हामिहरू यहां त्यस्तो साहित्य को चर्चा गरि रहेका छैनौं, जसले हरेक ठुलठूला आधुनिक क्रान्तिमा, हरबखत सर्वहारा वर्ग को मांगहरू लाई लिएर आवाज उठाएकाछन्, जस्तो कि बाब्योफ र अरूहरूको लेखहरू छन्।

व्यापक रूपले क्रान्तिकारी उत्तेजना फैलिरहेको बेलामा, जब सामन्ती समाज उखेलिंदै थियो, सर्वहारावर्ग को आफ्नो लक्ष प्राप्त गर्ने पहिलो सीधा प्रयास निश्चित रूपले फेलभयो। कारण थियो सर्वहारावर्ग को अविकसित अवस्था र साथै उनिहरूको मुक्ति को निम्ति चाहिने आर्थिक स्थिति को अभाव, जुन स्थिति अझ तयार गर्नु बाँकि नैछ र जसलाई आउने पुंजीवादी युगले मात्र उत्पन्न गर्न सकथ्यो पनि। सर्वहारावर्ग को यी पहिलो आन्दोलनहरू संग संगै

निस्लेका क्रान्तिकारी साहित्यको निश्चित रुपले प्रतिक्रियावादी चरित्र थियो । यस्ले व्यापकरुपमा संन्यासीवाद सबभन्दा कोरा रूपमा समाजमा जबर्दस्ती समानीकरण को भावना फैलाउने काम गर्‍यो ।

सेन्टसाइमन, फुरिएर, ओवेन र अरूहरुको साच्चैनै तथा कथित समाजवादी र साम्यवादी पद्धतिहरू, मजदूर र पुंजीपति वर्ग को बीच शुरू शुरुमा भएको संघर्ष को वेला निस्लेको हो । जसबारे माथिनै वर्णन गरिसकेको छ । (हेर्नुहोलाः घोषणा पत्र को अध्याय १: पुंजीपति र मजदूर) ।

ई पद्धतिहरूको प्रवर्तकहरुले, निश्चितरूपले, आज प्रचलित समाजमा वर्गहरू को बीच को अन्तर्विरोध र साथैं ह्रासिदै गइरहेको तत्वहरुको कार्य देखेका थिए । तर सर्वहारावर्ग, भर्खरै जन्मेको हुँदा, उनिहरूको नजरमा यो एउटा यस्तो वर्ग थियो जस्को कुनै ऐतिहासिक पहल कदमी हुन शक्तैन अथवा जस्ले कुनै स्वतन्त्र राजनीतिक आन्दोलन गर्न शक्तैन ।

उद्योग को विकास को साथ साथैं नै वर्ग विरोध पनि विकास हुने हुंदा, उनिहरूले देखेको आर्थिक स्थितिले त्यसवेला सम्म उनिहरूलाई सर्वहारावर्ग को मुक्ति को निम्ति भौतिक स्थिति दिएको थिएन । त्यस्कारण तिनिहरूले ई स्थितिहरू निर्माण गर्ने एक नया समाज विज्ञान, नया सामाजिक नियमहरू को खोजी गरे ।

उनिहरूले चाहे कि उनिहरूले आविस्कार गरेको कार्य अनुसार ऐतिहासिक कार्य भंजावस्, ऐतिहासिक रूपले निर्माण हुने मुक्तिको स्थान को काम उनिहरुको कपोल-कल्पित परिस्थितिहरुले पुरा गरुन्, मजदूरहरु को विस्तार विस्तारै आफ से आफ बन्ने वर्ग संगठन को ठाउँ ई आविस्कर्ताहरुले विशेषरूपले बनाए जस्तो समाज को संगठनले लेवस । उनिहरू को विचारमा, भावी इतिहास उनिहरूले चाहेको सामाजिक योजनाहरू अनुसार उनिहरू को प्रचार र व्याबहारिक कार्यले बन्ने छ ।

उनिहरूले योजनाहरु बनाउँदा सबभन्दा बढ़ता दुःखपाएको वर्ग भएको हुँदा मजदूरवर्ग को स्वार्थलाई मुख्यरूपले ध्यानदिने चेतना



उनिहरूले लिएका छन् । उनिहरूको विचारमा सबभन्दा दुःख पाएको वर्ग को हैसियतले नै सर्वहारावर्ग को अस्तित्व रहेको छ ।

वर्ग संघर्ष को अविकसित स्थिति साथै उनिहरुको आफ्नो आसपासको वातावरण को कारण यस प्रकारको समाजवादीहरू आफुलाई सबै वर्ग विरोधहरू भन्दा ज्यादै माथि उठेको सम्झन्छन् । उनिहरु समाजको सबै सदस्यहरुको चाहे त्यो सबभन्दा सुविधाप्राप्त व्यक्तिनै किन नहोस् स्थिति सुधार्न चाहन्छन् । यसै निम्ति आफ्नो आदत अनुसार उनिहरूले हर वखत वर्गको कुनै भेद नगरिकन सम्पूर्ण समाजलाई आह्वान गर्दछन् । यतिमात्र होइन, उनिहरुले खासगरी शासकवर्गलाई आह्वान गर्दछन् । किन भने, उनिहरू यो सोच्छन् कि यो कसरि हुन शक्तछ कि उनिहरुको प्रणालीलाई सम्झे पछि समाज को सबभन्दा उत्तम व्यवस्था को निम्ति सब भन्दा उत्तम योजना को रूपमा यसलाई मानिसहरुले स्वीकार नगरुन् ?

यस निम्ति, तमाम राजनीतिक र खासगरी तमाम क्रान्तिकारी आन्दोलनलाई उनिहरू नामन्जूर गर्दछन्, उनिहरु आफ्नो उद्देश्य शान्तिपूर्ण तरिकाले प्राप्त गर्न चाहन्छन् र सा-साना प्रयोगहरु, जो अवश्यम्भावी रूपले फेल हुन्छ, र व्यवहारिक उदाहरणहरु द्वारा आफ्नो नया सामाजिक संदेश को सफलता को निम्ति बाटो साफ गर्ने कोशिश गर्छन् ।

भावी समाजको बारेमा यस्तो अनहोनी (हुन न सक्ने) तस्वीर यस्तो समयमा बनाइएको थियो जब सर्वहारावर्ग धेरै नै अविकसित अवस्थामा थियो र उनिहरू आफ्नो बारेमा एक अनहोनी धारणा राख्तथ्यो । यस्तो धारणा समाजको आम पुनर्निर्माण को निम्ति त्यस वर्ग को प्रथम भोला भाला आकांक्षाहरु को अनुरूप नै थियो ।

तर ई समाजवादी र कम्युनिष्ट प्रकाशनहरूमा आलोचनात्मक तत्त्व पनि थियो । इनिहरूले वर्तमान समाज को हरेक सिद्धान्त माथि प्रहार गर्थे । यसै निम्ति इनिहरु मजदूरवर्ग को जागृति को निम्ति अत्यन्त मूल्यवान् पदार्थहरूले भरेका छन् । इनिहरुमा भावी समाज को निम्ति जो पनि व्यावहारिक प्रस्तावहरू पेशगरिएका छन्—जस्तोकी

शहर र देहात को भेद मेटाउने, वर्तमान पारिवारिक व्यवस्था मिटाउने उद्योग-धन्धाहरु केहि व्यक्तिहरू को निजी फाइदा को निम्ति चलाउने प्रथा र मजदूरीको प्रथा खतम गर्ने, सामाजिक मेल-मिलाप को घोषणा गर्ने, राज्य ले आजकल गरिआएको कामको बदला केवल उत्पादनको देखभाल को काम गराउने—यी सब प्रस्तावहरूले वर्ग-विरोधहरू खतम गर्ने कुरा नै गर्दछ, जुन वर्ग विरोध त्यसवेला भरखरै देखिन लागे को थियो र ई प्रकाशनहरूमा, ई वर्ग विरोधहरू को भरखरै शुरू भएको, अस्पष्ट र अविकशित रुपहरु को परिचय पाइन्छ। यी सब प्रस्तावहरू यसै निम्ति खालि काल्पनिक हो।

ऐतिहासिक विकास संग को सम्बन्धमा आलोचनात्मक काल्पनिक समाजवाद र कम्युनिज्म को महत्व बिल्कुल उल्टो छ। जसो जसो आधुनिक बर्ग संघर्ष विकास गर्ने छ र निश्चित रुप लिनेछ, उसो उसो यस संघर्ष बाट दूर रहने र संघर्षको बिरोध गर्ने मूर्खतापूर्ण कुरोहरू को सारा व्यावहारिक महत्व र सैद्धान्तिक औचित्य पनि खतम भएर जान्छ। फलस्वरुप ई पद्धतिहरू को प्रवर्तकहरू धेरै हद सम्म क्रान्तिकारी भएता पनि उनिहरूको चेलाहरू प्रतिक्रियावादी गुटहरूमा बँटेर रही गयो। उनिहरू मजदूरवर्गको ऐतिहासिक प्रगतिको विरोधमा आफ्नो गुटहरू को पुरानो विचारहरू संग तांसिएर रहे। यसै निम्ति उनिहरु हर वखत वर्ग संघर्षलाई रोक्ने र वर्गहरू को अन्तर-विरोधमा सम्मझौता गराउने कोशिश गर्छन्। उनिहरु अहिले सम्म आफ्नो काल्पनिक सामाजिक व्यवस्थाहरूलाई प्रयोगात्मक रूपमा चरितार्थ गर्ने प्रचलित समाज वाट अलग गएर 'फलांस्तेर' खडा गर्ने, धरहरू को कलोनी (Home colonies)खडा गर्ने। एक नया 'सानो इकारिया' खडा गर्ने—नया जेरूसलम को पकेट संस्करण—कायम गर्ने सपना देख्दछन्, र ई सबै प्रकार को हवाई किलाहरू लाई व्यावहारिक रूप दिन को निम्ति उनिहरूले पुंजीपतिवर्ग को सद्भावना हरू जगाएर उनिहरू को थैलीहरू को भरोशामा पर्न करै लाग्छ। विस्तार विस्तारै उनिहरू पनि प्रतिक्रियावादी रूढीवादी समाजवादीहरुको तहमा पुगे, जसवारे माथि नै वर्णन गरि सकेको छ। फरक यति हो कि उनिहरु



भन्दा इनिहरु को पाण्डित्याई बढता व्यवस्थित छ र इनिहरू आफ्नो सामाजिक विज्ञान को चमत्कारपुर्ण असरमा बढता कट्टर र अन्ध-विश्वासपूर्ण भरोशा राख्त छन्।

त्यसै कारण इनिहरू मजदूर-वर्ग को राजनीतिक संघर्ष को हिंसात्मक तौरले विरोध गर्दछन्। र उनिहरू को विचार अनुसार यस्तो सघर्ष त्यसै वेल हुन सक्तछ जब उनिहरू को नया दिव्य-सन्देश मा बिल्कुल अविश्वास भएको होस्।

वेलायत मा ओवेनपंथी चार्टीष्टहरूको र फ्रांसमा फूरेरिष्टहरू सुधारवादिहरूको विरोध गर्दछन्।

---

@'फांलाँस्तेर' चार्लस् फूरिये को योजनामा आधारित समाजवादी बस्तिहरू हुन्। कावेले आफ्नो कल्पना-नगरीलाई "इकारिया" भन्ने नाउँ दिएको थियो र पछिगएर अमेरिका को कम्युनिष्ट बस्तीलाई पनि इनिहरूले यही नाम दियो। (१८८८ को अंग्रेजी संस्करणमा एंगेल्स को नोट)

ओवेन ले आफ्नो आदर्श कम्युनिष्ट सोसायटीहरूलाई "गृह-बस्ती हरू" भन्द थे। "फालांस्तेर" ती सार्वजनिक महलहरू को नाउँ थियो जस्को योजना फूरियेले बनाएको थियो। "इकारिया" त्यस कल्पना-नगर लाई भनिन्थ्यो जस्को कम्युनिष्ट संस्थाहरू को चित्रण कावेले गरेको थियो। (१८८० को जर्मण संल्करण मा एंगेल्स को नोट)

# IV

# आजकल को विभिन्न विरोधी पार्टी-हरूको सम्बन्धमा कम्युनिष्ट-हरू को स्थिति

दोश्रो अध्यायमा मजदूरवर्ग को आजकल को अरु पार्टीहरु संग कम्युनिस्टहरु को सम्बन्ध स्पष्ट गरिसकेकोछ, जस्तो कि वेलायतमा चार्टिस्टहरु संग, अमेरिकामा आग्रेरियन रिफार्मरहरु (कृषि सुधारकहरु) संग को सम्बन्ध ।

कम्युनिष्टहरु मजदूरहरुको तात्कालिक मांगहरुलाई लिएर लडछन्, उनिहरूको तात्कालिक हितहरू को रक्षा को निम्ति प्रयत्न गर्दछन् । तर हाल तत्काल को आन्दोलनहरू गर्दा उनिहरुले यस आन्दोलन को भविष्य को पनि प्रतिनिधित्व गर्दछन् र यस प्रति सजग रहन्छन् । फ्रान्समा रूढीवादी र उग्रवादी पूंजीपतिहरू को विरोधमां कम्यूनिष्ट-हरू समाजवादी-प्रजातन्त्रवादिहरू संग एका कायम गर्दछन्, तर यसो गर्दा उनिहरू महान क्रान्ति को वेला देखि परम्परागत तरिकाले चलि आएको लफ्फाजी र भ्रमहरू को प्रति आलोचनात्मक रुख अपनाउने आफ्नो अधिकारलाई सुरक्षित राख्त छन् ।

स्विट्जरलैण्डमा उनिहरुले राडिकलहरू को समर्थन गर्दछन्, तर यस कुरोलाई कदापि बिर्सदैन कि यो पार्टी परस्पर-विरोधी तत्वहरू मिलेर बनेको छः त्यसमा कुनै त फ्रान्स को किस्मको जनवादी समाज-वादी छन् र कुनै उग्रवादी पूंजीवादी छन् ।



पोलैण्डमा कम्युनिष्टहरू ले त्यस पार्टी को समर्थन गर्छन् जसले कृषि क्रान्तिलाई राष्ट्रीय स्वतन्त्रता को पहिलो शर्त को रूपमा ग्रहण गर्छन् र जस्ले १८४६ मा क्रेको विद्रोह को आगो सल्काए को थियो ।

जर्मनीमा जब जब तहां को पूंजीपतिवर्ग ले निरंकुश राजतन्त्र, सामन्ती जमीनका मालिकहरू र निम्न पूंजीवादीहरू को विरोधमा क्रान्तिकारी संघर्ष गर्दछन्, तब तब उनिहरू तिनिहरू संग मिलेर लडद छन् ।

तर कम्युनिष्टहरू ले मजदूरवर्गलाई सर्वहारा वर्ग र पूंजीपतिवर्ग को बीचको शत्रुतापूर्ण अन्तर-विरोध लाई यथासम्भव स्पष्ट भन्दा स्पष्ट रुपले सम्झाउने कुरोमा एक क्षण पनि रूवर्दैन, ताकि जर्मन मजदूरहरू ले त्यस सामाजिक र राजनैतिक अवस्थाहरुलाई, जस्लाई पूंजीपतिवर्गले आफ्नो प्रभूत्व को संग संगै अनिवार्यरूपले लागु गर्ने छ, तुरन्त पूंजीपतिवर्गको विरुद्ध अनेक हथियारहरू को रूपमा प्रयोग गर्न सकुन्, ताकि जर्मनीमा प्रतिक्रियावादी वर्ग को तख्ता उल्टन को तुरन्त पछि स्वयम् पूंजीपति वर्ग को विरोधमा तुरन्त लडाई शुरू गर्न सकुन् ।

कम्युनिष्टहरूले खास गरि जर्मनीमा यस् निम्ति ध्यान दिन्छन् कि त्यस देशमा छिटै पूंजीवादी क्रान्ति हुनेवाला छ, जुन क्रान्ति अनिवार्यरूपले यूरोपको सभ्यता को अधिक उन्नत अवस्थाहरु मा, वेलायत को सत्रहवीं शताब्दी र फ्रान्स को अठारवीं शताब्दी को तुलनामा उनिहरु भन्दा एउटा अत्यन्त उन्नत सर्वहारा वर्गलाई लिएर हुने छ, र यसै निम्ति पनि विशेष ध्यान दिन्छन् कि जर्मन को यो पूंजीवादी क्रान्तिले त्यस्को पछि तुरन्तै हुने सर्वहारा क्रान्ति को भूमिका को काम गर्ने छ ।

संक्षेपमा, कम्युनिष्टहरू सबै ठाउँमा आजकल को सामाजिक र राजनीतिक व्यवस्था को विरोधमा हुने हर क्रान्तिकारी आन्दोलनको समर्थन गर्दछन् ।

ई सबै आन्दोलनहरूमा उनिहरुले हर आन्दोलनमा प्रमुख सवाल को रूपमा सम्पत्तिको सवाललाई अगाडि बढाउँछन्, चाहे त्यसवेला त्यो देश चाहे जतिसुकै कम या ज्यादा विकास भएको किन नहोस् ।

अन्तमा, उनिहरुले हर देशको प्रजातान्त्रिक पार्टीहरू को बीच एकता र सम्झौता गराउने प्रयास गर्दछ ।

कम्युनिष्टहरू आफ्नो विचारहरू र उद्देस्यहरू लुकाउनु घृणित सम्झन्छन् । उनिहरू खुलेआम घोषणा गर्दछन् कि उनिहरू को उद्देश्य हरूको प्राप्ति वर्तमान समाज व्यवस्थालाई बलपूर्वक खतम गरेर नै हुन सक्नेछ । कम्युनिष्ट क्रान्ति को डरले शासक वर्गहरूलाई कांप्न देउ । मजदूरहरू संग हार्न को निम्ति आफुलाई बांधेको सिक्रीहरू बाहेक अरु केहि छैन । जीत्न को निम्ति उनिहरू को अगाडि सारा संसार छ ।

संसार को तमाम श्रमिक जनता एक हौं !

मार्क्स र एंगेल्स ले दिसम्बर १८४७
र जनवरी १८४८ मा लेखेको ।

फ़ेब्रूअरि १८४८ मा लन्डनमा
सर्वप्रथम छापेको ।

———

मुद्रक :
युगीन प्रिण्टर्स, १७३५/३, कोटला मुबारकपुर,
नई दिल्ली-११०००३